सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष २४ • अंक १५ • FRIDAY, 24 A • काठमाडौं शुक्रबार, भदौ ०८, २०७५ • पृष्ठ ३२ • मूल्य रु. १५/-




गाईजात्रा विशेष

# वाह ! उस्ताद वा !

पृष्ठ २२ मा


papaya wash

JOY
beautiful by nature



PAPAYA WASH द्वारा
अनुहारको चायाँपोतो तथा
चिपचिपपन भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।

अनुष्का शर्मा
एक्ट्रेस




Instant Fairness GLOW | Anti POLLUTION | HRS 24 Skin Glow & Purifying

## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | घामपानी | च्यानल | हाइलाइट्स नेपाल |
| २ | नयाँ घरमा सुतेका अशोक | च्यानल | तातो खबर |
| ३ | गाइने दाजैले | च्यानल | डेडिकेट फ्रेसन |
| ४ | पोखरामा अनौठो चोरी | च्यानल | फलानो टि.भी. |
| ५ | नेपाल आइडल-२ | च्यानल | नेपाल आइडल |
| ६ | पेटीकोटको पैसा | च्यानल | न्यूज २४ नेपाल |
| ७ | द कार्टुन्ज क्रू | च्यानल | कार्टुन्ज क्रू |
| ८ | हिमालयन रोडिज-२ | च्यानल | हिमालयन रोडिज |
| ९ | मेरी बस्सै भाग-५६३ | च्यानल | मिडिया हब |
| १० | प्रहरी माथि मुक्का | च्यानल | आर एण्ड मोसन |

## फोटो अफ दि विक



■ **हट पोज** : बिकिनी पोजमा मोडल रेनुका सिंह क्षेत्री ।



गाईजात्रा महोत्सव-२०७५ को पहिलो तस्विर @धाराको उद्घाटन गर्न हेलिकप्टरको सवारी । (नोट : सञ्जालमा यस्तो कुरा आयो । कुरोको चुरो के हो ? आज दिनभरिमा सम्बन्धित जनप्रतिनिधि, सम्बद्ध राजनैतिक पार्टी वा आधिकारिक व्यक्तिबाट यथार्थ जानकारी उपलब्ध गराउनु होला अन्यथा थप गाईजात्रे कारबाही गरिनेछ !), मनोज गजुरेको वालबाट ।


मिसन कोरिया स्पेसल Class पनि
होस्टल सहित नयाँ Class मा भर्ना खुल्यो ।
EPS र Student Visa दुबै मा ज्वाइनकिने
Ox-Bridge Nepal
Educational Consultancy Pvt.Ltd
Chabahil, Kathmandu, Nepal
9851109932, 9826703832





बच्चाले बिगारेको मोबाइल बनाउन सकिन्छ, तर मोबाइलले बिगारेको बच्चा बनाउन सकिँदैन या त मुस्किल हुन्छ । त्यस्तै देशले बिग्रिएको राजनीति बन्न सक्छ वा राजनीतिले बिगारेको हाम्रो देश बन्न सक्दैन होला- प्रसंग नेता प्रवृत्ति ।

**प्रकाश पन्त**



सुगम पोखरेल र प्रमोद खरेल, चर्चित गायक, मेरा प्रिय भाइहरू । ऐले सुगमले सुगम पोख र प्रमोदले प्रमोद ख मात्र लेख्न थालेछन् । मैले किन यसो गरेको भाइ भनेर सोध्दा दुवैले एकै स्वरमा जवाफ दिए : दाइ सरकारलाई रेल चाहियो रे भनेर हामी दुवैको थरमा भएकाले रेल चैं सरकारलाई दिएको रे हा हा हा... । (गाईजात्रा २०७५)

**शैलेन्द्र सिम्खडा**



■ **सुटिङ** : चलचित्र द म्यान फ्रम काठमाडौंको छायांकनस्थलमा बलिउड अभिनेता गुल्सन ग्रोवर तथा अभिनेता अमिर गौतम ।



■ **सांगीतिक हस्ती** : अमेरिकामा भेला भएका गायकहरू जगदीश समाल, सत्यराज आचार्य, स्वरुपराज आचार्य, रामकृष्ण ढकाल तथा बाबु बोगटी ।



शेरेले धेरै नै पिएछ, अनि एक्कासि उ त रुन थालेछ । धुर्मुसे : किन रोएको ? शेरे : जुन युवतीलाई बिर्सन पिएको थिएँ, उसैको नाम याद आइरहेको छैन- प्रसंग गाईजात्रा-२०७५ ।

**नवराज खतिवडा**



अन्य देशमा पढाइ हुन्छ : चन्द्रमामा कसरी घर बनाउने ? अनि हाम्रो देशमा : पृथ्वीनारायणले नेपालको एकीकरण गरेका थिए । घाँसीले घाँस बेचेर कुवा खनाए । अनि खोया बन्छ देश ।

**दिनेश ठकुरी**



यो मायाको सागर मिलेर तरौंला, तिमी हुन्छ भन जेसुकै गरौंला, के यो माया हो ? तर, यो कस्तो माया हो । कामना कार्टुन : गाईजात्रा ओलिपानिक ।

**राजु बोगटी**



जात्रामा रमाएको छ मेरो देश, थरिथरिका अनुहार थरिथरि भेष, भैंसीमा सवार यमराज जस्ता नेता, संसदमा सधैं गर्छन् गाईजात्रा, यो देशमा बहुलट्ठी नेताहरूको शून्यमा फरिसक्यो विवेकको मात्रा । ३६५ दिन नै मञ्चन गरिन्छ यहाँ गाईजात्रा ।

**बिम्मी कालिन्दी शर्मा**



गाईजात्रा पनि बन्द गराउने भए कि के हो ?

**केदार सुवेदी**



अनि छ नि त्यो कामना भन्ने पत्रिकाले गाईजात्रे अंक निकालेछ, मुलुकी ऐन लाग्छ कि लाग्दैन त अब कि गाईजात्रामा छुट छ भन्ने हो भने देशमा कहिलेदेखि कहिलेसम्म गाईजात्रा परेको छ, भेउ नै पाउँदिन म त । नाइँ-नाइँ एउटा कुरो नि ।

**काग दाइ**

मंगल होस्





# गोरूज्यूका दुईवटा कथा

मनोज गजुरेल

गाईजात्राको उपलक्ष्यमा सबैलाई शुभ कामना प्रदान गर्दै प्रस्तुत छन्, गाईसम्बन्धी दुईवटा रमाइला प्रसंग : कथा एक । पहिलो पटक अमेरिका जाँदाको प्रसंग हो । मित्र नारायण अधिकारीले 'अमेरिकन फुड' टेस्ट गराउँछु भन्दै एउटा रेस्टुराँमा पुऱ्याए । कथा दुई । कलाकार राजन काफ्ले सानै थिए । उनको छिमेकमा न्वारानको कार्यक्रम थियो । गाउँका केटाकेटीसँगै उनी पनि न्वारान खान छिमेकमा पुगे ।

बाबु, दूध कहाँबाट आउँछ ?' मैले सोधें । 'दूध पकेटमा आउँछ अंकल ।' उसले उत्तर दियो । 'दही कसरी बन्छ ?' फेरि सोधें । 'दूधलाई फ्रिजमा राखेपछि बन्छ ।' फेरि उत्तर आयो । दूध, दही, घिउ, चिज, पनिर, खीर, पेडा, मिठाई सयौं पदार्थको जननी दूध, तर त्यो दूध कसरी आउँछ भन्ने कुरा हामी बिस्तारै बिर्संदैछौं ।

पसलबाट किनेर ल्याएको दूध खाँदा जति मीठो हुन्छ त्यति नै मिठो त्यसको कथा छ । तपाईं हाम्रो ग्लासमा आएको दूधको कथा त्यसलाई सरल ढंगले पिएजस्तो सजिलो छैन ।

ग्लासमा दूध आइपुग्न गौमातामा प्रसव पीडादेखि लिएर किसानको बलियो परिश्रम लागेको हुन्छ । गौमातामा पोसिलो घाँस ख्वाउने प्रकृति, स्याहार सुसार गर्ने, दूध दुहुने किसान, बजार पुऱ्याउने परिवार, प्याकिङ गर्ने व्यापारी, एकाबिहानै घरघरमा पुऱ्याउने रिटेलर... यी सबैलाई धन्यवाद दिनुपर्छ दूध खानेले ।

गाईजात्रा हाँस्ने र हँसाउने माध्यम मात्र होइन, गाईको प्राकृतिक, सांस्कृतिक एवं धार्मिक महत्व सम्झने दिन पनि हो । त्यसैले गाईजात्राको उपलक्ष्यमा सबैलाई शुभ कामना प्रदान गर्दै प्रस्तुत छन्, गाईसम्बन्धी दुईवटा रमाइला प्रसंग :

कथा एक । पहिलो पटक अमेरिका जाँदाको प्रसंग हो । मित्र नारायण अधिकारीले 'अमेरिकन फुड' टेस्ट गराउँछु भन्दै एउटा रेस्टुराँमा पुऱ्याए । अधिकांश ग्राहक विदेशी नै थिए । नारायणले एक जना गोरा वेटरलाई बोलाएर केही अर्डर गरे ।

एकछिनपछि ठूलो ट्रेमा 'लञ्च' आयो । त्यसमा मासुका ठूल्ठूला पिस थिए । मलाई शंका लाग्यो, 'के-को मासु हो ?' वेटरले भन्यो, 'बिफ !' हत्तपत्त हटाउँदै मैले भने, 'बिफ ?' साथीले वेटरलाई भने, 'हामी बिफ खान्नौं, नो बिफ प्लिज ।'

वेटरले मासुका सबै आइटम फिर्ता लिएर गयो । हामी मुखामुख गर्न थाल्यौं । धन्न बाँचियो भन्दै हाँस्न थाल्यौं । केही क्षणमा वेटर फेरि आयो । फरक प्रकृतिका, हेर्दै खाऊँ-खाऊँ लाग्ने मासुका पिस ल्याएर अगाडि राखिदिए । हामीसँग गएको तेस्रो साथी साह्रै भोकाएको रहेछ । मासुको एउटा पिस खायो । 'मिठो रहेछ, के को मासु हो ?' उसले वेटरसँग सोध्यो । वेटरले अंग्रेजीमा भन्यो, 'तिमीहरूले गोरुको मासु नखाने भन्यौ, त्यसैले बाच्छाको मासु ल्याइदिएको ।'

कथा दुई । कलाकार राजन काफ्ले सानै थिए । उनको छिमेकमा न्वारानको कार्यक्रम थियो । गाउँका केटाकेटीसँगै उनी पनि न्वारान खान छिमेकमा पुगे ।

न्वारानको सबै कर्म सकिएपछि चोख्याउने कार्यक्रम हुन्छ । आँगनमा गाउँभरिका केटाकेटी भेला भएका थिए । पुरेतले केटाकेटीलाई गहुँत (गौमाताको पिसाब) हातहातमा बाँड्न थाले । सबै केटाकेटी तँछाडमछाड गर्दै गहुँत थाप्दै थिए । राजनजी पहिलो पटक गहुँतको स्वाद चाख्दै थिए ।

हातमा गहुँत थापे । यसो बाटोतिर लागेर गहुँत सुँघे । त्यति मीठो लागेन । सबैले खाई रहेको देखेपछि खानै पर्ने माने । बाटोमा निस्किएर थोरै गहुँत जिब्रोको टुप्पोमा लगाए, नमीठो लाग्यो । उनले गहुँत हातबाट फाल्दिए र त्यो हात पछाडि लगेर पुछपाछ पारे ।

त्यही बेला एउटा गोरु उनको नजिकै आयो । उनलाई सुँघ्यो । उनी भाग्न खोज्दै थिए, गोरुले राजनजिको त्यो इलाकामा आफ्नो नाक पुऱ्यायो जहाँ भर्खरै उनले गहुँतसहितको हात पुछेका थिए । त्यसपछि के भयो होला आफैं बुझ्नुहोस् । राजनजी अघिअघि, गोरु पछि-पछि भाग्न थाले । राजनजी अहिले पनि भन्छन्– गोरुले मलाई खेदेर घरसम्मै पुऱ्याएको थियो ।



# मिस नेपाल युएस

चिकित्सा क्षेत्रकी दिलाशा न्यौपानेले टेक्सासको प्लानो सहरमा आयोजीत मिस नेपाल युएस-२०१८ को उपाधि जितेकी छिन् । गत आइतबार प्लानो सहरको द ग्रान्ड सेन्टरमा सम्पन्न प्रतिस्पर्धामा २४ वर्षीया न्यौपानेले आफना १६ जना प्रतिस्पर्धीलाई पछि पारेकी थिइन् । अध्ययन सकेर न्युयोर्क सहरमा इन्टर्नसिप गरिरहेकी न्यौपाने अर्को वर्ष न्युरो सर्जन बन्नेछिन् ।

पुरानो बानेश्वर, काठमाडौंकी न्यौपानेले नेपालको स्वास्थ्य क्षेत्रमा समेत काम गर्ने योजना बनाएकी छिन् । उपाधिसँगै उनले मिस एकेडेमी एक्सिलेन्स तथा पर्सनालिटीको उपाधिसमेत प्राप्त गरिन् । फेसन डिजाइनर क्षीतिजा शाक्यले तयार पारेका नेपाली संस्कृति झल्कने पहिरन लगाएर प्रतियोगीहरू ऱ्याम्पमा उत्रिएपछि मिस नेपाल युएसको प्रतिस्पर्धा प्रारम्भ भएको थियो । पप गायक निमा रुम्बाले मिस क्याटवाक गीत प्रस्तुत गरेपछि प्रतिस्पर्धीहरू फ्युजन राउन्ड, टप टेन र टप फाइभ हुँदै विजेता घोषणासम्म पुगेका थिए । प्रतियोगितामा टेक्ससमा बसोबास गर्दै आएकी पोशा घर्ती थापाले फस्ट रनर अप संगै मिस फ्रेन्ड्ली तथा कल्चरल ड्रेसको उपाधि जितिन् भने नर्थ क्यारोलिनाकी सुकृति ढुंगेल सेकेन्ड रनर्सअप भइन् ।


यो प्रतियोगितामा स्वीकृति भट्टराई ट्यालेन्ट, विना श्रेष्ठ क्याटवाक, पब्लिक च्वाईस तथा सोसियल एक्सिलेन्स, फोटोनिक नेलिया गुरुङ, डिसिपिलिन कृति श्रेष्ठ एवं वियन्का अधिकारी मिस नेपाल टेक्सस घोषित भए । पूर्व मिस नेपाल मलिना जोशी तथा फेसन कोरियोग्राफर सुरेन्द्र मानन्धरबाट प्रशिक्षित प्रतिस्पर्धीहरू अमेरिकाका विभिन्न राज्यका थिए । कार्यक्रमलाई मनोरञ्जक बनाउन विभिन्न कलाकारले लाइभ प्रस्तुतिसमेत दिएका थिए ।

नेपाल-११ इन्टरटेन्टमेन्टद्वारा आयोजित छैटौं संस्करणको यो प्रतियोगितामा अमेरिकाका विभिन्न राज्यबाट आएका ५७ आवेदनमध्येबाट १७ जना अन्तिम प्रतिस्पर्धाका लागि छनौट भएका थिए ।

शिव शर्मा
तस्बिर : राजीव श्रेष्ठ



यात्रा सन्दर्भ



किशोर नेपाल

# हिंसात्मक आन्दोलनलाई छड्के हानेर

देश हिंसात्मक द्वन्द्वमा नफसेको भए पवित्रा खड्का नेपाली रंगमञ्चकी कलाकार हुने थिइन् कि थिइनन् ? यसै भन्न सकिँदैन । हिंसात्मक द्वन्द्वको त्यो बेला माओवादीहरू स्कुल, कलेज जाने विद्यार्थीहरूलाई अपहरण गर्थे । उनीहरूलाई युद्धकला सिकाउँथे । बम ब्लास्ट गर्न पठाउँथे । त्यति बेला एक प्रकारको आतंक फैलिएको थियो देशमा । आफ्नो जीवन रक्षाका लागि युवा-युवतीहरू खाडीका देशहरूतिर भासिन्थे । उनीहरूका अभिभावकहरू छोरा-छोरीको कल्याणका लागि ऋण धनको जुगाड गर्थे । करिब पाँच वर्षसम्म डर, त्रास र भयले गाउँबस्ती कतै छाडेन, कसैलाई छाडेन । भन्न त सहर-बजारतिरका ठूला-बडा मानिसहरू नेपाली सेनासँग माओवादीको लडाइँ बराबरीको थिएन भन्थे । त्यो कुरा सत्य पनि थियो । आँखाले झट्ट हेर्दा कौशलपूर्ण हिसाबले संगठित सेनाका अगाडि माओवादी सेनाको हैसियत देखिँदैनथ्यो । माओवादीमा आत्मबल थियो । मनमा सम्बल थियो । जीवन रक्षा गर्नुपर्ने दायित्व थियो ।

त्यही बेला जनसेनामा भर्ती खुलेको थियो र नेताहरू हुर्किएका, जोदाहा र उद्देश्यमा समर्पित हुने युवा-युवतीको खोजीमा थिए । त्यतिबेला स्थानीय स्कुलमा आठौं कक्षामा पढ्ने पवित्रा खड्का माओवादी नेताहरूको नजरमा चढेकी थिइन । शारीरिक सुगठन र अन्य सबै हिसाबले उनी गुरिल्ला बन्न योग्य थिइन् । माओवादीहरूको अपहरणमा पर्ने आशंका पवित्रालाई पहिलेदेखि नै थियो । माओवादीहरू हिंसात्मक आन्दोलनको निष्कर्षतर्फ बढ्दै थिए । उनीहरूको आँकलन थियो : पवित्राजस्ता सय-डेढ सय जना तन्नेरी लडाकु फेला परे भने काठमाडौंको सत्ता उनीहरूको झन्-झन् नजिक हुने थियो ।

पवित्रालाई ज्यान जोगाउन कठिन भैसकेको थियो । घरका मानिस कहिले उनलाई परालको कुन्यूमा लुकाउँथे, कहिले घाँसको भारीले छोपछाप पार्थे । यहींनिरबाट छड्के हानिन् पवित्राले । घर-परिवारको सहमतिमा उनी रामेछापको आफ्नो गाउँ कुदौरीबाट काठमाडौं सहरतिर लागिन् । उनको लक्ष्य थियो- काठमाडौं । पवित्राको छड्के हनाइले स्थानीय माओवादी अलमलमा परेका थिए । उनले कुन बेला, कुन सडकमा मन्थली छाडिन्, कसैले थाहा पाएनन् । पवित्राका लागि यो अनुभव पहिलो थियो । यसले उनलाई लडाकु त लडाकु नै बनायो, तर रंगमञ्चको लडाकु । शरीर र व्यक्तित्वका हिसाबले उनलाई लडाकु र नायिका दुवै भूमिका खुल्यो । उनको त्यो अवतार अहिले पनि देखिन्छ । पवित्रा आफ्ना चम्किला आँखाले भविष्य सोचिरहेकी देखिन्छिन् । उनको व्यक्तित्व गहिरो संवेदनाको सागरमा डुबेको पाइन्छ । जीवनको कुन चरणमा पुगेपछि उनमा सन्तोष आउने हो वा होइन ? त्यो नै निश्चित देखिन्न ।

पवित्राको अतीत अलिकति पनि सुखद छैन । अहिलेको समयमा पनि मानिसहरू अठारौं शताब्दीको चिन्तामा भुटभुटिएर बसेका छन । बाहिर अन्य देशका मानिसहरूको आधारभूत खानामा जीवनका लागि आवश्यक सबै तत्व समावेश गरिएको हुन्छ, तर विदेशी वा स्वदेशी पर्यटकले खोजेको वा चाहेको जस्तो खाना हामी दिन सक्दैनौं । पवित्राको पिताको निधन हुँदा उनी आमाको पेटभित्रै थिइन् । उनका पिता आँपको रूखमा चढेका थिए आँप टिप्न । त्यही रूखको उचाइबाट खसे उनी ।

काठमाडौंमा पवित्राले प्लस टुको पढाइ सकिन् । नृत्यमा उनको ठूलो रुचि थियो । उनी वीरेन्द्र हमालको थिएटरमा अभिनय र नृत्य सिक्न जान्थिन् । यसबीच उनमा रंगमञ्चको चस्का पस्यो । सडक नाटकमा अभिनय गर्न थालिन् उनी । त्यति नै बेला सारंगा सिनेमामा पनि अभिनय गरिन् । सिनेमा त चलेन, तर उनले अभिनयका लागि चाहिने धेरै कुरा सिकिन् ।

शिल्पी थिएटरले कलाकारहरूको खोजी गरेपछि पवित्रा पनि त्यहाँ सामेल भइन् । अब उनको अभिनय यात्रा संगठित भयो । शिल्पीमा रामबाबुबाट उनले धेरै कुरा सिकिन् । त्यहाँसम्म उनले सत्यमोहन जोशीको 'मजिपा लाखे' र कुमार नगरकोटीको 'कोमा' मा अभिनय गरिन । यी दुवै नाटक हिट भए । कोमा २०५९ को हिट थियो । अहिलेसम्म पवित्राले १५ वटा नाटकमा अभिनय गरेकी छिन । दीक्षान्त, ययाति, शर्मिष्ठा, तातु तिनै मध्येका हुन् । एउटा मान्यता छ पवित्राको । आफैले पेसागत वा व्यवसायगत केही काम गर्न लागेको छ भने थाक्न पाइँदैन, किनभने नाटकका कलाकार भूमिकासँग थाके भने त त्यो राम्रो हुँदैन ।

थिएटरको होस्टलमा बसेपछि सिर्जनात्मक फाँट र आफन्तहरूबीच पनि बन्देज फिल गर्नुपरेको छैन पवित्राले । उनले पढेर-लेखेर समय बिताउने गरेकी छिन् । शिल्पीमा आगामी बुधबार महाकवि देवकोटाको मुनामदन प्रदर्शित हुँदैछ । त्यसपछि बांगलादेशमा प्रदर्शन गर्ने तयारीमा रहेको नौगेडीको काम हुँदैछ ।

पवित्रा ती सबै महत्वपूर्ण कुराप्रति सचेत छिन्, जोसँग उनी जोडिएकी छिन् । हरेक चरित्रमा राम्रो अभिनय पनि गर्नुपर्ने र हरेक अभिनयलाई सौन्दर्यको खास्टो पनि ओढाउनुपर्ने । जीवनमा पवित्राले प्रेम पनि गरिसकेकी थिइन् एकचोटी । त्यो असफल भयो । अब उनी अभिनयमा सफल हुने अठोटमा छिन । प्रेमको त के कुरा भो र ? त्यसले कतिबेला कसरी र कहाँ छुन्छ, के थाहा ?



तस्बिर : नवराज बाग्ले

## प्रतिक्रिया




युट्युबकै कारण प्राप्त सफलता, प्रेरणा र सुखद् कुरा धेरै सुन्न पाइन्छ । यद्यपि युट्युबलाई ज्ञानको भण्डारभन्दा पनि विकृतिको भण्डारमा परिणत गर्न खोजिएको छनक पनि पाइयो (युट्युबमा जे पनि) । युट्युबरहरूको ध्यान भ्युज बटुल्न विकृति भिर्याउने होइन, समाज रूपान्तरणका लागि सकारात्मक सन्देश फैलाउनेतर्फ जाओस् ।

**दिपेश पुन**

कर मात्र लिने, नागरिकप्रतिको कर्तव्य निर्वाह नगर्ने हो भने त्यसको के अर्थ ? (कर तिर्ने रहर) मनोज गजुरेलको जनताले कर लगाइदिने कुरा मलाई मन पर्‍यो । गजुरेल रमाइलो तरिकाले गम्भीर विषय पनि उठान गर्नुहुन्छ । मलाई उहाँको यही शैली मन पर्छ ।

**ऋतिका महर्जन**

भरतशमशेरका बारेमा धेरै नयाँ कुरा जान्ने अवसर पाइयो (यात्रा सन्दर्भ : सिनेमा र राजनीतिका हस्ती) शक्तिशाली राणा परिवारको भएर पनि उनको किशुनजीसँगको राजनीतिक तथा व्यक्तिगत सम्बन्धको पनि प्रशंसा गर्नैपर्छ । भरतशमशेर जंगबहादुर राणा आदर गर्न लायक व्यक्तित्व रहेछन् ।

**अनुपम कार्की**

अर्ग्यानिकका नाममा काठमाडौंमा व्यापार गर्ने सबैले अर्ग्यानिक वस्तु बेच्दा रहेछन् । अब ध्यान पुर्‍याउनुपर्ने भयो (अर्ग्यानिक भनेर कालिमाटीको तरकारी पनि बेचिन्छ) । स्वास्थ्यजस्तो गम्भीर कुरामा मुख्य भूमिका रहने खानपिनमै यस्तो हेलचेक्र्याइँ हुन्छ भने सहरमा के खाएर बाँच्ने ? सरकारले व्यवस्थित र मापदण्ड पूरा गरेका उत्पादन खरिद गर्न सकिने अर्ग्यानिक बजार स्थापनाका लागि पहल गर्नुपर्‍यो ।

**रोशन राना**

पर्वतारोहणजस्तो विषयमा ढिलै भए पनि अध्ययन-अध्यापन प्रारम्भ भएछ, खुसी लाग्यो (अब पर्वतारोहणसम्बन्धी अध्ययन) । नेपाल हिमालै हिमालको देश भएकाले यो विषयले हाम्रो देशको पर्यटन प्रवर्द्धनमा थप टेवा पुर्‍याउनेछ भन्ने विश्वास लिएको छु ।

**छिरिङ शेर्पा**

नेपालमा उद्योग, कलकारखाना खोल्न तथा उत्पादन मुलक कार्य गर्न कसैको ध्यान जाने होइन (सोमबार नेपाल मेकअप कम्पिटिसन–२०१८) । यस्तै कार्यक्रम गर्‍यो, फेसनमा रमायो भुल्यो, सामान आयात गर्‍यो, व्यापार घाटा बढायो । बरु त्यसको साटो हिमाल तथा पर्यटनसम्बन्धी अरू विषयमा कार्यक्रम गरे हुन्छ नि !

**रुद्रप्रसाद जोशी**

पूजाजस्ता उदीयमान अभिनेत्रीहरूले अरूसँग टक्कर लिने कुरा गर्नुभन्दा मेलमिलापको संस्कृति अनुशरण गर्नुपर्छ । (पूजा शर्मासँग इन्काउन्टर) हामी नयाँ पुस्ताले नेताहरूजस्तो झगडिया होइन, मिलेर अघि बढ्ने संस्कार बसाउनुपर्छ । पुजाजी हामी युवाहरूको रोलमोडल हुनुहुन्छ, हामीले उहाँबाट यस्तै व्यवहारको अपेक्षा गरेका छौं ।

**मिलन पहाडी**

तीज आउनेबितिकै तीज गीतको बाढी लाग्छ (तीज गीतमा फरक स्वर) । यद्यपि तीज गीतमा नयाँ स्वर आउनुले सुनमा सुगन्ध थपेको छ । अब मौलिक एवं कालजयी तीजका गीत गाइनुपर्छ ।

**रिता शिवाकोटी**

ढुकुवा प्रेम गर्नु नै महिलाका लागि अभिशाप बन्छ (नीता फेरि प्रेममा !) त्यसैले यस्ता चक्करबाट टाढै बसौं ।

**सुनुवार अर्जुन**

नेपालमा जहिले पनि भारतकै नक्कल किन गरिन्छ ? (अर्को सातादेखि भ्वाइस अफ नेपाल) स्वयं नयाँ सिर्जना गर्न सकिँदैन ?

**सुशील क्षेत्री**

श्रद्धाको लुक निकै मन पर्‍यो (ब्लोअप : श्रद्धा क्षेत्री) । आशा छ, उहाँको भित्री सौन्दर्य पनि यतिकै प्रभावशाली र सुन्दर होस् । उहाँले राम्रो काम गरेर सफलता पाएको हेर्न पाइयोस् ।

**प्रमिता गुरुङ**

नयाँ कानुनअनुसार कुन अपराधमा के सजाय भन्ने जानकारी पाइयो (के छ मुलुकी अपराध (संहिता) ऐनमा ?) आगामी दिनमा पनि साप्ताहिकमा यस्तै काम लाग्ने र जानी राख्नुपर्ने विषयहरू समेटियोस् ।

**नवीन पूर्वेली**

सेकुवा पारखीहरूका लागि सहरका सेकुवा कर्नरसम्बन्धी जानकारी राम्रो लाग्यो (सहरमा सेकुवा) । सहरका नयाँ-नयाँ खानेकुरा र पाइने ठाउँका सम्बन्धमा यस्ता जानकारी प्रकाशन भैरहून् ।

**मनोज खत्री**

twitter follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# दर्शक कमेडीबाट अघाएका छैनन्

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम 'ह्वाट द फ्लप' का प्रस्तोता सन्दीप क्षेत्री सुपरिचित नाम हो । उक्त कार्यक्रममा मिठाईलालदेखि शेरबहादुरसम्मको चरित्र निर्वाह गरेर दर्शकको मन जितेका सन्दीप स्ट्यान्ड-अप कमेडीमा पनि उत्तिकै अब्बल छन् । फुर्सदका बेला चलचित्रमा अभिनय गर्न समेत अग्रसर हुने सन्दीप यतिबेला प्रदर्शनको तयारीमा रहेको चलचित्र 'चंगा चेट' का कारण चर्चामा छन् । उक्त चलचित्रको 'गोजीमा दाम छैन' गीतमा सन्दीपले अभिनेत्री पारमिता राज्यलक्ष्मी राणासंग कम्मर मर्काएका छन् । त्यही गीतमा अभिनेत्री सुरक्षा पन्तसंग पहिलो पटक कम्मर मर्काएका लोकप्रिय हास्य कलाकार हुन्- रवीन्द्र झा । शंखे पंखे चंखे, जात्रा, सुनकेशरी, कोहलपुर एक्सप्रेस, शेरबहादुर, मिस्टर भर्जिन, चंगा चेट, चौका दाउ, रामकहानीसहित झन्डै डेढ दर्जन चलचित्रमा अभिनय गरेका कलाकार झा रंगमञ्चबाट रेडियो नाटक हुँदै चलचित्रमा आएका अभिनेता हुन् । चंगा चेटको झन्डै डेढ महिना लामो छायांकनका क्रममा एक-अर्कासँग असाध्यै नजिकिएका सन्दीप र रवीन्द्र गत मंगलबार ललितपुरको झम्सिखेलस्थित मोक्षमा चिया गफ गरिरहेका अवस्थामा फेला परे । त्यही चिया गफमा पुगेका साप्ताहिककर्मी कृष्ण भट्टराईले उनीहरुबीचको वार्तालापलाई रेकर्ड गर्न भ्याएका थिए ।



तस्बिर : कृष्ण भट्टराई

■ सन्दीप क्षेत्री/रवीन्द्र झा

**सन्दीप क्षेत्री :** झाजी हाम्रो पहिलो भेट कहिले भएको थियो, तपाईंलाई सम्झना छ ?

**रवीन्द्र झा :** पहिलो भेट, जात्रा चलचित्रको प्रदर्शनपछि तपाईंकै लोकप्रिय कार्यक्रम 'ह्वाट द फ्लप' मा हो नि । तपाईंले हामी सबैलाई बोलाएर बकलोल कुराकानी गर्नु भएको थियो ।

**सन्दीप :** हो-हो, त्यो बेला तपाईंसंगै निर्देशक प्रदीप भट्टराई अनि कलाकार रवीन्द्र सिंह बानियाँ पनि हुनुहुन्थ्यो । वास्तवमा म त्यही चलचित्र हेरेपछि तपाईंको फ्यान भएको हुँ । रमाइलो कुरा के छ भने म पनि तराईवासी हुँ, तपाईंले उक्त चलचित्रमा तराईवासीकै भूमिका निर्वाह गरेर दर्शकलाई हँसाउनुभएको थियो ।

**रवीन्द्र :** तपाईं तराई कुन ठाउँको हो ?

**सन्दीप :** म वीरगन्ज, छप्कैया वडा नम्बर-२ को । छप्कैयाको भान्जा हैन त म ?

**रवीन्द्र :** ए...हत्तेरी । तपाईं र म त छिमेकी पो परेछौं । एउटै प्रदेशका बासिन्दा । म जनकपुरको हुँ नि, धनुषा जिल्लाको ।

**सन्दीप :** मलाई थाहा छ । तपाईं त जनकपुरको शाहरूख खान नै हो नि, सुपरस्टार ।

**रवीन्द्र :** त्यस्तो भन्न कहाँ मिल्छ र सन्दीपजी ! मलाई त्यस्तो भन्नुभयो भने तपाईं त झन् कहाँ कम हुनुहुन्छ । एउटा भनाइ नै छ नि- 'को नहीं जानत है जग में कपि संकटमोचन नाम तिहारो भने जस्तै को नहीं जानत है जग में सन्दीप क्षेत्री नाम तिहारो ।'

सन्दीप : वाह वाह वाह झाजी क्या बात, क्या बात । नढाँटी भनौं, मलाई चाहिं तपाईं रवीन्द्र भन्दा पनि झाजी भन्दा एकदम नजिक लाग्नुहुन्छ ।

**रवीन्द्र :** मलाई पनि तपाईंले झाजी भन्दा हामी वल्लो घर-पल्लो घरमा बस्ने तराईवासीझैं लाग्छ ।

**सन्दीप :** हामी एक प्रकारले छिमेकी नै हौं नि । ल भन्नुस् त, तपाईं र मेरो प्रोफेसनल भेटचाहिं कसरी भयो ?

**रवीन्द्र :** सहकर्मी अथवा कलाकारका रूपमा त दीपेन्द्र के खनालको चंगाचेटको सेटमै त भेट भएको हो नि ।

**सन्दीप :** चंगाचेटमा तपाईं कसरी आबद्ध हुनुभएको थियो ?

**रवीन्द्र :** मलाई त चंगाचेटका लागि निर्माता माधव वाग्लेले नै प्रस्ताव राख्नुभएको हो । उहाँले धेरै पहिले जात्रा चलचित्रको छायांकनका बेलादेखि नै झाजी म एउटा स्क्रिप्ट रेडि गर्दैछु, त्यसमा काम गर्नुपर्छ है भनिरहनुभएको थियो । त्यसयता उहाँले मलाई बेला-बेलामा 'मिस कल' दिइरहनुभएको थियो । तपाईंचाहिं कसरी आउनुभयो नि ?

**सन्दीप :** हा हा हा...त्यस्तो मिस कल मैले पनि पाइरहेको थिएँ । एकपटक निर्माता वाग्लेसँगै कान्तिपुर टेलिभिजन परिसरमा भेट भएको थियो । कुरा गर्ने क्रममा मैले उहाँलाई 'तपाईं साफ बदमास' हुनुहुन्छ भनिदिएछु । उहाँले 'साफ बदमास' शब्दलाई विशेष ध्यान दिँदै सोध्नुभयो, 'तेरो घर कहाँ हो रे ?' किनभने साफ बदमास भन्ने शब्द तराईमा मात्र चल्छ । मैले विरगञ्ज, छप्कैयाँ भनेपछि उहाँले अझ लोकल ठाउँ सोध्नु भयो । मैले 'तुतबारी' भनेपछि उहाँले पुनः सोध्नु भयो-'साला, तँ तुतबारीको केटो होस् ?'

**रवीन्द्र :** तुतबारी निकै अनौठो नाम छ नि ?

**सन्दीप :** वीरगञ्जलाई जसले नजिकबाट चिन्छ, उसलाई मात्र तुतबारीका बारेमा थाहा हुन्छ । कुरा गर्दै जाँदा उहाँले मेरो बुवादेखि सबै नातेदारलाई चिन्नुहुने रहेछ । त्यो भेटअघि म उहाँलाई माधव वाग्ले दाइ भन्थें, त्यसपछि माधव काका भन्न थालें । त्यही क्रममा उहाँले तीन जना युवाको कथामा एउटा चलचित्र निर्माण गर्न लागेको बताउँदै अभिनयको प्रस्ताव राख्नु भयो । आयुष्मान देशराज जोशी र रवीन्द्र झा पनि हुनुहुन्छ भन्ने सुनेपछि म तुरुन्तै तयार भएँ ।

**रवीन्द्र :** यही चलचित्रको छायांकनका क्रममै हामी धेरै घुलमिल भयौं नि हैन, अभिनेता आयुष्मान देशराज जोशी पनि हाम्रो ग्याङमा आउनुभयो ।

**सन्दीप :** हो त । सुरुमा मलाई आयुष्मानको व्यक्तित्व बुझ्न केही कठिन भएको थियो तर संगत गरेपछि उनी बाहिरबाट जति कठोर देखिन्छन्, भित्रबाट त ठ्याक्कै उल्टो पो रहेछन्, कति मजाको मान्छे ?

**रवीन्द्र :** हो त । मलाई पनि त्यस्तै लागेको थियो, संगत गरेपछि पो थाहा भयो, आयुष्मान त माइ डियर पो रहेछन् । त्यसै प्रियंकाले लभ गरेर विवाह गरेको हो रहेछ त ?

पृष्ठ ६ मा



For Trade Enquiry - 9851089794
Kathmandu - 9851165966, East - 9851213302, Central - 9851215326

# दर्शक कमेडीबाट...

पृष्ठ ५ बाट

**सन्दीप :** सेटमा पनि हाम्रो खुबै गुफ्तगु चल्थ्यो नि ?

**रवीन्द्र :** त्यो बेलाको रमाइलोको त के कुरा गरौं । म त त्यो बेलाका स-साना कुरासमेत कहिले बिर्सने छैन । मन मिलेपछि काम गर्न पनि असाध्यै सहज हुने रहेछ भन्ने कुरा त्यही चलचित्रको सेटबाट प्रमाणित भयो ।

**सन्दीप :** तपाईं त थिएटरको मान्छे । जनकपुरमा तपाईं कति ठूलो सेलिब्रेटी हुनुहुन्छ भन्ने मलाई थाहा छ । जनकपुरमा जमेर बसेको मान्छे, काठमाडौं कसरी आउनुभयो ?

**रवीन्द्र :** जनकपुर त मेरो मुटु नै हो । जहाँ पुगे पनि जनकपुर मसँगै हुन्छ । मेरो जन्म, पढाइ, कर्म सबै जनकपुरमै भयो । जनकपुरबाट म कलाकारिताकै लागि पहिले इटहरी पुगें । त्यहाँ एक वर्षका लागि गएको, झन्डै सात वर्ष बसें । त्यसपछि काठमाडौंमा एन्टेना फाउन्डेसनले आह्वान गरेको मैथिली नाटकको लेखन, निर्माण तथा अभिनयको अडिसन एवं परीक्षाका लागि काठमाडौं आएँ । म उत्तिर्ण भएँ । त्यसपछि मेरो काठमाडौं बसाइ प्रारम्भ भयो । नाटकको काम प्रारम्भ भए पनि रेकर्डिङका लागि जनकपुर नै जानु पर्ने हुन्थ्यो । महिनामा एक साताका लागि जनकपुर जानैपर्थ्यो । त्यसकारण पनि म जनकपुरसंग जोडिएरै रहें ।

**सन्दीप :** अर्थात् जसरी भए पनि तपाईं जनकपुरसंग जोडिनै रहनुभएको छ ?

**रवीन्द्र :** अहिले पनि मलाई त्यहाँको थिएटरबाट निम्ता आइरहन्छ । दर्शकहरूले अहिले पनि उत्तिकै माया गर्नु हुन्छ ।

**सन्दीप :** चलचित्रमा अति नै व्यस्त हुनुहुन्छ । झाजी बिना नेपाली चलचित्र नै बन्दैनन् भन्ने चर्चा छ । यस्तो बेला जनकपुरका दर्शकले तपाईंलाई मिस गर्दैनन् ?

**रवीन्द्र :** दर्शकले मलाई मिस गरिरहनु भएको छ । फेसबुकमार्फत दर्शकहरूले मलाई सन्देशहरू पठाइरहनुहुन्छ । मैले अभिनय गरेका चलचित्रहरू जनकपुरमा प्रदर्शन हुँदा निश्चित दर्शक मलाई हेर्न भन्दै सिनेमा हल पुग्नुभएको जानकारी पाइरहन्छु ।

**सन्दीप :** फेसबुकमा त तपाईं त्यति एक्टिभ हुनु हुन्न नि, किन ?

**रवीन्द्र :** नढाँटी भन्ने हो भने मलाई फेसबुक चलाउन अल्छि लाग्छ । चलाउँदै नचलाउने पनि होइन, कुनै विशेष अवसरमा तस्बिर अपलोड गरिरहेको हुन्छु । फेसबुकबाट जनकपुरसहित देशैभरिका दर्शकले कत्तिको मन पराउनु हुन्छ भन्ने थाहा पाइरहेको छु ।

**सन्दीप :** चलचित्रमा तपाईंलाई सबैभन्दा गाह्रो लाग्ने विधा कुन हो ?

**रवीन्द्र :** सबैभन्दा जटिल, गाह्रो तथा डरलाग्ने विधा भनेको फाइट हो । फाइटमा पनि बक्सिङ, पञ्चवाला, गोली चलेको, बम नै पड्केको त ठिकै लाग्छ, तर जब खुकुरीवाला एक्सनको कुरा आउँछ, मेरो त सातो नै जान्छ । बञ्चरोवाला फाइट, रड नै शरिरमा घुसाउने फाइटका बारेमा त म सोच्न समेत सक्दिन । त्यसैले जब-जब म नयाँ चलचित्रमा अनुबन्ध हुने क्रममा हुन्छु त्यति बेला निर्देशकहरूलाई फाइटको के-कस्तो व्यवस्था छ, खुकुरीवाला फाइट त छैन नि ? भन्ने जिज्ञासा राख्छु । त्यसबाहेक म डान्सबाट पनि पन्छिने कलाकार हुँ । नाटकमा हल्का-फुल्का नाचिन्थ्यो, तर चलचित्रमा साह्रै गाह्रो लाग्छ ।

**सन्दीप :** चंगाचेटको 'गोजीमा दाम छैन..' गीतमा त मज्जाले कम्मर मर्काउनु भएको छ त ?

**रवीन्द्र :** त्यो त मैले कसरी गरें भन्ने मलाई नै थाहा छ । नृत्य निर्देशक प्रविण सिंहलाई मैले कम्ति अनुरोध गरिनँ– मेरो डान्स नराख्नु भनेर । प्रियंका र आयुष्मानलाई मात्र नचाउनु भन्ने मेरो अनुरोधले काम गरेन, बाध्य भएर नाँचें । यद्यपि, गीत सार्वजनिक भएपछि म पनि यति राम्रो नाच्न सक्दो रहेछु भनेर आफैं दंग परें । तपाईंलाई चाहिं डर लाग्ने विधा कुन हो नि ?

**सन्दीप :** म पनि नृत्यमै कमजोर छु । जन्तीको त म अब्बल डान्सर हुँ । चलचित्रमा चाहिं मैले कोरियोग्राफरहरूलाई भन्ने गरेको छु, म जस्तो नाच्छु, त्यसमै चित्त बुझाउनु होला । वान, टु, थ्रि, गोको फर्मुलामा म नाच्नै सक्दिन । थ्रिसम्म पुग्दा टु नै छुटिसकेको हुन्छ ।

**रवीन्द्र :** मैले तपाईंलाई एउटा सल्लाह दिएको थिएँ नि, त्यसमा कत्तिको ध्यान दिनुभएको छ ?

**सन्दीप :** क्यारेक्टर नछाड्नुस् भन्ने तपाईंको सल्लाहलाई मैले गम्भिरतापूर्वक लिएको छु । अभिनय गर्ने क्रममा होस् अथवा कार्यक्रम सञ्चालन गर्दा होस्, क्यारेक्टर नछाड्ने कुरालाई मैले ध्यान दिन थालेको छु ।

**रवीन्द्र :** क्यारेक्टरमा ध्यान दिंदा परिणाम राम्रो आउँछ भन्ने कुरा मैले बुझेको छु । चलचित्रको छायांकन एकै दिनमा नसकिने, दुई चार दिनको ग्यापमा आफ्नो पालो आउने भएकाले हामी कलाकारले क्यारेक्टर छुटाउनु हुँदैन भन्न खोजेको हुँ ।

**सन्दीप :** थिएटर र चलचित्रमा के फरक पाउनु भयो ?

**रवीन्द्र :** चलचित्रमा हामी निर्देशकद्वारा निर्देशित भएर काम गर्छौं, त्यसको निश्चित दायरा हुन्छ । बिग्रियो भने रि-टेक हुन्छ । नाटकमा अभिनय गर्ने क्रममा हामी स्वतन्त्र हुन्छौं । चलचित्रको तुलनामा नाटकमा आफ्नो प्रतिभा खुलेर प्रस्तुत गर्न सकिन्छ । स्टेजमा कलाकार नै हावी हुन्छ । त्यसैले नाटकमा भन्दा चलचित्रमा कलाकारलाई अझ गाह्रो हुन्छ ।

**सन्दीप :** तपाईं असाध्यै साधारण तथा सोझो हुनुहुन्छ, चलचित्र क्षेत्रले तपाईंको सोझोपनको फाइदा उठाउँछ जस्तो लाग्दैन ?

**रवीन्द्र :** मलाई त्यस्तो लाग्दैन । साधारण हुनुका त आफ्नै राम्रा पक्षहरू हुन्छन् नि । तपाईं साधारण हुनुभयो भने हरेक किसिमका मानिस तपाईंको नजिक हुन्छन् । चलचित्रको यूनिटका स्पटब्वाइसँग हात मिलाएर के छ भाइ मात्र भनिदिनुस्, तपाईंलाई कति आनन्द आउँछ ? साधारण व्यक्तिको गलत फाइदा उठाउने भन्ने नै हुँदैन । साधारण हुनुभयो भने तपाईं सबैको हुनुहुन्छ, घमन्डी हुनु भयो भने कसैको पनि हुनुहुन्न ।

**सन्दीप :** भाउजूले त यो विषयमा केही भन्नुहुन्न नि ?

**रवीन्द्र :** भनिरहेकी हुन्छिन्, तर म नसुने जस्तो गरिदिन्छु । सभा-समारोहमा जाँदा कोट लगाएर जानुस् भन्छिन्, म



भन्छु कोट लगाउँदैमा म ठूलो मान्छे हुन्छु र ? म जे छु, त्यो त दर्शकले चलचित्रमा देखिरहनु नै भएको छ । गर्मी यस्तो छ, कोट लगाएर पसिना पुछ्दै जाऊँ कि आफूलाई जे सहज हुन्छ त्यही लगाऊँ ?

**सन्दीप :** तपाईंलाई सहज लाग्ने पहिरनचाहिं कुन हो ?

**रवीन्द्र :** मलाई त साधारण सर्ट, पाइन्ट, टिसर्ट त्यो पनि लुज फिटिङ नै मन पर्छ । अर्को कुरा, म जे लगाउँछु त्यो सफा चाहिं हुनै पर्छ बरु अलिकति च्यातिएको छ भने फरक पर्दैन । एउटा कुरा भन्नुस् त, ह्वाट द फ्लपमा विभिन्न चरित्र निर्वाह गर्नु हुन्छ, सबैलाई मन परेको छ । तपाईंलाई चाहिं कत्तिको कठिन हुन्छ ?

**सन्दीप :** मलाई के लाग्छ भने कलाकार जत्तिको समर्पित भएर सबै पेसाका मानिसहरूले काम गर्ने हो भने यो देश आफैं विकसित हुन्छ । कलाकारलाई खानामा के पाक्छ, घरमा के पाक्नेछ, यो चलचित्र चल्छ-चल्दैन कुनै कुराको वास्ता हुँदैन । काममा मात्र ध्यान हुन्छ । हामीमा एक प्रकारको पागलपन छ । हरेक काम दुई पटक गरिन्छ, एक पटक मस्तिस्कमा, अर्को पटक वास्तविकतामा । मलाई धेरैले मिठाइलालका रूपमा चिन्नु हुन्छ, त्यो मिठाईलाल भन्ने चरित्रलाई मैले क्यारिकेचर गरेको होइन । म त्यही परिवेशमा हुर्किएकाले मलाई त्यसो गर्न गाह्रो हुँदैन । मैले कुनै हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पाको चरित्र निर्वाह गर्नुपर्‍यो भने गाह्रो हुन्छ । अर्को शब्दमा भन्नु पर्दा चरित्रका बारेमा स्पष्ट भइयो भने मलाई सजिलो हुन्छ, अन्यथा गाह्रो हुन्छ ।

**रवीन्द्र :** तपाईंलाई चाहिं कुन चरित्र मनपर्छ ?

**सन्दीप :** ह्वाट द फ्लप एउटा राम्रो घर हो भने, मैले निर्वाह गर्ने चरित्रहरूचाहिं विभिन्न कोठाहरू हुन् । म कहिलेकाहीं यो कोठामा रमाउँछु, कहिले अर्को कोठामा रमाउँछु । सबैभन्दा महत्वपूर्ण कुरा चाहिं त्यो घर नै हो । यद्यपि, अधिकांश मानिसले रुचाएको कोठाचाहिं मिठाईलाल भयो, शेरबहादुर भयो । यी चरित्रहरू चाहिं दर्शकमाझ स्थापित भैसकेका छन् । तपाईं मलाई एउटा कुरा बताउनुस् त, तपाईंलाई कमेडीबाहेक अन्य भूमिकामा अभिनय गरौं जस्तो लाग्छ कि लाग्दैन ?

**रवीन्द्र :** म कमेडीमा मात्र सिमित हुने कलाकार होइन । विगतमा मैले नाटकमा अभिनेता, चरित्र अभिनेता, खलनायक सबै प्रकारका भूमिका निर्वाह गरिसकेको छु । चलचित्रमा पनि म ती सबै भूमिका निर्वाह गर्न सक्छु । यद्यपि नेपाली चलचित्रका निर्देशकले मेरो क्षमतालाई हालसम्म उजागर गर्न सकेका छैनन्, मेरो प्रतिभालाई प्रयोग गर्न सकेका छैनन् । मेरो केवल एउटा मात्र विधा प्रयोग गरेका छन् । अहिले कमेडी चलचित्रको लहर चलेको छ । दर्शकलाई पनि कमेडी चलचित्र नै मन परिरहेको छ । यस्तो बेला मैले आफ्नो विधा किन परिवर्तन गर्ने । दर्शकहरू अहिले कमेडीबाट अघाएकै छैनन् । जुन दिन दर्शकले कमेडीबाट अघाएँ भन्नेछन्, त्यही दिनदेखि नेपाली चलचित्रको धार परिवर्तन होला अनि हामी कलाकारको भूमिकामा समेत परिवर्तन आउला ।

**सन्दीप :** त्यसपछि खुकुरीवाला एक्सन भूमिका पनि निर्वाह गर्ने, हैन ?

**रवीन्द्र :** त्यो पनि गर्छु । मैले विगतमै भोजपुरी चलचित्र 'प्यार ऐसन रोग बा' मा खलनायकको चरित्र निर्वाह गरेको थिएँ, त्यसलाई दर्शकले असाध्यै मन पराउनु भएको थियो । गेटअप, वेशभूषा र आभूषणमा प्रस्तुत भएपछि म जस्तो भूमिकामा पनि फिट हुन्छु भन्ने कुरामा विश्वस्त छु ।

**सन्दीप :** दर्शक हँसाउन कत्तिको सहज छ ?

**रवीन्द्र :** अभिनय आफैंमा गाह्रो काम हो । रोमान्टिक होस् अथवा कमेडी, सबै विधा उत्तिकै गाह्रो हुन्छ । कमेडी गरेर दर्शकलाई हँसाउनु त्यो भन्दा पनि गाह्रो कुरा हो । यो कुरा हास्य कलाकारबाहेक अरूलाई थाहा हुँदैन ।

**सन्दीप :** कलाकार बन्छु भन्ने योजना कहिलेदेखि बन्यो ?

**रवीन्द्र :** यो त स्कुल पढ्दादेखिकै योजना हो । स्कूलमा छँदा म साथीभाइमाझ अभिनय गरेर, गीत गाएर, नाचेर रमाइलो गर्थे । साथीभाइकै प्रेरणाले मैले अभिनयलाई कुन बेला करियर बनाउने निर्णय गरेंछु, पत्तै भएन । तपाईं चाहिं कसरी कलाकार बन्नु भयो नि ?

**सन्दीप :** मलाई चाहिं परिवारिक वातावरणले कलाकार बनायो । सानैदेखि बुवाले मलाई चलचित्र देखाउन सिनेमा हलमा लानुहुन्थ्यो । सानैदेखि सिनेमा हेर्न थालेकाले होला, म ठूलो नहुँदै कलाकारितातर्फ आकर्षित भैसकेको रहेछु । खासगरी स्कुलमा नाटक गरिन्थ्यो, अलि ठूलो भएपछि थिएटरमा नाटक पनि गरें । काठमाडौं आएपछि गुरुकुलका साथीहरूसँग संगत भयो । थिएटर मनमा थियो, चलचित्रमा आउने त सपना नै देखेको थिइन । यद्यपि मलाई बाल्यकालदेखि नै मिडियामा आउने मन थियो । समय परिस्थितिले म टेलिभिजनतर्फ आकर्षित भएँ । मलाई आज टेलिभिजनले नै यो अवस्थासम्म ल्याएको हो ।

**रवीन्द्र :** मलाई जलेश्वरमा बुवाले एउटा जागिर लगाइदिनुभएको थियो । त्यो जागिरमा म केही साता पनि टिकिन । जनकपुरस्थित मिथिला कला परिषद्मार्फत मैले भारतको नयाँ दिल्लीमा अभिनयको प्रशिक्षण लिन मिल्छ भन्ने कुरा बुझें । परिवारलाई अनुरोध गरेर म दिल्ली पुगें र तीन वर्ष अभिनयको अध्ययन गरें । त्यो अध्ययनकै कारण आज म यो अवस्थासम्म आइपुगेको हुँ ।

**सन्दीप :** अहिले नयाँ पुस्ताका कलाकारहरू तपाईंलाई कस्ता लाग्छन् ?

**रवीन्द्र :** नयाँ पुस्ताका कलाकारहरू प्रतिभावान हुनुहुन्छ । अभिनयलाई करियर बनाउन संघर्ष गरेर आउनुभएको छ । खासगरी रंगमञ्चप्रति युवापुस्ताको आकर्षण बढ्दो छ । रंगमञ्चमा राम्रो गर्ने कलाकारले चलचित्रमा समेत मौका पाइरहेका छन् । यो हिसाबले अभिनयमा आएको नयाँ पुस्ता आशा लाग्दो छ ।

**सन्दीप :** अभिनयबाहेक अरू के गर्नु हुन्छ ?

**रवीन्द्र :** म अभिनयबाहेक अरू केही गर्दिनँ । बिहानदेखि रातीसम्म नै म अभिनयकै वरिपरि हुन्छु । तपाईं चाहिं कलाकारिता बाहेक अरू के-के गर्नुहुन्छ ?

**सन्दीप :** केही वर्ष अघिसम्म म कलेजमा नियमित पढाउँथे । अहिले पार्ट टाइम जस्तो छ । कान्तिपुर टिभीको 'ह्वाट द फ्लप'लाई प्रसस्त समय दिनुपर्छ । बचेको समय टुरमा बित्छ । अझ बचेको समय चलचित्रलाई पनि दिने गरेको छु । भरखरै मात्र हामीले ललितपुरको भनिमण्डलमा हाउ फन्नी प्रोडक्सन अफिस पनि खोलेका छौं, त्यहाँ हरेक संघर्षशील कलाकारलाई प्लेटफर्म दिने, छलफल गर्नेदेखि लिएर, नयाँ आइडियामा काम गर्न थालेका छौं । अब अन्त्यमा, गाईजात्रा नजिकिँदै छ, के छ तपाईंको तयारी ?

**रवीन्द्र :** यसपटकको गाईजात्रामा म स्वदेशमा हुन्न । दुईवटा चलचित्रको छायांकनका लागि यही शुक्रबार (आज) नै बेलायततर्फ प्रस्थान गर्दैछु । यद्यपि, हामी हास्य कलाकारका लागि गाईजात्रा ठूलो महोत्सव हो । मह जोडीको गाईजात्रे प्रहसनहरू हेरेर हुर्किएकाले पनि मलाई यो पर्व विशेष प्यारो लाग्छ ।

**सन्दीप :** देशको परिस्थित हेर्दा त ३ सय ६५ दिन नै गाईजात्रा हो जस्तो लाग्छ । यद्यपि यो पर्वले हास्य कलाकारहरूलाई राम्रो कन्टेन्ट दिन्छ । बेलायतको छायांकन जान लाग्नुभएको रहेछ, तपाईंलाई शुभयात्रा ।



# ह्याप्पी गाईजात्रा !



कृष्ण भट्टराई

काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा धूमधामका साथ मनाइने एउटा परम्परागत पर्व हो– गाईजात्रा । नेपाली समाजको एउटा महत्वपूर्ण सांस्कृतिक पर्व पनि हो । खासगरी नेवार संस्कृतिबाट प्रारम्भ भएको यो एउटा यस्तो जात्रा हो, जुन अहिले व्यंग्य गर्ने दिनका रूपमा समेत स्थापित छ । गाईजात्रामा नेवार समुदायका मानिसहरू पितृगणको सम्झनामा गाईको रूप धारण गरी टोलटोल घुम्छन् । गाईजात्राको दिन कतै-कतै भजन-कीर्तनसमेत गरिन्छ । गाईजात्रा भाद्र शुक्ल प्रतिपदा अर्थात् जनैपूर्णिमाको भोलिपल्ट पर्छ । वर्ष दिनभित्र मरेका मानिसको सम्झनामा मनाइने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको गाईजात्रालाई नेवार समुदायले मात्र होइन, नेपालका नयाँदेखि पुराना हास्य कलाकारहरूले समेत उत्तिकै उत्साहका साथ मनाउँछन् ।

आफ्ना नजिकका मानिसको निधन भएपछि उनीहरूको सम्झनामा गाईलाई अघि लगाएर विभिन्न वेशभूषाका साथ जात्रा निकालिने यो पर्वले एकातिर पुर्खाप्रतिको सम्मान व्यक्त गरेको छ भने अर्कातिर यसले शोकको यस्तो घडीमा पनि धैर्यधारण गर्ने प्रेरणा दिने संस्कृतिविद्हरूको कथन छ । वर्ष २०७५ को गाईजात्रा भदौ ११ गते सोमबार मनाइँदैछ ।

## हास्यकलाकारको दसैं

गाईजात्राले झन्डै एक साताका लागि समाजका विकृति-विसंगतिविरुद्ध खुलेर व्यंग्य गर्ने अवसर प्रदान गर्छ । त्यही अवसरलाई नेपालका हास्य कलाकारहरूले खुलेर सुदपयोग गर्ने परम्परा छ । २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएयताका हरेक गाईजात्रामा हास्य कलाकारहरूले विभिन्न रंगमञ्चमार्फत सामाजिकदेखि राजनीतिक विषयवस्तुहरूमाथि व्यंग्य कस्दै आएका छन् । कतिपय हास्यकलाकार त गाईजात्रालाई हास्यकलाकारहरूको दसैंका रूपमा चित्रण गर्नसमेत पछि पर्दैनन् । गाईजात्राको अवसर पारेर विगतमा धेरैवटा व्यंग्यात्मक कार्यक्रम आयोजित भए पनि पछिल्ला केही वर्षयता अधिकांश हास्यकलाकार चलचित्र निर्माण, निर्देशन तथा अभिनयमा व्यस्त हुन थाले । परिणामस्वरूप गाईजात्रे हास्य व्यंग्य कार्यक्रमको संख्या पनि घटन थालेको छ । गाईजात्रे कार्यक्रममा हास्य कलाकारहरूले हास्य व्यंग्यका विविध खुराक प्रस्तुत गर्छन् । प्यारोडी गीत, नृत्य, प्रहसन, व्यंग्य कविता आदि विधाका माध्यमबाट राजनीतिक तथा सामाजिक क्षेत्रका विकृति औंल्याउने अवसर पनि गाईजात्राले नै जुटाइदिन्छ । गाईजात्रे महोत्सवमा प्रस्तुत गरिने अधिकांश प्रहसन तथा क्यारिकेचर राजनीतिप्रति लक्षित भएको पाइन्छ ।

## यो वर्षको गाईजात्रे कार्यक्रम

गाईजात्राको अवसर पारेर कुनै बेला काठमाडौंमा तीन भिन्न प्रेक्षालयमा झन्डै दुई सातासम्म हास्य व्यंग्यात्मक कार्यक्रम सञ्चालन हुन्थे । यो वर्ष प्रेक्षालयको अभाव तथा अधिकांश कलाकार चलचित्र निर्माण तथा अभिनयमा व्यस्त भएकाले एउटा मात्र प्रेक्षालयमा गाईजात्रे कार्यक्रम हुँदैछ ।

यो वर्षको गाईजात्रा विशेष कार्यक्रम आगामी भदौ ११ गते सोमबारदेखि काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित गरिँदैछ । यसपटकको गाईजात्रा विशेष कार्यक्रम 'हास्य महोत्सव-२०७५' शीर्षकमा आयोजना गरिँदैछ । कलाकारहरू प्रभाकर देव शर्मा, दमन रुपाखेती तथा शिव शंकर रिजाल 'जोगिन्दर पानवाला' को नेतृत्वमा सञ्चालन हुने उक्त महोत्सव एक सातासम्म चल्ने बताइएको छ । गाईजात्राको दिन अर्थात् सोमबार साँझ ५:३० बजे प्रारम्भ हुने यो महोत्सव विदाको दिन दुई शो (दिउँसो २:३० तथा साँझ ५:३०) सञ्चालन गरिनेछ । गुञ्जिता टेलिसंसारले आयोजना गर्ने यो वर्षको गाईजात्रा कार्यक्रममा झन्डै दुई दर्जन हास्यकलाकारले विभिन्न प्रस्तुतिमार्फत मनोरञ्जन प्रदान गर्नेछन् । गीत, संगीत, नृत्य, प्यारोडी, कविता, प्रहसनसहितको उक्त कार्यक्रम साढे दुई घण्टाको हुनेछ ।

यसपटकको गाईजात्रे महोत्सवमा १५ देखि २० मिनेटका पाँच वटा प्रहसनसहित विभिन्न प्रस्तुति समावेश गरिएका छन् । कार्यक्रममा प्रहसनका अतिरिक्त व्यंग्यकार राजा राजेन्द्रको व्यंग्यात्मक उद्घोषण प्रमुख आकर्षण रहनेछ । कार्यक्रममा गायक तथा संगीतकार टीका भण्डारीको प्यारोडी, हरिशा बानियाँको आइटम डान्स तथा बबिता बानियाँको भजन-प्रवचन पनि आकर्षणकै रुपमा रहनेछन् । यो कार्यक्रम हेर्न ३ सय, ५ सय तथा १ हजार रुपैयाँको टिकट काट्नुपर्नेछ ।



# अन्तर्राष्ट्रिय रोबोट प्रतियोगितामा नेपालको पहिलो सहभागिता




फरक-फरक प्रकारका रोबोट । बीचमा भएका ब्लक उठाएर राख्नुपर्ने प्रतियोगिता । मेक्सिकोमा सम्पन्न रोबोट ओलम्पिकको दृश्य हो यो, जसमा टिम नेपालसमेत सहभागी थियो । पहिलो खेलमा टिम नेपालले टिम नर्वे र टिम अर्जेन्टिनासँग मिलेर ६ सय १३ अंक ल्यायो । विपक्षी टिम मोरक्को, टिम अंगोला र टिम फ्रान्सको समूहले १ सय अंक मात्र ल्याउन सके । विश्वका १ सय ८० देशले भाग लिएकोमा नेपाल २ नम्बरमा रहन सफल भयो ।

दोस्रो खेलमा टिम नेपालले टिम इरिट्रिया र टिम डोमिनिकासँग मिलेर टिम रिपब्लिक अफ कंगो, टिम लेसोथो तथा टिम नर्थ अमेरिकासँग प्रतिस्पर्धा गर्‍यो । उक्त खेलमा नेपालसहितको टिम पहिलो भयो ।

तेस्रो खेलमा टिम नेपालले टिम साइप्रस र टिम उरुग्वेसँग मिलेर २ सय ९१ अंक ल्यायो । यस पटक नेपाल सहभागी समूहले टिम चिली, टिम पोर्चुगल तथा टिम बर्मुडालाई हरायो । यस पटक नेपाल १५ औं नम्बरमा रह्यो ।

चौथो प्रतिस्पर्धामा भने टिम नेपालले कठिनाईको सामना गर्नुपर्‍यो । रोबोटमा भएको मोटर बिग्रिएर त्यसले काम गर्न सकेन । एक घण्टाको समयमा टिम नेपालले मोटर फिक्स गर्न सकेन । त्यसपछि पाँचौं हुँदै आठौं गेम सम्म पनि टिम नेपालले राम्रो गर्न सकेन । यद्यपि सातौं र आठौं गेममा मोटरको समस्या समाधान भयो, तर नेपालले पहिले जस्तो उत्साहपूर्ण जित हासिल गर्न सकेन ।

उक्त गेममा टिम रोमानिया, टिम युएसए र टिम सिंगापुरले क्रमशः स्वर्ण, रजत र कास्य पदक प्राप्त गरे । नेपाली खेलाडीहरूको समूह अर्थात् टिम नेपाल पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको रोबोट प्रतियोगितामा सहभागी भएको हो र यो नै टिम नेपालका लागि महत्वपूर्ण रह्यो ।

टिम नेपालका तर्फबाट पाँच जना सहभागी हुन पाउने भए पनि तीन जना खेलाडीले भिसा प्राप्त गर्न सकेनन् । यसकारण टिम नेपालमा दुई जना मात्र सहभागी थिए । यसले गर्दा पनि आफूहरूलाई प्रतिस्पर्धामा उत्रिन गाह्रो भएको सजिन श्रेष्ठले बताए ।

मेक्सिकोमा सम्पन्न उक्त अन्तर्राष्ट्रिय रोबोट ओलम्पिक 'फर्स्ट ग्लोबल च्यालेन्ज' मा शिशिर विश्वकर्मा, पृथ्वी चौधरी, सजिन श्रेष्ठ र सार्थक सेनको टिम सहभागी हुने तयारी गरिएको भए पनि अन्तिममा सजिन श्रेष्ठ र शिशिर विश्वकर्मा मात्र सहभागी हुन पाए । टिम नेपाललाई रोबोटिक्स एसोसिएसन अफ नेपालका सचिव बिनोद कँडेलले निर्देशन गरेका थिए ।

गत साउन २९ देखि भाद्र २ गतेसम्म चलेको उक्त प्रतियोगितामा १ सय ८० राष्ट्रका प्रतिनिधिले भाग लिएका थिए । गत वर्षदेखि प्रारम्भ भएको यो प्रतिस्पर्धामा नेपाल पहिलो पटक सहभागी भएको हो ।



प्रतियोगितामा नेपालका लागि लाग्ने प्रवेश शुल्क करिब २० लाख मिनाहा गरिनुका साथै प्रतियोगीहरूका लागि जाने, आउने र बस्नेसम्पूर्ण खर्च आयोजकहरूले नै बेहोरेका थिए । त्यसैगरी रोबोट निर्माणका लागि आवश्यक किट समेत उपलब्ध गराइएको थियो । टिम नेपालका लागि यो नै मुख्य उपलब्धि भएको र पहिलो पटक यस प्रकारको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाउनु नै खुसीको कुरा भएको रोबोटिक्स एसोसिएसन अफ नेपालका अध्यक्ष विकास गुरुङले बताए । यो सहभागिताले आगामी दिनमा विशेष तयारीका साथ अघि बढ्न हौसला प्रदान गरेको उनको तर्क थियो ।

## चन्द्रमामा पाइयो आइसका टुक्रा



वैज्ञानिकहरूले चन्द्रमामा आइसका टुक्रा फेला पारेका छन् । चन्द्रमाको ध्रुवीय क्षेत्रमा पर्ने अध्याँरो र चिसो ठाउँहरूमा जमेको पानी फेला परेको नासाले जनाएको छ । भारतले १० वर्षअघि प्रक्षेपण गरेको चन्द्रयान-१ नामक अन्तरिक्षयानबाट प्राप्त डाटाबाट चन्द्रमामा आइसका टुक्राहरू पाइएको हो । टुक्राका रूपमा फैलिएका ती आइस प्राचीन हुन सक्ने नासाले जनाएको छ । चन्द्रमाको दक्षिणी ध्रुवमा ती आइस लुनर क्रेटरमा थुप्रिएको पाइएको छ भने उत्तरी ध्रुवमा छरिएर रहेको छ । हवाई एन्ड ब्राेन विश्वविद्यालयका वैज्ञानिक सौ लि तथा नासाको एम्स रिर्सच सेन्टरका वैज्ञानिक रिचार्ड इल्फिक नेतृत्वको समूहले चन्द्रमा आइसको टुक्रा रहेको कुरा पत्ता लगाएको हो ।

तस्बिर : नासा

## सामसङ महाएक्सचेन्ज अफर




न्यु रोड, ताम्राकार कम्प्लेक्सको पाँचौं तलामा अवस्थित मोबाइल एक्सचेन्ज कम्पनी इजी मोबाइल केयरले जुनसुकै ब्रान्डको मोबाइल फोन सामसङको स्मार्टफोनसँग साट्ने एक्सचेन्ज अफर सार्वजनिक गरेको छ । कम्पनीले जुनसुकै फोनजस्तो अवस्थामा ल्याए पनि न्यूनतम मूल्य रु. १ हजारबाट सुरु हुने गरी मूल्यांकन गर्ने कुरा बताएको छ ।

त्यस्तै एक्सचेन्जमा किनेको फोनमा कम्पनीले थप १ वर्षको वारेन्टी उपलब्ध गराउनेछ भने कम्पनीबाट खरिद गरिएको फोन बिग्रिए घरबाटै पिकअप एण्ड ड्रपका साथै मर्मतको सुविधासमेत दिनेछ । यसका साथै कम्पनीले विभिन्न बैंकसँग सहकार्य गरी ती बैंकका क्रेडिट कार्ड होल्डरहरूलाई ६ महिना, १२ महिना तथा १८ महिनाको किस्ताबन्दीमा स्मार्टफोन उपलब्ध गराउँदै आएको छ । यो कम्पनीले रु.१ तिरेपछि मासिक किस्ताबन्दीमा स्मार्टफोन उपलब्ध गराउने योजना सफलतापूर्वक संचालन गर्दै आएको छ ।

## नेटगियर आईसीटी एवार्ड-२०१८

लिभिङ विथ आईसीटीको आयोजनामा तेस्रो संस्करणको 'नेटगियर आईसीटी एवार्ड २०१८' सम्पन्न भएको छ । 'सूचना प्रविधिमा सम्भावना र उत्कृष्टताको खोजी' नारासहित गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा विभिन्न ७ विधामा आईसीटी एवार्ड प्रदान गरिएको थियो ।

### कसलाई कुन एवार्ड ?

आइसीटी एवार्डमा कुल ७ विधा समावेश थिए । यसअन्तर्गत आइसीटी स्टार्टअप एवार्ड, आइसीटी प्रडक्ट एवार्ड, आइसीटी पायोनियर एवार्ड, आइसीटी आन्ट्रप्रनर एवार्ड, आइसीटी डायस्पोरा एवार्ड, डिजिटल गभर्नेन्स एवार्ड, आइसीटी मिडिया रिकग्निसन एवार्ड थिए भने स्टार्टअप र प्रडक्ट एवार्डमा एक कम्पनीलाई जुरी स्पेशल मेन्सन एवार्डसमेत प्रदान गरिएको थियो । १० जनाको जुरीले १ महिनासम्म अध्ययन, अन्तवार्ता, प्रिजेन्टेशन, कार्यालय भ्रमण, अनलाइन भोटिङ आदि प्रक्रियाबाट उत्कृष्टको छनौट गरेको जुरी संयोजक हेमपाल श्रेष्ठले जानकारी दिए ।

### डिजिटल गभर्नेन्स एवार्ड

आइसीटी एवार्ड २०१८ अन्तर्गत नेपाल प्रहरीले डिजिटल गभर्नेन्स एवार्ड प्राप्त गरेको छ । सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने सरकारी निकायलाई वितरण गरिने यो एवार्डमा नेपाल प्रहरी उत्कृष्ट साबित भएको हो । नेपाल प्रहरीको कार्यालयमा कागजको प्रयोग ८० प्रतिशतले घटिसकेको छ । चाँडै नै नेपाल पुलिस नामको इन्टिग्रेटेड एप्लिकेशन पनि ल्याउने तयारीमा प्रहरी जुटेको छ ।

### पायोनियर एवार्ड

तीन दशकदेखि नेपालको सूचना प्रविधिको विकास एवं विस्तारमा अनवरत लागिरहेका मर्कन्टाइल कम्युनिकेशनका संस्थापक सञ्जीव राजभण्डारीले आइसीटी पायोनियर एवार्ड प्राप्त गरेका छन् । राजभण्डारीले नेपालमा पहिलो पटक इन्टरनेट सेवा भित्र्याउने, बैंक तथा वित्तीय क्षेत्रका सफ्टवेयर निमार्ण गर्नेदेखि सूचना प्रविधिका महत्त्वपूर्ण उत्पादनहरूको बजारीकरण गर्न योगदान दिएका छन् ।

### आन्ट्रप्रेनर एवार्ड

एफवान सफ्टका अध्यक्ष विश्वास ढकालले आइसीटी आन्ट्रप्रेनर एवार्ड प्राप्त गरे । विद्यार्थी जिवनमा एउटा कोठाबाट सुरु भएको एफ वान सफ्टमार्फत् अहिले उनले ४ सय ५० भन्दा बढी नेपालीलाई प्रत्यक्ष रोजगारी दिएका छन् । हाल एफवान सफ्टअन्तर्गत ई-सेवालगायत १५ वटा कम्पनी सञ्चालनमा छन् ।

### स्टार्टअप एवार्ड

यो संस्करणको आइसीटी स्टार्टअप एवार्ड पिपुल डेभलपमेन्ट ल्याबले जितेको छ । निर्णायक तथा अनलाइन भोटिङका आधारमा पहिलो हुन सफल उक्त कम्पनीले प्रविधिको माध्यमबाट मानिसलाई करियर गाइड गर्ने, कोचिङ प्रदान गर्ने तथा उनीहरूको लिडरसिप प्रोसेसलाई नयाँ रुपले मूल्यांकन एवं परिभाषित गर्ने काम गर्छ ।




### प्रोडक्ट एवार्ड

दर्शन टेकले केही महिनाअघि विकास गरेको इन्स्युरेन्स म्यानेजमेन्ट सफ्टवेयर आइ-सोलुसन्स लाइफ आइसीटी प्रोडक्ट एवार्ड जित्न सफल भयो । यो प्रोडक्ट लाइफ इन्सुरेन्स कम्पनी, पोलिसी मार्केट, एजेन्सी मार्केट, इन्सुरेन्स रेगुलेटर आदिका लागि लक्षित छ । हाल ६ वटा प्रमुख बिमा कम्पनीमा यसको प्रयोग हुँदै आएको छ ।

### जुरी स्पेसल मेन्सन एवार्ड

अनलाइनबाट ट्याक्सी सेवा प्रदान गर्दै आएको सारथीले जुरी स्पेसल मेन्सन एवार्ड जितेको छ । आइसीटी स्टार्टअप र प्रडक्ट दुवै विधामा उत्कृष्ट ५ मा पर्न सफल सारथीले उपभोक्तालाई प्रविधिसँग जोडेर सहज तरिकाले ट्याक्सी सेवा उपलब्ध गराउँदै आएको छ ।

### डायस्पोरा एवार्ड

अन्तराष्ट्रिय तहमा रही सूचना प्रविधिमा उदाहरणीय काम गरेको भन्दै लिपफ्रग टेक्नोलोजीका कार्यकारी प्रमुख हिमाल कर्माचार्यलाई आइसीटी डायस्पोरा एवार्ड प्रदान गरिएको छ । हाल अमेरिकामा रहेका कर्माचार्यले नेपालको सूचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष योगदान पुर्‍याउँदै आएका छन् ।

### मिडिया रिकग्निसन

आइसीटी मिडिया रिकग्निसन एवार्ड पत्रकारद्वय सन्तोष न्यौपाने तथा गोपाल साउदलाई प्रदान गरिएको छ । साउद नयाँपत्रिका दैनिकमा कार्यरत छन् भने न्यौपाने नागरिक दैनिकमा कार्यरत छन् । आइसीटीलाई मुख्य विधा बनाएर पत्रकारिता गरेका पत्रकारलाई यो एवार्ड प्रदान गरिन्छ ।

केवल एक प्रश्न



# गोरुजात्रा किन नमनाइएको होला ?

जुनबेलादेखि गाईजात्रा मनाउन थालियो सम्भवतः त्यति बेला गोरु पाइएन क्यारे ।

**शिवहरि पौडेल, हाँस्यकलाकार**

नेपाल हिन्दु धर्मालम्बीहरूको बाहुल्यता भएको देश हो । यहाँ गाईलाई लक्ष्मीका रूपमा पूजा गरिन्छ र गाईजात्राको महत्व पुरानो परम्परासँग पनि जोडिएको छ । गाईलाई पूजा गरिने र गोरुलाई खेतबारी जोताइने भएकाले पनि होला । अर्को कुरा देशमा सधैं राजनीतिक जात्रा हुने भएकाले पनि गोरुजात्रा मनाउन आवश्यक नमानिएको हुनसक्छ ।

**याम क्षेत्री, गायक**

सिंगार गर्दा गोरुभन्दा गाईलाई राम्रो देखिने भएर होला गोरुजात्रा नमनाइएको ।

**शिव बिक, नृत्य निर्देशक**

गाई हाम्रो राष्ट्रिय जनावर हो । हामी गाईलाई आफ्नी आमा सरह मान्छौं । अर्को कुरा गाईको तुलनामा गोरुहरूले बढी जात्रा गरिरहेका हुन्छन् । त्यसैले पनि वर्षमा एकपटक चाहिँ गाईजात्रा मनाउ भनेर गोरुजात्रा नमनाइएको होला ।

**विक्रान्त मेहता, गायक तथा चिकित्सक**

नेपालमा पुलिङ्गहरूले सधैं जात्रा, उत्सव पर्व मनाउने भएर होला भालेहरूको पर्व नभएको ।

**धिताल चिरिच्याट्ट, हाँस्यकलाकार**

यो धार्मिक एवं साँस्कृतिक विषयसँग जोडिएको कुरामा म टिप्पणी गर्ने साहस गर्दिनँ ।

**बद्री पंगेनी, गायक**

गोरु भनेको पुलिङ्ग हो । विभेदका कारण हाम्रो समाजमा सामाजिक महिलालाई भन्दा पुरुषलाई धेरै कुरामा जात्रा देखाउन सजिलो छ । यसरी पुरुषले वर्षैंभरि विभिन्न कुरामा जात्रा देखाइरहेका कारण गोरुको जात्रा धेरै भयो अब स्त्रीलिङ्गीको पनि समान अधिकार चाहियो भनेर वर्षमा एकदिन भए पनि गाईजात्रा हुनुपर्छ भनेर गाईजात्रा मनाएर गोरुजात्रा नमनाइएको होला ।

**महेन्द्र गौतम, मोडल**

गाईजात्राले विशेष धार्मिक महत्व बोकेको छ । त्यसले गर्दा पनि गोरुजात्रा नमनाइएको होला ।

**अञ्जली अधिकारी, मोडल**

दाइटीका नभनेर भाइटीका किन मनाइएको होला भने जस्तै हो । किनभने सबैको आ-आफ्नै महत्व छ ।

**करिश्मा ढकाल, मोडल**

मृतक बैतरणी तर्न गाईको पुच्छरको पिलेन झुन्डिनुपर्छ, साँढे गोरुको होइन । साँढेलाई पशुपतिमा समानुपातिक सिट दिइएकै छ । गोरु त खसी पारेको हो । खसी पारेकाको जात्रा के मनाई भो र ?

**राजेन्द्र थापा, गीतकार**

गोरुहरूको जात्रा त वर्षभरि देख्न पाइन्छ, त्यसैले गोरुजात्रा नमनाइएको होला ।

**पृथ्वीराज प्रसाईं, अभिनेता**

राष्ट्रिय जनावर गोरु किन बनाइएन होला त ? गाईको स्थान गोरुले लिन नसकेर होला ।

**राधिका हमाल, गायिका**

गाईजात्रा वर्षमा एकपटक मनाइन्छ भने गोरुजात्रा चुनावका रूपमा पाँच वर्षमा एकपटक मनाइन्छ ।

**दीपकराज गिरी, अभिनेता**

यो देशको हरेक क्षेत्रमा सधैंभरि गोरुहरूकै जात्रामात्र देखिन्छ, सडक, सदन, कार्यालय, विद्यालय सबैतिर गोरुहरूको जात्रा देखेर दिक्क भएका जनताले गाईजात्रा हेर्ने इच्छा व्यक्त गरेको हुँदा वर्षमा एकदिन गाईजात्रा मनाइएको हो, गोरु जात्रा मनाउनु जरुरी पनि छैन ।

**दीपक आचार्य, निर्देशक तथा कलाकार**

पितृसत्ताका कारणले भालेलाई भन्दा पोथीलाई हेप्न सजिलो भएर होला । किनभने जात्रा त गाईले भन्दा गोरुले नै धेरै देखाउँछन् ।

**लेखनाथ न्यौपाने, नेता, नेकपा**

पहिले महिलाको तुलनामा लोग्ने मानिसहरू धेरै बाठा हुन्थे । त्यसकै प्रभाव होला ।

**हेमन्त शर्मा, गायक**

गोरुलाई जोत्नुपर्ने भएर होला गोरुजात्रा नमनाइएको ।

**जितु नेपाल, अभिनेता**

हाम्रो हिन्दूधर्ममा गोरुजात्रा मनाउने चलन छैन, त्यही भएर ।

**पुष्प खड्का, अभिनेता**

नेपाली समाजमा गोरुलाई भन्दा गाईलाई धेरै मान्यता दिइने भएर होला गोरुजात्रा नमनाइएको ।

**प्रल्हाद सुवेदी, गीतकार**

नेवार समुदायमा मनाइने यो चाडको ऐतिहासिक महत्व छ । गाई लक्ष्मीको प्रतीक हो, गोरु होइन । गोरुलाई त जुधाउने चलन छ ।

**अनिता चलाउने, गायिका**

बिचरा रातदिन खेत जोत्ने गोरुको पनि एकदिन त जात्रा मनाइदिनु पर्ने हो नि

साँच्चै गोरुजात्रा किन नमनाइएको होला ? यसको यथार्थ उत्तर दिन मेरो दिमागले भ्याएन ।

**रमेशराज भट्टराई, गायक**

प्रस्तुति : महेश तिमल्सिना



चटपटे प्रश्न




● विल्सनविक्रम राई, अभिनेता

# कमिला कसरी पस्यो कसैलाई थाहा छैन

**प्रकाश सुवेदीले चलचित्र 'बकमफुसे राजा' मा राजाकै भूमिका निर्वाह गर्ने प्रस्ताव राखे भने ?**

पहिले त फुरुङ्ग पर्छु । त्यसपछि राजा नभएको देशमा राजा हुन पाउँदा झनै गद्गद् हुन्छु ।

**नायिका पूजा शर्माले डेटिङ जाने प्रस्ताव राखिन् भने ?**

कुन चलचित्रका लागि भनेर सोध्छु, किनभने वास्तविक जीवनमा त उनले यो प्रस्ताव राख्ने सम्भावना शून्य नै छ ।

**साली कसको भेनाको किन भनिएको होला ?**

साला कसको भेनाको भन्दा अलि अनौठो सुनिने भएर पो हो कि ?

**बाथरुममा नुहाइरहेको अवस्थामै तपाईंलाई प्रहरीले समातेर लग्यो भने ?**

कम्तीमा राम्रोसँग नुहाउन दिनुहोस्, कट्टु लगाउन दिनुहोस् अनि मात्र लानुहोस् भनेर आग्रह गर्थें ।

**सूर्य किन पश्चिमबाट नउदाएको ?**

यो प्रश्न मलाई भन्दा पनि हाम्रो देशका प्रधानमन्त्री केपी शर्मा ओलीसँग सोध्दा सही जवाफ आउँछ, किनभने उहाँको पार्टीको चुनाव चिह्न नै सूर्य हो ।

**मान्छेलाई भोक नलागे के हुन्छ ?**

कन्फर्म नै छ, भोक नलागे मानिसलाई ठाउँको ठाउँ ग्यास्ट्रिक हुन्छ ।

**लिफ्टमा भएका बेला दुई घण्टा बिजुली गयो भने ?**

१९७ मा फोन गर्छु र कुलमान घिसिङको डाइरेक्ट नम्बर माग्छु ।

**तपाईंलाई यो वर्षको महामूर्खको उपाधि दिए के हुन्छ ?**

यो उपाधि प्रदान गर्न अलि ढिला भयो कि भन्ने सोच्छु । त्यसपछि मलाई महामूर्ख उपाधि दिने व्यक्तिका बारेमा जानकारी लिन्छु । किनभने त्यो मान्छे म भन्दा दोब्बर महामूर्ख हुनु पर्‍यो नि ।

**घरमा सुतेको बेला ब्युँझिँदा आफूलाई फेवातालको मध्यभागमा पाउनुभयो भने ?**

आँखा मिच्दै वरिपरि हेर्छु । त्यहाँसम्म कसरी आइपुगें भनेर गम्छु । फेवातालको पानीमा हात चोप्छु, सपना हो कि बिपना हो भनेर पत्ता लगाउन । सपना रै'छ भने ठीकै छ, बिपना हो भने सिट्ठी बजाएर बस्छु ।

**बिर्को ला'को चिनीमा कसरी पस्यो कमिलो ?**

त्यत्रो ७ करोड भ्यू पुग्दा पनि न गाना सुन्नेहरूले, न त उक्त गीतका गीतकार राजनराज शिवाकोटीले थाहा पाएँ, मैले कसरी थाहा पाउनु ?

प्रस्तुति : कृष्ण भट्टराई

संगीत



# सुस्ताए हास्यगीत

रामजी ज्ञवाली

कुनै बेला यस्तो पनि थियो, रेकर्डिङ स्टुडियोहरूमा असंख्य मात्रामा कमेडी स्टायलका गीत रेकर्ड हुन्थे र ती गीत गाउने कलाकारहरूको क्रेज पनि निकै बढी थियो । एफएम, रेडियो तथा टिभीहरूमा पनि हास्यप्रधान गीतको बाहुल्यता थियो । दर्शक-श्रोताहरु निकै रूचिका साथ ती गीत सुन्थे अनि गुनगुनाउँथे । खासगरी देशको अस्थिर राजनीति, राजनीतिज्ञ एवं समसामयिक विषयवस्तुमा केन्द्रित हास्यप्रधान गीत अहिले भने रेकर्ड हुनै छाडेका छन् । विगतमा यस्ता गीत तयार पार्ने कलाकारहरूले बिस्तारै आफ्नो बाटो परिवर्तन गरिसकेका छन्, त्यसमध्ये धेरै कलाकार बिदेसिएका छन् । आखिर किन नेपालमा कमेडी गीत हराउँदै गएका होलान् ? सबैका आ-आफ्नै तर्क छन् । यद्यपि यी गीतसँग कहीं-कतैबाट नजिक भएका कलाकारहरु भने नेपालमा कमेडी टाइपका गीतको भविष्य नरहेको बताउँछन् ।



हरेक घटनालाई व्यङ्ग्यात्मक किसिमले गीतको माध्यमबाट दर्शक-श्रोताहरूलाई पेट मिची-मिची हँसाउन बाध्य पार्ने कमेडी गीत सुन्नुपरे विगतमा रेकर्ड भएका केही गीत युट्युबमा छन् । युट्युबमा नयाँ गीत थपिन छोडेका छन् । चर्चित कलाकार हरिवंश आचार्य मिडियाले सहयोग गर्ने हो भने हास्यगीतले पुनर्जन्म पाउने कुरा बताउँछन् । अहिले मिडियाले चलचित्र, आधुनिक तथा लोकगीतलाई प्राथमिकता दिएका छन्, अभिनेता समेत रहेका गायक आचार्यले भने, 'मिडियाले ढोका लगाइदिएपछि हास्यगीत दर्शक-श्रोतासमक्ष पुग्न छाडेका हुन् ।' मिडियाले कमेडी टाइपका गीत प्रकाशन गर्ने र त्यस्ता गीत गाउने कलाकारलाई पनि प्राथमिकता दिएर समाचार, अन्तर्वार्ता आदि छापिदिने हो भने कलाकारहरू पनि यी गीततर्फ आकर्षित हुने आचार्यका दाबी छ । मैले कमेडी गीत रेकर्ड गराउँछु भनेको एक महिना भयो, उनले भने, 'मिडियाले वास्ता राख्दैन अनि श्रोताले कसरी सुन्छन् ? खर्च गरेर पनि कसैले सुन्न नपाएपछि किन लगानी गर्नु ?' अर्का चर्चित हास्य गायक श्रीकृष्ण लुइँटेलका पनि धेरै गीत चर्चित छन् । यद्यपि यस्ता प्रकारका गीतको बजार खस्कँदै गएको उनको स्वीकारोक्ति छ । 'विभिन्न बाधा-अड्चनका कारण यस्ता गीत लोप भैरहेका छन् तर बेला-बेला दिमाग फ्रेस गराउन यी गीतको अहं भूमिका हुन्छ, लुइँटेल भन्छन्, 'यस्ता गीत गाउने कलाकारहरू निरन्तर हराउँदै गएका छन्, यो राम्रो कुरा पटक्कै होइन ।' खासै आम्दानी नहुने र दर्शक-श्रोताहरूको पनि अन्य प्रकारका गीतमा रुचि बढ्दै गएकाले कमेडी गीत रेकर्ड हुन छाडेको हुन सक्ने उनको आँकलन छ ।

### जुन गीत निकै हिट भए

हरिवंश आचार्यले २०४५ सालतिर गाएको रमाइलो गीत साझाबसमा जो पनि चढ्दछ अहिले पनि उत्तिकै हिट छ ।



२५ वर्षअघि रेकर्ड भएको यो गीत केही वर्षअघिसम्म रेडियो टिभीमा सर्वाधिक बज्ने गीतसमेत थियो । आचार्यकै अर्को गीत चल्चले चन्चले गण्डकी अन्चले पनि निकै चलेको गीत मानिन्छ । हरिवंश आचार्यकै अर्को कमेडी गीत हाम्री आमा सान्है नै बाठी छन्, चामल सित पिठो पो साटिछन् पनि लोकप्रिय कमेडी गीत हो । गायक श्रीकृष्ण लुइँटेलको तेरो बाउ थोते, मेरी आमा थोती, तेरी बहिनी ठ्याक्कै कुखुराकी पोथी निकै हिट गीत हो । यसैगरी प्रकाश ओझाका धेरै गीत हिट छन् । बाउले बिहे गर्दिएनन पोहोर पनि, भत्काइदिन्छु बाखाको खोर पनि उनको सुपर हिट गीत हो । साना बच्चाबच्चीदेखि हरेक उमेर समूहले गुनगुनाउने उक्त गीत यतिसम्म लोकप्रिय भयो कि रेडियो, टेलिभिजनमा चौबीसै घण्टा यही गीत बज्थ्यो । देशविदेशमा हुने सांगीतिक कार्यक्रममा यही गीतमा नृत्य गरिन्थ्यो । यौनशोषणको आरोपमा केन्द्रीय कारागार सुन्धारामा जेलजीवन बिताईरहेका ओझा केही वर्षअघिदेखि नै कमेडी गायनबाट हराउँदै गएका थिए । आलुबोडी तरकारी तामा लाई, एउटा बुहारी चाहियो मेरी आमालाई पनि हिट हास्यगीतमध्ये एक मानिन्छ ।



यो हिट गीतका गायक रतन सुवेदी अहिले खासै सक्रिय छैनन । खाने भए खाऊ माया ठूलो खसी खाऊ, चिकन चिल्ली खाने भए पैसा छैन जाऊ पनि उनको हिट हास्य गीत हो । एक दर्जनभन्दा बढी गीत गाएका यी चर्चित गायक अहिले अमेरिकामा छन् । लामो समयदेखि सक्रिय नारद खतिवडाको ढोका खोल न पोस्टेकी आमा, ढोका खोलन हौं निकै लोकप्रिय गीत हो । यद्यपी अहिले उनी पनि निष्क्रियजस्तै छन् । लोकप्रिय हास्य गायक प्रकाश पौडेलको नाइँ मलाई त्यही केटी चाहिन्छ निकै सुनिएको गीत हो । हाल दुबईमा कार्यरत पौडेल नेपालमा कमेडी टाइपका गीतको बजार हराउँदै गएकाले आफू विदेश पलायन भएको बताउँछन् । महजोडीले गाएको तिम्रो माया उनान्सय, मेरो मायाँ सय, केशव सापकोटाको लैनो भैंसी बेचियो, आफ्नै ढाड सेकियो आदि गीत पनि निकै चर्चित हास्यगीत हुन् ।

## म्युजिक अपडेट

### युरोपमा नवीनको प्रस्तुति

गायक नवीन पौडेल युरोपमा सम्पन्न सांगीतिक कार्यक्रममा सहभागिता जनाएर स्वदेश फर्किएका छन् । एनआरएनएको निमन्त्रणामा युरोप पुगेका गायक पौडेलले लक्जेम्बर्गमा आयोजित एनआरएनएको एघारौं युरोपियन सम्मेलनका क्रममा आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेर त्यहाँ कार्यरत नेपालीहरूलाई नचाएका थिए । लोकदोहोरी गीतमार्फत सामाजिक यथार्थतालाई चित्रण गर्दै आएका गायक पौडेलले लक्जेम्बर्गको कार्यक्रमपछि बेल्जियम, फ्रान्स तथा जर्मनीमा आयोजित सांगीतिक कार्यक्रममा पनि आफ्नो प्रस्तुति दिएका थिए ।

### कुश्मामा बद्री र शिव

गायकद्वय बद्री पंगेनी एवं शिव परियार तथा गायिका सम्झना भण्डारीले पर्वतको कुश्मामा आयोजित सांगीतिक कार्यक्रममा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका छन् । सूचनाकेन्द्र डटकमको पाँचौं वार्षिकोत्सवको अवसरमा आयोजित उक्त कार्यक्रममा तीन जना संगीतकर्मीले झन्डै दुई घण्टा दर्शकहरूलाई नचाएका थिए ।

### इलाममा दीप

गायक दीप श्रेष्ठ पहिलो पटक इलामका दर्शकमाझ प्रत्यक्ष रूपमा प्रस्तुत भएका छन् । सदरमुकामस्थित गौतम बुद्ध सभागृहमा आयोजित सांगीतिक समारोहमा गायक श्रेष्ठलाई सुन्न छिमेकी जिल्लाहरूका दर्शक समेत उपस्थित थिए । उक्त अवसरमा श्रेष्ठले झन्डै एक दर्जन गीत सुनाएका थिए भने झापाको कुइभर ब्यान्डका सुवास श्रेष्ठ, निमा वाङगेल तामाङ, सुन्दर सिंह तथा सन्दीप बिकेको प्रस्तुतिले पनि कार्यक्रमलाई रोचक बनाएको थियो ।



### युट्युब प्रिमियर

**गीत** : जुनी-जुनीलाई, **गायन** : राहुल विश्वास/सन्ध्या जोशी, **निर्देशन** : अमित पराजुली

**गीत** : फर्कि आउँछौं, **गायन** : रुपक डोटेल, **निर्देशन** : विकास सुवेदी

**गीत** : हावा सरी, **गायन** : प्रकाश खत्री

**गीत** : भर छैन तिम्रो, **गायन** : सिडि विजय अधिकारी

**गीत** : तिम्रो रूपले, **गायन** : स्रमाट र सौरभ, **निर्देशन** : सौरभ न्यौपाने

### माथि-माथि हिउँचुली

११ वर्षीया बालिका समृद्धि तिमिल्सिना आफ्नो पहिलो गीत 'माथि-माथि हिउँचुली' को म्युजिक भिडियो लिएर दर्शक तथा श्रोतामाझ आएकी छिन् । रमेश अधिकारीको शब्दको उक्त गीतमा गायिकाकै बुवा चक्रपाणी तिमल्सिनाको स्वर सुन्न सकिन्छ ।

### मोहनसँग झरना

गायक मोहन राईको नयाँ गीत 'सम्झनाको शीत...' को म्युजिक भिडियो सार्वजनिक भएको छ । शिखर सन्तोषद्वारा संगीतबद्ध एवं वीरेन्द्र भाटद्वारा निर्देशित उक्त भिडियोमा अभिनेत्री झरना थापाले अभिनय गरेकी छिन् ।

### अमेरिकाबाट तीज गीत

अमेरिकामा बसोबास गर्ने गायिका लक्ष्मी खरेलको स्वरको 'सितारा भरेको साडीमा' गीतको म्युजिक भिडियो प्रिमियर भएको छ । क्यालिफोर्नियामा छायांकन गरिएको उक्त गीतको भिडियोलाई सुरेश दर्पण पोखरेलले निर्देशन गरेका हुन् ।

### ललित सिंहसँग

गत शनिबार भारतका चर्चित पप गायक ललित सिंह ओजन नेपालले आयोजना गरेको कार्यक्रममममा प्रस्तुति दिन पोखरा पुगेका थिए । पोखरा लेकसाइडस्थित ओजन रेस्टुराँ एन्ड बारमा भएको कार्यक्रममा झुम्न युवा-युवतीको भीड लागेको थियो । ललितले आफ्नो प्रस्तुति मार्फत दर्शकहरूलाई भरपुर मनोरञ्जन प्रदान गरे ।

### नेपथ्य फेरि लन्डनमा

नेपथ्य तेस्रोपटक बेलायतमा प्रस्तुत हुने भएको छ । पाँच वर्षअघि विम्बले एरेनामा ऐतिहासिक प्रस्तुति दिएको र त्यसैलाई पछ्याउँदै तीन वर्षअघि लण्डनकै ओ टु एकेडेमी ब्रिक्सटनमा प्रस्तुत भएको नेपथ्यले फेरि एकपटक आफूलाई ओ टु एकेडेमीमा उभ्याउँदैछ । यही सेप्टेम्बरको १ तारिख (भदौ १६ गते) उक्त कार्यक्रम प्रस्तुत हुने बताइएको छ । बेलायतको उक्त कार्यक्रम 'देब्रे इभेन्ट्स'का चन्द्र गुरुङले आयोजना गर्नलागेका हुन् ।

## फिल्मी डायरी

### मोफसल घुम्दै प्रदीप

अभिनेता प्रदीप खड्का चलचित्र रोजको प्रमोसनका लागि देशका मुख्य सहरहरू पुग्ने भएका छन् । उक्त टुरमा प्रदीप कन्सर्टमार्फत दर्शकसँग प्रत्यक्ष रूपमा जोडिनेछन् भने पत्रकार भेटघाटमार्फत चलचित्रका सम्बन्धमा जानकारी गराउनेछन् । उक्त प्रमोसन टुर पोखराबाट सुरु हुनेछ । १४ भदौमा पोखरा, १५ भदौमा बुटवल, १६ भदौमा नारायणगढ, १७ भदौमा इटहरी र धरान, १८ भदौमा दमक र बिर्तामोड तथा २० भदौमा राजधानी काठमाडौंमा कन्सर्ट तथा प्रेसमिट हुने अभिनेता प्रदीप खड्काले बताए । चलचित्र रोज यही भदौमै प्रदर्शनमा आउँदैछ । अघिल्लो साता मात्र यो चलचित्रको शीर्षक रोजीबाट रोजमा परिवर्तन गरिएको थियो ।

### बाँध मायालेको प्रिमियर

चलचित्र 'बाँध मायाले'को वर्ल्ड प्रिमियर अस्ट्रेलियामा सम्पन्न भएको छ । अस्ट्रेलियाको इभेन्ट सिनेमा वरउडमा भएको प्रिमियरमा उल्लेख्य दर्शकको सहभागिता रहेको दाबी गरिएको छ । प्रिमियरमा उपस्थित दर्शकले चलचित्र मन पराएको कुरा बताउँदै अभिनेता आर्यन अधिकारीले केही दिनमै यो चलचित्र अस्ट्रेलियामा प्रदर्शन गर्न लागिएको जानकारी दिए । अस्ट्रेलियापछि आगामी अगस्ट २८ मा अमेरिकास्थित सान्फ्रान्सिस्कोमा विशेष शो आयोजित गरिनेछ । सविर श्रेष्ठको निर्देशनमा निर्माण भएको यो चलचित्रमा आर्यन अधिकारीका अतिरिक्त सृष्टि श्रेष्ठ, राजाराम पौडेल, रवीन्द्र प्रताप सेन, विशाल चाम्लिङ, किशोर खड्का आदि कलाकारले अभिनय गरेका छन् ।

### नेम्पा पपुलर एवार्ड

अमेरिकामा आयोजना हुन लागेको नेपाली राष्ट्रिय सम्मेलन-२०१८ मा नेपाल चलचित्र संघले नेम्पा पपुलर फिल्म एवार्ड वितरण गर्ने भएको छ । अगस्ट ३१ देखि सेप्टेम्बर २ सम्म अमेरिकामा रहेका नेपाली संगठनहरू एन्मा, नासिया तथा एनाको संयुक्त आयोजनामा उक्त सम्मेलन हुन लागेको हो । चलचित्र संघले नेपाली चलचित्रको विकास एवं विस्तारका लागि पपुलर एवार्ड सञ्चालन गर्न लागेको जनाएको छ । अवार्डका लागि संघका २५ जना प्रतिनिधि अमेरिका जानेछन् ।



### गोपीको छायांकन

केही महिनाअघि घोषणा भएको चलचित्र गोपीको छायांकन प्रारम्भ भएको छ । छायांकनमा जान केही दिन मात्र बाँकी रहँदा मुख्य अभिनेता खगेन्द्र लामिछाने तथा वर्षा शिवाकोटीले चलचित्रबाट हात झिकेपछि तनावमा परेको निर्माण टिमले विपिन कार्की र वर्षा राउतलाई लिएर चलचित्रको छायांकन सुरु गरेको हो । चैत्र १५ मा प्रदर्शनमा आउने यो चलचित्रलाई शैलेन्द्र डी कार्कीले छायांकन गर्दैछन् ।

### सूर्यास्तको इन्ड क्ल्याप

चलचित्र सूर्यास्तको एउटा आइटम गीतको छायांकनसँगै इन्डक्ल्याप भएको घोषणा गरिएको छ । राज बस्न्यातको निर्माण एवं निर्देशनको यो चलचित्रमा किशोर खतिवडा, प्रज्वल गिरी, अप्सरा राई, पनाह अधिकारी, रितेश श्रेष्ठ काजि रम्तेल आदि कलाकारले अभिनय गरेका छन् । त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र सूर्यास्तका गीतमा विकास चौधरी तथा जनम राइको संगीत रहने बताइएको छ । सूर्यास्त मंसिरमा प्रदर्शनमा आउनेछ ।

### अभिनेत्री सनमको बर्थ डे

चलचित्र रेनीकी अभिनेत्री सनम मल्लले काठमाडौंमा एक विशेष कार्यक्रम आयोजित गरी आफ्नो जन्मदिन मनाएकी छिन् । रेनीको प्रमोशनमा खटिइरहेकी सनमसँग रेनीका अभिनेता दीपक ढकाल, हास्यकलाकार टंक डुम्रे, गीतकार गुरु भुटिया, निर्माता बिमला, सञ्जीव मल्ल आदिले जन्मदिन सेलिब्रेट गरेका थिए ।

### दयाराम घिमिरेको वृत्तचित्र

निर्देशक दयाराम घिमिरेले पूर्वी पहाडमा प्रचलित फेरी लगाउने संस्कृतिलाई वृत्तचित्र 'जोगी रातका देवता' निर्माण गरेका छन् । आफ्नै निर्माण एव निर्देशनमा घिमिरेले जोगी समुदायमा प्रचलित फेरी लगाउने संस्कृतिलाई उजागर गर्न वृत्तचित्र तयार पारेको बताए । ओमनाथ जोगीद्वारा अभिनित यो वृत्तचित्रको छायांकन रोनिश राउतले गरेका हुन् । घिमिरे म्युजिक भिडियो तथा विज्ञापन निर्देशन हुँदै अहिले डकुमेन्ट्री निर्माण एवं निर्देशनमा सक्रिय छन् ।

## पोस्टर/ट्रेलर



### मालिकाको गीत सर सर

अभिनेत्री रेखा थापा अभिनीत, निर्मित तथा निर्देशित चलचित्र मालिकाको दोस्रो गीत सार्वजनिक भएको छ । सुरेश अधिकारीको शब्द तथा संगीतको सर सर शीर्षकको उक्त गीतमा आस्था राउतले स्वर दिएकी छिन् । यो गीतको भिडियोमा मालिकाका कलाकार रेखा थापा तथा कमला वलीको यात्रा देखाइएको छ ।

### चङ्गा चेटको गीत

चलचित्र चङ्गा चेटको गीत 'गोजीमा दाम छैन' सार्वजनिक भएको छ । उक्त गीतमा राजनराज शिवाकोटी, मेलिना राई तथा ग्रीष्मा शिवाकोटीले स्वर भरेका छन् । भिडियोमा चलचित्रका मुख्य कलाकार प्रियंका, आयुषमान, सन्दिप क्षेत्री, प्रमिता आरएल, सुरक्षा पन्त आदिको अभिनय हेर्न पाइन्छ ।

### मेरी मामुको ट्रेलर

प्रेमगीत सिरिजका निर्माता सन्तोष सेनद्वारा निर्मित चौथो चलचित्र मेरी मामुको अफिसियल ट्रेलर सार्वजनिक भएको छ । उक्त ट्रेलरमा आयुष सेन, कुसुम गुरुङ, शारुक ताम्राकार, अश्लेषा ठकुरी, किजन गौतम आदि कलाकार समेटिएका छन् । चलचित्र मेरी मामु भदौ १५ मा देशव्यापी प्रदर्शनमा आउँदैछ ।

### ड्रिम गर्लको फूल टिपेर

असोज १९ गते प्रदर्शनमा आउने चलचित्र ड्रिम गर्लको 'फूल टिपेर' गीत सार्वजनिक भएको छ । यो चलचित्रको निर्देशन ऋषिराज आचार्यले गरेका हुन् । उक्त गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार आकाश श्रेष्ठ, विल्सनविक्रम राई तथा आश्मा गिरीले अभिनय गरेका छन् ।



# भेटेको एक महिनामै विवाह भयो



**समीक्षा पोखरेल, सन्दीप क्षेत्रीकी श्रीमती**

२०६९ साल पुस महिना थियो। समीक्षा पोखरेल त्यतिबेला नयाँ बानेश्वरस्थित मेघा बैंकमा अप्रेसन इन्चार्जका रूपमा कार्यरत थिइन्। एक दिन सोही बैंकका उनका साथी पवन शाहले उनलाई मेरो एक जना मिल्ने साथी आउँदैछ, भेटौं न भने। त्यसरी उनीसँग भेट्न आएका युवा थिए– सन्दीप क्षेत्री।

पवनले सामान्य चिनजान गराए। सन्दीपले पहिलो भेटमै समीक्षासँग फोन नम्बर मागे। सम्भवतः त्यो सन्दीपसँग मिलाउने ग्रान्ड डिजाइन थियो, हाँस्दै समीक्षाले भनिन्, 'पहिलो भेटमा सामान्य कुरा भयो। केहि दिनपछि उहाँको नम्बरबाट म्यासेज आयो, हाउ इज योर लाइफ ?' रिप्लाई नगरेपछि २ घण्टापछि आफै फोन गरेर किन रिप्लाई नगरेको भनेर प्रश्न गर्नुभयो, उनले थपिन्, 'हुन्छ अब गर्दै गरौंला नि भनेर जवाफ दिएँ।'

सन्दीपको यो पहिलो कलपछि उनीहरू नजिकिंदै गए। सन्दीपले त्यतिबेला कान्तिपुर टिभीमा जागिर सुरु गरेका थिए तर टिभीमा देखिएका थिएनन्। मन परेपछि पऱ्यो-पऱ्यो भन्ने एउटा गीतजस्तै समीक्षाको मन सन्दीपले चोरेरै छोडे। समीक्षाले ग्रिन सिग्नल दिइन्। सन्दीपले समीक्षालाई के कारण मन पराए उनले सोधिनन्, तर उनले सन्दीपलाई मन पराउनुको कारण सन्दीपको आवाज रहेछ।

यो जोडी महिनौं डेटमा रमाएन। घुम्न टाढा-टाढा पुगेन। तीनकुनेको जागिर सकेर ५ बजे सन्दीप टक्क आइपुग्थे नयाँ बानेश्वर, समीक्षासँग कफी खान। समीक्षा पनि अफिसबाट निस्कने बेला हो यो। उनीहरूको भेट कहिले चिया खाने बहानामा, कहिले खाजा खाने बहानामा भैरहन्थ्यो। यद्यपि एक महिनामै विवाह बन्धनमा बाँधिए। 'खासै लामो समय प्रेम गरेर हिंडेनौं, यो डेट नै हामी विवाह गर्न लायक बनिहाल्यो, उनले भनिन्। विवाहका लागि सन्दीपका बा-आमाले ओके भनिदिए। समीक्षाले भने सानोतिनो संघर्ष गर्नुपऱ्यो। इन्टरकास्ट विवाहलाई समीक्षाको परिवारले सहजै स्विकारेन। तर समीक्षाले जिद्दी गरेपछि परिवार उनलाई सन्दीपको घर पठाउन राजी भयो। उनीहरूको विवाह धूमधामसँग भयो। जब सन्दीपले समीक्षाको सिउँदोमा सिन्दूर हाले, समीक्षा निकै खुसी भइन्। पुर्लुक्क सन्दीपलाई हेरिन् अनि मनमनै भनिन् 'थ्यांक्स गड फर बिइङ विथ हिम।'

पहिलो भेटदेखि आजका मितिसम्म उनीहरूबीच ठूलो झगडा परेको छैन। 'कहिलेकाही ठाकठुक पर्नु सामान्य हो तर त्यो ठाकठुकमा धेरै माया मिसिएकाले ठूलो झगडा हुनै पाउँदैन,' उनले भनिन्। हाल सानिमा बैंक न्युरोड शाखामा कार्यरत छिन समीक्षा। यो जोडीले एक छोरीको पनी जन्म दिएका छन्।

मिठाईलाला जादवकी श्रीमती भनेर साथीभाइहरूले जिस्क्याउँदा समीक्षा आफ्नो शिर ठाडो भएको महसुस गर्छिन्। 'हरेक कुरा बुझ्ने श्रीमान् पाएकी छु,' उनले थपिन्, 'कहिल्यै किचकिच नगर्ने, जहिले पनि रमाइलो ढंगबाट प्रस्तुत हुने र धेरै माया गर्नुहुन्छ, निकै खुसी लाग्छ।' सन्दीप चम्किएको पनि धेरै वर्ष भएको छैन। सन्दीपको सफलतामा समीक्षाको ठूलो हात छ। सन्दीपलाई यो क्षेत्रका लागि सधैं हौसला दिइरहिन् उनले। सन्दीपलाई धेरैले प्रश्न गर्छन्, यो निकै घमन्डी स्वभावको छ नी ! उनले जवाफ दिइन्, 'उहाँ दायाँबायाँ कुरा गर्न जान्नुहुन्न, सिधा बोल्ने स्वभावका कारण पनि त्यसो भनेका होलान्।'

घरमा खाना समीक्षालेनै बनाउँछिन्। समीक्षाले बनाएको खानाप्रति सन्दीपले कहिल्यै गुनासो भने गर्दैनन्।

'मैले जे बनाएर दिए पनि मीठो मानेर खानुहुन्छ। नुन धेरै भएको होस् वा कम। एकदमै पिरो अचार होस् वा सामान्य खालको, उहाँ मज्जाले खाएर उठ्नुहुन्छ,' समीक्षा भन्छिन्।

सन्दीप घरमा जहिले जिस्कीएर बोल्छन्। समीक्षा हाँस्छिन् मात्र, धेरै बोल्दिनन्। यता सन्दीपलाई समीक्षाको यो कुरा मन पर्दैन। सन्दीप बोलिरहन्छन्, हँसाइरहन्छन् तर समीक्षा ठिक्क बोल्छिन्, एकदमै कम जिस्कन्छिन्। 'मेरो स्वभाव नै त्यस्तै हो। धेरै बोलिरहने बानी छैन, तर उहाँ किन नबोलेको भनेर रिसाउनुहुन्छ, उहाँलाई खुसी बनाउन कुरामा कुरा मिलाएर बोलिरहनुपर्छ, हाँस्दै उनले भनिन्। सन्दीपले अहिलेसम्म एउटा कुरा कहिल्यै समीक्षालाई भनेका छैनन्। समीक्षाले भने त्यो कुरा आफैंले महसुस गरेकी छिन्। जब उनले यो कुरा बुझिन्, त्यसपछि उनले सधैं लागू गरेकी छिन्। समीक्षाले रहस्य खोलिन्, 'उहाँ विदेश वा धेरै दिनमा घर आउँदै हुनुहुन्छ भने म गेटमा पुग्नैपर्छ, अनि उहाँ एकदमै खुसी हुनुहुन्छ।' उनले भनिन्, 'सायद त्यो माया होला।' समीक्षालाई एउटा कुराको भने गुनासो छ। सन्दीपले सरप्राइज दिन जानेका छैनन्। समीक्षा कहिलेकाहीं श्रीमान्ले सरप्राइज दिउन् भन्ने चाहना राख्छिन्। तिमीलाई म सरप्राइज स्वरूप यस्तो चिज ल्याउँदैछु हेर त भनेर फेसबुकमा फोटो पठाउनुहुन्छ, हाँसोको फोहोरा छोड्दै समीक्षाले भनिन्, 'सरप्राइज त नभनीकनै अचानक दिने हो, जहिले पनि सरप्राइज दिन्छु भन्दै सुरुमै थाहा दिने स्वभाव छ उहाँको।'

रामजी ज्ञवाली

# म पनि रमाइलो गरिरहन्छु

**लक्ष्मी भण्डारी, श्रीमती किशोर भण्डारी डिट्ठा सा'ब**

२०६० सालमा किशोर भण्डारीसँग विवाह गर्दा नुवाकोटकी लक्ष्मीले सोचेकी पनि थिइनन् कि कुनै बेला डिट्ठिनी हौंली भन्ने। त्यतिबेला किशोरकी श्रीमती भनेर बोलाउने छरछिमेकी अहिले डिट्ठिनी सा'ब भनेर बोलाउँछन्, तर उनको डिट्ठिनी पद न उनको पेसासँग जोडिएको छ, न त श्रीमान् डिट्ठा भएर उनी डिट्ठनी भएकी हुन्। हास्य टेली चलचित्र डिट्ठासा'बका प्रमुख कलाकार किशोर भण्डारीकी श्रीमती लक्ष्मीले गाउँकी डिट्ठनीको पगरी पाएकी छिन्। यद्यपि उनलाई अहिले यही पगरी प्यारो भएको छ। उनले कहीं-कतै कल्पना गरेकी थिइनन्, आफ्नो श्रीमान् देशकै यति चर्चित कलाकार होलान् भन्ने।

एसएलसीसम्म पढेकी लक्ष्मी र प्लस टु गरेका किशोरको विवाह भने आफन्तहरूको सहयोगमा भएको हो। मागी विवाह गरे पनि दुवै जना खुलस्त कुरा गर्ने र हँसीमज्जा, ठट्टा मन पराउने हुँदा सहजै एकले अर्कालाई बुझेको लक्ष्मी बताउँछिन्।

लक्ष्मी र किशोरको विवाह हुँदा किशोर नृत्य सिकाउँथे। त्यतिबेला घरखर्च चलाउन पनि धौ-धौ भएको लक्ष्मीलाई अझै सम्झना छ, तर पछिल्ला १०/१२ वर्ष देखि भने सहज हुँदै आएको छ। त्यसो त अहिले लक्ष्मी किशोरको पोस्ट प्रोडक्सनको सबै बन्दोबस्त मिलाउँछिन्। 'दुवै जनाले कहाँ घर छोड्न मिल्छ र।' लक्ष्मी भन्छिन् 'अनि घरमा बूढा बा-आमा हुनुहुन्छ, छोराहरूलाई पनि समय दिनुपऱ्यो।'



कामको व्यस्ततामा दुई-तीन दिनमा घर पुग्ने डिट्ठासा'ब टेलिभिजनको पर्दामा जसरी दर्शक हँसाउन मरिहत्ते गर्छन् त्यसैगरी अर्धाङ्गिनीलाई पनि हँसाइरहन्छन्। 'म पनि रौसे छु, उहाँको त कामै हँसाउने हो,' लक्ष्मी भन्छिन्, 'ढंटिको भन्नुहोला, म झुटो बोल्न जान्दिनँ, आजसम्म एकपटक पनि झगडा परेको छैन।' घर-परिवार चलाउने रकमको जोहो किशोरले नै गर्छन्। हप्ताको कति जोहो गर्दिन्छन् त किशोरले ? प्रश्न भुइँमा नपर्दै लक्ष्मी भन्छिन्, 'घर खर्चको कुरा पनि के गर्नु ? चाहियो भनेपछि दिनुभएकै छ।' दिने मात्र होइन, आवश्यक परेका बेला उल्टै लक्ष्मीसँग पनि खर्च माग्छन् किशोरले।

# अनुहार सम्झेर हाँस्छु

**उषा तिमल्सिना चापागाईं, सुरज चापागाईं बान्द्रेकी श्रीमती**

आजभन्दा चार वर्षअघिसम्म धुम्बाराहीकी उषा तिमल्सिनाले कुनै कलाकारसँग आफ्नो विवाह होला भन्ने कल्पना समेत गरेकी थिइनन्, तर देखेको भन्दा भाग्य लेखेको पाइन्छ भनेजस्तै उनको विवाह अन्ततः हास्यकलाकार सुरज चापागाईं बान्द्रेसँग भयो। साढे ३ वर्षअघिको कुरा हो। उषा गोंगबुस्थित दिव्या कान्ती स्कुलमा अध्यापन गर्थिन्। बान्द्रे सोही स्कुलमा प्रस्तुति दिन पुगेका थिए। बान्द्रेलाई त्यसभन्दा पहिले टेलिभिजनमा देखिरहेको भए पनि प्रत्यक्ष रूपमा भने त्यहीं कार्यक्रममा भेट भएको उषा बताउँछिन्। उक्त कार्यक्रममा उनीहरूले परिचय गरे र फेसबुकमा साथी बने। फेसबुकमा बान्द्रेले नै फ्रेन्ड रिक्वेस्ट पठाएको उषा सम्झन्छिन्। फेसबुकमा कुराकानी हुन थाल्यो। त्यसपछि आफूहरू कतिबेला प्रेममा परियो, पत्तै नभएको उषा बताउँछिन्। प्रेमले जरा गाड्दै गएपछि अन्ततः उनीहरू लगनगाँठो कस्ने मनस्थितिमा पुगे। त्यसपछि उनीहरूले दुवै परिवारको सहमतिमा २०७३ मंसिर २७ गते लगनगाँठो कसे। उषा भन्छिन्, 'मलाई पहिले बान्द्रे नामको पात्र एकदमै मन पर्थ्यो, उहाँको अभिनय देखेर अचम्मित हुन्थेँ।' बान्द्रे अभिनय गर्ने क्रममा अलि फरक भेषभुसामा देखिन्छन्। त्यस्तो देख्दा कहिले त आफ्नै बुढो त हो भनेर अचम्म लाग्ने उषा बताउँछिन्।

सिरियलमा होस् वा स्टेज कार्यक्रममा होस्, आमदर्शकलाई मज्जैले हँसाउने बान्द्रे घरपरिवारमा भने खासै ख्यालठट्टा गर्दैनन्। उषा भन्छिन्, 'कहिलेकाहीँ भने अरू नै कुराकानी गरिरहेको बेला कहाँ-कहाँबाट डाइलग ल्याएर हँसाउनुहुन्छ।' श्रीमान्सँग रिसाउन कुनै ठूलै विषय आवश्यक छैन भनेजस्तै, उषा र बान्द्रेबीच पनि स-साना कुरामा झगडा परिरहन्छ। बान्द्रेले घरमा समय नदिएको, घर ढिलो आएको, दिउँसो फोन नगरेको आदि निहुँमा उषा बान्द्रेसँग रिसाउँछिन्। त्यसपछि जब बान्द्रे उषाको अगाडि आउँछन् अनि उषाको हाँसोको बाँध फुटिहाल्छ। उषा भन्छिन्, 'कुनैबेला म रिसाएर बसेकी छु भने उहाँ मेरो अगाडि आएपछि अनुहारको आकार बदल्नुहुन्छ अनि मलाई हाँसो उठिहाल्छ, त्यसपछि मेरो रिस त्यहीँ सकिन्छ।' त्यतिमात्र होइन, कहिलेकाहीँ एक्लै बसेका बेला बान्द्रेलाई सम्झिन् भने पनि उनलाई हाँसो उठ्छ। स्नातक तहको अध्ययन सिध्याएर बसेकी उषा सार्वजनिक ठाउँमा निस्कँदा टोलछिमेकका मानिसहरूले 'ऊ बान्द्रेकी श्रीमती' भन्दा आफूलाई निकै खुसी लाग्ने उषा बताउँछिन्। अहिले बान्द्रे र उषाको साथमा नौ महिनाकी छोरी छिन्।



# मीठो भएन भनेर कचकच गर्छन्



**मुना नेपाल, जितु नेपालकी श्रीमती**

मुना राउतको फर्पिङस्थित घरमा एकदिन हास्य कलाकार जितु नेपाल 'मुन्द्रे'का आफन्तले विवाह प्रस्ताव पुऱ्याए। त्यतिबेला नेपाल टेलिभिजनबाट लोकप्रिय कार्यक्रम गीतान्जलीको प्रसारण हुन्थ्यो जसमा, जितु त्यसमा देखिन्थे। मुनाले पनि आक्कलझुक्कल उनलाई टिभीको स्क्रिनमा नदेखेकी होइनन् तर, उति ध्यान दिएकी थिइनन्। एकदिन तिनै हँसाउने ठिटोसँग विवाह होला भनेर उनले सपनामा समेत सोचेकी थिइनन्। एक्कासि तिनै कमेडियनसँग विवाहका लागि माग्न आएको कुराले उनको मनमा हलचल मच्चायो।

मुनाका बुवालाई भने जितु औधी मन पर्थे। 'कमेडी कलाकारसँगको विवाह प्रस्ताव आएपछि म त पहिले हाँसेरै मरे,' मुना भन्छिन्, 'बुवा उहाँको फ्यान हुनुहुन्थ्यो।' आफूलाई मन पर्ने कलाकार छोरी माग्न आएपछि उनका बुवा खुसी भए।

उनले छोरीलाई टेलिभिजन छेउ बोलाउँदै भने, 'आइज-आइज तँलाई माग्न आएको केटा टिभीमा आउँछ, हेर त।' मुना लजाउँदै बुवाको छेवैमा बसेर टेलिभिजन हेर्न थालिन्। त्यसदिन पहिलो पटक मुनाले जितुलाई गहिरिएर हेरिन्। जितु उनलाई मन परे। 'बुवाहरूले बढी मन पराउनु भएको हो,' उनले हाँस्दै थपिन्, 'पछि त मैले पनि मन पराएँ।'

मुनाको मनमा जितु बसेपछि दुवै परिवार मिलेर विवाह फिक्स गरे। सिन्धुपाल्चोक पुर्ख्यौली घर भएका जितु र फर्पिङमै जन्मिएर हुर्किएकी मुनाबीच पारिवारिक योजनाअनुरूप २०५९ सालको फागुनमा विवाह भयो।

त्रिविबाट स्नातकोत्तर गरेकी ३६ वर्षीया मुना काठमाडौं महानगरपालिकाको प्रशासन फाँटमा काम गर्छिन्। जितु हास्य टेलिश्रृखला, फिल्म तथा विभिन्न स्टेज शोमा प्रस्तुत भैरहेका हुन्छन्। मुना जागिर र घरव्यवहारमा व्यस्त रहन्छिन्।

श्रीमान्लाई टेलिभिजनमा हँसाइरहेको देख्दा उनकै जीवनसंगीनी मुनाचाहिँ कति हाँस्छिन् त ? श्रीमती नेपाल भन्छिन्, 'मलाई पनि एकदमै हाँसो लाग्छ, व्यग्य गर्नुहुन्छ, समसामयिक विषयमा बोलिदिनुहुन्छ।'

घरमा भने जितुले खासै हँसाउँदैनन्। घरव्यवहारका कुराले हाँस्ने समय पनि त हुँदैन। यद्यपि जितु फुर्सदका बेला मुनाको अनुहारमा मुस्कान भर्न प्रयत्न गरिरहेकै हुन्छन्। मुनालाई जितुको कुन पक्षले सबैभन्दा बढी लोभ्याउँछ ? जवाफमा उनी भन्छिन्, 'एकदम अनेष्ट हुनुहुन्छ, मन एकदम कमलो छ, मेहनति, काममा लागि पर्ने, संघर्ष गर्न पछि नपर्ने निरन्तर परिश्रम गर्ने उहाँका बानी मलाई साह्रै मन पर्छ।' त्यसो त जितुका केही बानीले उनलाई बोर पनि बनाउँछ। जितु बोलेको कुरा चाँडै बिर्सन्छन्, एकछिनमै आफैंले भनेको कुरा 'मैले त्यसो भनें र ?' भन्ने उनको बानी छ, जुन मुनालाई मन पर्दैन्। यस्तै, जितुलाई मीठो खाना चाहिन्छ, त्यसैले उनी मुनासँग मीठो भएन भनेर कचकच गरिरहन्छन्। भान्सामा गएर आफैं मीठो खाना पकाउन पोख्त भएकाले पनि होला जितुले त्यस्तो गुनासो गरेका। 'आफैं मभन्दा मीठो खाना पकाउनुहुन्छ, त्यसैले होला खाना मीठो भएन भनेर भनिरहनुहुन्छ,' उनी भन्छिन्। घरको खर्चबर्च जितुले नै बेहोर्छन्। त्यसै पनि मुनाको सरकारी तलब सीमित छ। परेका बेला मुनाले समेत खर्च गर्छिन्। अहिलेसम्म जितुले खर्चका लागि मुनासँग हात थापेका छैनन्।

# रिसाउँदा बढी हसाउँछन्



**शर्मिला चौलागाईं पुडासैनी,**
**सिपी पुडासैनी धतुरेकी श्रीमती**

२०६५ फागुन २२ गते भक्तपुर बिरुवाकी शर्मिला चौलागाईं पुडासैनीले हास्यव्यंग्यका चर्चित कलाकार सिपी पुडासैनी धतुरेसँग लगनगाँठो कसिन्। धतुरेको मामाघर पनि बिरुवा नै भएकाले धतुरेको मामाघर र शर्मिलाको परिवारबीच राम्रो चिनजान थियो। उक्त चिनजानले उनीहरूबीच मागी विवाह गरायो। धतुरे र शर्मिलाबीच विवाहअघि भने चिनजान थिएन। त्यतिबेला धतुरे कलाकारितामा करियर बनाउने दौडधुपमा थिए। जब शर्मिलाले धतुरेसँग विवाह गरिन्, त्यसपछि धतुरेले सिस्नोपानी झ्याम्मै, भद्रगोल आदि टेलिश्रृंखलामा अभिनय गरे। अहिले धतुरे के जमाना आयो हास्यटेलिश्रृंखलामा निर्देशन तथा अभिनय गर्छन्। श्रीमान्ले अँगालेको पेसाप्रति म निकै खुशी छु, शर्मिला भन्छिन्, 'विवाह भएपछिको सुरुसुरुका दिनमा उहाँ विभिन्न कामले बाहिर जानुहुन्थ्यो त्यतिबेला चाहिँ सँगै हुन पाए हुन्थ्यो भन्ने लाग्थ्यो।' तर अहिले शर्मिलालाई बानी परिसकेको छ।

धतुरे घरमा भएका समयमा घरै रमाइलो हुने उनको अनुभव छ। अझ भन्ने हो धतुरेले श्रीमती शर्मिला रिसाएका बेला धेरै हँसाउँछन्। शर्मिला भन्छिन्, 'म रिसाएर बसेँ भने उहाँले विभिन्न अभिनय गरेर हँसाएरै छाड्नुहुन्छ।' परिवारमा हाँसो ल्याउन धतुरे नाच्न पनि भ्याउँछन्। शर्मिला भन्छिन्, 'उहाँलाई नाच्न त आउँदैन, तैपनि हँसाउनका लागि नाच्नुहुन्छ।'

शर्मिलालाई धतुरेको छिट्टै रिसाउने बानी फिटिक्कै मन पर्दैन। त्यही रिसाउने बानीले उनीहरूमा कहिलेकाहीँ ठाकठुक पर्छ। यद्यपि त्यो झगडा लामो समयसम्म नटिक्ने शर्मिला बताउँछिन्। शर्मिला भन्छिन्, 'झगडा नभै माया हुँदैन, झगडाले माया थप प्रगाढ बनाउँछ। त्यसैले हाम्रो पनि झगडा हुन्छ तर उहाँले हँसाएर छिट्टै रिस समाप्त पारिदिनुहुन्छ।' शर्मिलालाई सिपीको धतुरे पात्र एकदमै राम्रो लाग्छ। उनी भन्छिन्, 'म त धतुरेको फ्यान नै हुँ।' उनलाई छरछिमेकमा कसै-कसैले धतुरेकी रामप्यारी भनेर बोलाउँछन्। आफ्ना श्रीमान्ले कलाकारिता क्षेत्रमा यति धेरै दुःख गरेर कमाएको धतुरे नामसँग जोडेर कसैले आफूलाई सम्बोधन गर्दा निकै गर्व लाग्ने शर्मिला बताउँछिन्। स्नातक तहको अध्ययन पूरा गरेकी शर्मिला अहिले घर व्यवहार चलाएर बसेकी छिन्। धतुरे र शर्मिलाको दुई सन्तान शीतल र शुभम् छन्।

महेश तिमल्सिना




## विकेन्ड तीज उत्सव



# तीज धमाका

नजिकिँदै गएको तीजलाई अमन्त्रण गर्न मायाज ब्युटिपार्लर एन्ड ट्रेनिङ सेन्टरले भोलि शनिबार मायाज तीज धमाकाको आयोजना गर्दैछ ।

**स्थान:** थापा पार्टी प्यालेस, सूर्यविनायक, भक्तपुर **मिति:** २०७५ भदौ ९ शनिबार **समय:** बिहान ११ बजे **प्रवेश शुल्क :** २ सय ५० रुपैयाँ **कलाकार :** कला भट्टराई, इन्दिरा केसी, मन्दिरा केसी, सन्तोष ताम्राकार तथा रविनचन्द्र श्रेष्ठ **थप कार्यक्रम :** फेसन शो, मेकअप शो, डिजे, डान्स शो आदि ।

## विकेन्ड लाइभ



विकेन्डलाई संगीतमय बनाउँदै खानपानमा रमाउनेहरूका लागि सहरमा नयाँ भान्साघर खुलेको छ । लामो समयदेखि सक्रिय गायक सञ्जय श्रेष्ठले त्यस्ता ग्राहकलाई लक्षित गर्दै महाराजगन्जमा भकारी भान्छा घर एन्ड बार सञ्चालनमा ल्याएका हुन् । भदौ १ गते सांगीतिक क्षेत्रका हस्तीहरू हरिष माथेमा, भीम तुलाधर, योगेश्वर अमात्य, जेम्स प्रधान, ज्योति घिमिरे, सुमन श्रेष्ठ, बबिन प्रधान, सचिन रौनियार आदिले संयुक्त रूपमा उक्त बारको उद्घाटन गरेका थिए ।

भकारी भान्सा घरमा नेपाली खानाका साथै इन्डियन तथा कन्टिनेन्टल परिकारको चाख्न पाइनेछ भने कफी पारखीहरूका लागि अन्तर्राष्ट्रिय स्तरको कफी समेत उपलब्ध हुनेछ । प्रत्येक साताको शुक्रबार खानाका साथै सांगीतिक प्रस्तुति दिने र हरेक महिनाको अन्तिम शुक्रबार नेपालका कुनै एक सांगीतिक हस्तीलाई प्रस्तुत गर्ने गायक श्रेष्ठले बताएका छन् ।

## विकेन्ड डिनर

# फुड एन्ड वेवरेज अफर

खानपिन तथा मदिरा प्रेमीहरूका लागि ठमेलको काभा रेस्टुराँले अनलिमिटेड अफर ल्याएको छ । यो अफर प्रत्येक शनिबार उठाउन सकिनेछ ।

**स्थान :** काभा रेस्टुराँ ठमेल,
**समय :** बेलुका ७ बजेदेखि १०:३० सम्म **प्रवेश शुल्क :** १ हजार ९ सय ९९ रुपैयाँ प्रतिव्यक्ति
**खाना तथा मदिरा :** अनलिमिटेड बफेट तथा हाउस वेभरेज



## विकेन्ड भोज



तपाई गोरखा नजिक हुनुहुन्छ र नेवारी भोजको पारखी हुनुहुन्छ भने भोलि शनिबार एउटा सुवर्ण अवसर छ । गोरखाको सांगीतिक समूह गोरखा धिमे पुच:ले गोरखा संग्रहालयमा सांगीतिक कार्यक्रमसहित नेवारी भोजको आयोजना गर्दैछ । सांगीतिक समूहले औपचारिक रूपमा धिमे बाजा बजाउन सिकेको वर्ष दिन पुगेको अवसरमा सांगीतिक कार्यक्रमसहित उक्त भोजको आयोजना गरेको धिमे पुच:का अध्यक्ष वीरेन्द्रकुमार श्रेष्ठले बताए ।

**भोज हुने स्थान :** गोरखा संग्रहालय, गोरखा **परिकार :** स्थानीय स्तरमा पाइने सबै किसिमका नेवारी परिकार **सांगीतिक कार्यक्रम :** स्थानीय कलाकारहरूबाट सांगीतिक प्रस्तुति, धिमे पुच:द्वारा धिमेबाजा, नेवारी नृत्य प्रदर्शनका साथै सांस्कृतिक झाँकी प्रदर्शन **समय :** दिउँसो २ बजे **प्रवेश शुल्क :** ६ सय रुपैयाँ

## विकेन्ड स्न्याक्स

# ससेज छोइला



आफूलाई खान मन लागेको मासुको ससेजलाई गोलो आकारमा काट्ने । प्यान वा कराईमा तोरीको तेल तताउने र त्यसमा ससेज हालेर हल्का खैरो हुन्जेल तार्ने । अब यसलाई अर्को भाँडामा खन्याउने ।

सिलौटा वा खलमा आवश्यकता अनुसार अदुवा, लसुन, टिम्मुर तथा सुकेको खर्सानी हालेर पिस्ने । उसिनेको वा पोलेको गोलभेंडालाई पनि त्यसमै हालेर पेस्ट बनाउने । उक्त पेस्टलाई ससेजमा मिसाएर चम्चाले मोल्ने । त्यसमा मसिनो गरी काटिएको हरियो धनियाँ, हरियो लसुन तथा हरियो खुर्सानी पनि मिसाइदिने ।

अर्को तावामा तोरीको तेलमा मेथी फुराएर बेसार हाल्ने अनि त्यसलाई ससेजमा हालेर झान्ने । ससेज केही नुनिलो हुने हुँदा नुन कम मात्रामा हाले पुग्छ । ससेज छोइला चिउरासँग खाजाका रूपमा खान पनि सकिन्छ भने बियर वा मदिराका सौखिनहरूले यसलाई स्न्याक्सका रूपमा प्रयोग गर्न सक्छन् ।



# मासुको अचार

स-साना टुक्रामा काटेको खसी, कुखुरा वा राँगाको मासुलाई तातो तेलमा डिप फ्राई गर्ने । मासु खैरो हुन्जेल वा राम्रोसँग नभुटिउन्जेल तारेर झिक्ने । अर्को भाँडामा आफ्नो इच्छाअनुसार सुकेको खुर्सानी, जिरा/धनियाँ, मरिच तथा तोरीको गेडालाई हल्का भुट्ने र सबैलाई एक ठाउँमा मिसाएर सिलौटा वा ग्राइन्डरमा सुक्खा पिस्ने ।

मासु फ्राई गर्दा कराईमा बचेको अलिकति तेलमा मेथी फुराउने । त्यसमा लसुन र अदुवाका लाम्चा टुक्रा हालेर हल्का तार्ने । अब बेसार, मिट मसला वा गरम मसला, खुर्सानीको धूलो, चाट मसला तथा नुन हालेर राम्रोसँग चलाउँदै पकाउने । सबै मिसिएपछि सिलौटा वा ग्राइन्डरमा सुक्खा रूपमा पिसेको मसला हाल्ने र केहीबेर चलाउने । सबै मसला मिसाएपछि त्यसमा पहिले फ्राई गरिएको मासु हाल्ने । उक्त मसलाले सबै तेल सोसेको खण्डमा फेरि केही तेल हाल्ने अनि आवश्यकताअनुसार कागतीको रस निचोरी चलाउने । मासुको यो अचार सेलाएपछि सर्भ गर्नुपर्छ । मासुको अचार सिसीमा राखेर केही समयपछि पनि खान सकिन्छ । यसलाई खानाका साथै बियर वा मदिरा पिउदा स्न्याक्सका रूपमा खाँदा अझ स्वादिलो हुन्छ ।

# साँधेको कुखुरा



कुखुराको छाला नभएको मासुलाई स-साना टुक्रामा काट्ने । मासुको मात्रा अनुसार बेसार, नुन, धूलो खुर्सानी, मरिचको धूलो तथा एक चम्चा सोया सस हालेर मोल्ने अनि १५ मिनेट जति छोपेर राख्ने । सिलौटा वा ग्राइन्डरमा उसिनेको गोलभेंडा, अदुवा, लसुन तथा रातो खुर्सानी पिंधने ।

प्यान वा कराईमा थोरै तेल हालेर मोलेर राखिएको कुखुराको मासु हाली खैरो नहुन्जेल चलाउँदै पकाउने । खैरो भएपछि उक्त कुखुराको मासुलाई अर्को भाँडोमा खन्याउने । कुखुराको मासुमा पिँधेर राखेको मसलाको पेस्ट हाल्ने । कागतीको दुई चम्चा रस, मसिनो गरी छड्के काटिएको प्याज, मसिनो गरेर काटिएको धनियाँ, हरियो लसुन तथा हरियो खुर्सानी पनि मिसाइदिने । स्वादअनुसार नुन-खुर्सानीको धूलो तथा बेसार हाल्ने ।

अर्को प्यानमा तेल तताएर मेथी फुराउने अनि मासु झान्ने । यसरी झानेपछि चम्चाले राम्रोसँग चलाउने । यो परिकार निकै चटपटे हुन्छ । यसलाई यत्तिकै पनि खान सकिन्छ भने बियर वा ड्रिंक्समा स्न्याक्सका रूपमा समेत प्रयोग गर्न सकिन्छ ।

# चटपटे चना छोइला

एक रात भिजाइएको चनालाई हल्का उसिन्ने र सेलाउन दिने । प्यान वा कराईमा थोरै तेल हालेर उसिनेको चना हाल्ने अनि २ मिनेट जति फ्राई गर्ने । तारेको चनालाई अर्को भाँडामा राख्ने । प्यान वा कराईमा तोरीको तेल तताउने र मेथी हालेर फुराउने । पिसेको लसुन तथा अदुवाको पेस्ट हाल्ने, काटेको गोलभेंडा, बेसार अनि थोरै नुन हाली चलाउने र छोपेर केही बेर (१ मिनेटजति) पकाउने । गोलभेंडा राम्रोसँग पाकेपछि उक्त पेस्टलाई तारेको चनामा मिसाउने ।



स-साना टुक्रा बनाएर काटेको सुख्खा प्याज, हरियो खुर्सानी, धनियाँ, खुर्सानीको धूलो, कागतीको रस तथा नुन हालेर मोल्ने । यो चटपटे चना यत्तिकै जिब्रो पड्काउँदै खान त सकिन्छ नै बियर वा अन्य पेय पदार्थसँग स्न्याक्सका रूपमा खाँदा एउटा छुट्टै स्वाद पाइन्छ ।

चलचित्र

## नाइँ नभन्नु ल-५




**निर्देशक :** विकासराज आचार्य **कलाकार :** निरुता सिंह, दिलीप रायमाझी, प्रियंका कार्की, केकी अधिकारी, स्वस्तिमा खड्का, अनुभव रेग्मी, सेड्रिना शर्मा आदि । **संगीत :** वसन्त सापकोटा

हरिवोल भण्डारी तथा गौरीराज जोशीको चलचित्र नाइँ नभन्नु ल-५ आज शुक्रबार दर्शकमाझ पुग्नेछ । पूर्ण प्रेमकथामा आधारित यो चलचित्रलाई सामीप्यराज तिमल्सिनाले लेखेका हुन् । ट्रेलरलाई मान्ने हो भने यो चलचित्र अनुभव रेग्मी र सेड्रिना शर्मा तथा स्वस्तिमा खड्का र अभिषेक नेपालको प्रेम अनि विछोडको पीडा तथा विभिन्न संघर्षमा केन्द्रित छ । सबैभन्दा धेरै सिक्वेल निर्माण भैसकेको यो चलचित्रको छायांकन झापा तथा इलामका विभिन्न आकर्षक लोकेसनमा गरिएको छ । नाइँ नभन्नु लको यो सिरिजमा छायांकन दुई महिनाभन्दा बढी समय लगाएर गरिएको थियो । नयाँ-नयाँ कलाकारलाई चलचित्रमा भित्र्याउने विकास आचार्यले यो चलचित्रबाट कलाकार अभिषेकसँगै सेड्रिना शर्मालाई लन्च गरेका छन् । यो चलचित्रमा अभिनेत्री प्रियंका कार्की तथा बालकलाकार अनुभव रेग्मीलाई मात्र निरन्तरता दिइएको छ । पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी तथा अर्जुन जीसीको सम्पादनको चलचित्र नाइँ नभन्नु ल-५ मा डेढ करोडभन्दा बढी लगानी भएको बताइन्छ ।

## रेनी




**निर्देशक :** गिरीश रिजाल **कलाकार :** सरोज खनाल, दीपक ढकाल, सनम मल्ल, गिरीश रिजाल, सुरविर पण्डित आदि । **संगीत :** पुष्कर सुनुवार, विनोद खम्बु

सनम मल्लले लेखेको चलचित्र रेनी आजदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । त्रिकोणात्मक प्रेमकथामा आधारित रेनीमा सनम तथा दीपकको प्रेम कथालाई विशेष रूपमा प्रस्तुत गरिएको बताइन्छ । बिमला मल्ल एवं सञ्जीव मल्लले निर्माण गरेको यो चलचित्रमा अभिनेता सरोज खनाल र दीपक ढकालबाहेक अरू सबै कलाकार नयाँ छन् । काठमाडौं उपत्यकाका साथै कुलेखानीमा खिचिएको यो चलचित्र एक्सन, लभ तथा कमेडीका साथै सामाजिक सन्देशयुक्त भएको निर्माता बिमला मल्ले बताइन् । डेढ महिना लगाएर छायांकन गरिएको चलचित्र रेनीका छायाँकार जयराम थापा हुन् । १ करोडभन्दा माथिको लगानीमा निर्माण भएको रेनी ५० भन्दा बढी हलमा प्रदर्शन हुने अनुमान गरिएको छ । गोविन्द शाहीले वितरण गर्ने चलचित्र रेनीमा राजु किरातीको एक्सन हेर्न पाइनेछ । डेढ महिनाअघि नै छायांकन सम्पन्न भएको यो चलचित्र एक महिनादेखि आक्रामक प्रमोसनमा थियो

रंगमञ्च

## ठेगाना हराएको चिठी

आज भदौ ८ गते शुक्रबारदेखि पोखरा थिएटरको गन्धर्व नाटकघरमा नाटक 'ठेगाना हराएको चिठी' मञ्चन हुँदैछ । यो नाटकमा द्वन्द्वको समयमा बेपत्ता पारिएका नागरिकको परिवारको समस्या चित्रण गरिनेछ । भदौ १० गते आइतबारसम्म चल्ने नाटक मञ्चनमा नेपालका विभिन्न ठाउँका कलाकारको अभिनय हेर्न पाइनेछ । नाटकमा किरण चाम्लिङ राई, चेतन आङथुपो, आकाक्षा कार्की, रेनुका कार्की, पशुपति राई, परिवर्तन, शंकर रिजाल, सुदाम सिकेका साथमा पोखरा थिएटरका कलाकारले अभिनय गर्दैछन् । यो नाटक सिजन दाहाल र केदार श्रेष्ठको आलेख, बिमल सुवेदीको सहजीकरण तथा राजन खतिवडाको संयोजनमा तयार भएको हो ।

ग्यालरी

## क्लासिक ग्यालरीमा चित्रकला प्रदर्शनी

रंग तथा चित्र पारखीहरूका लागि ललितपुर बंगलामुखीस्थित क्लासिक ग्यालरीले आज शुक्रबारदेखि चित्रकला प्रदर्शनीको आयोजना गर्दैछ । पाँच जना महिला चित्रकारले चार महिना लगाएर तयार पारेका चित्र उक्त प्रदर्शनीमा राखिनेछ । सबिता डंगोल, अनिशा महर्जन, दीपमाला महर्जन, अनामिका गौतम तथा नम्रता सिंहले कोरेका चित्रलाई यो प्रदर्शनीमा हेर्न पाइने आयोजक संस्था क्लासिक ग्यालरीले जनाएको छ ।

## पोखरा फोटोग्राफी एवार्ड

पोखरा फोटोग्राफर संघले १७९ औं विश्व फोटोग्राफी दिवसको अवसर पारेर गण्डकी प्रदेशस्तरीय फोटोग्राफी एवार्ड वितरण गरेको थियो । उक्त एवार्डमा पोखराका फोटोग्राफर सन्देश उदास फोटोग्राफर अफ दि इयरबाट विभुषित भए भने मिलन यूथ इनर्जेटिक फोटोग्राफी एवार्ड कपिल सापकोटाले प्राप्त गरे । उक्त अवसरमा दैनिक जनजीवन विधामा अर्जुन कुँवर, संस्कृति तथा पर्यटनमा बाग्लुङका किरण आचार्य एवं वातावरण तथा प्रकृतिमा जिवन ढुंङ्गाना विजयी भए । लाइफटाइम एचिभमेन्ट फोटोग्राफी एवार्डद्वारा पोखराका पुराना फोटोग्राफर शम्भुरत्न शाक्य सम्मानित गरिए ।

## सिद्धार्थमा चित्रकला प्रदर्शनी

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा चित्रकला प्रदर्शनी भैरहेको छ । क्वालिटी काठमाडौं स्कुलद्वारा आयोजित उक्त प्रदर्शनीमा २३ वटा विद्यालयका विद्यार्थीले सहभागिता जनाएका छन् । सडक बालक, मेरो सपनाको संसार तथा नेपालको सम्पदा आदि विषयमा तयार पारिएका ६९ वटा चित्र उक्त प्रदर्शनीमा राखिएको छ । ती चित्र कक्षा ५ देखि १० सम्मका विद्यार्थीले तयार पारेका हुन् । भदौ ५ गते प्रारम्भ भएको यो प्रदर्शनी भदौ १५ गतेसम्म जारी रहनेछ ।

# युट्युबमा चल्दै हास्य सिरियल

महेश तिमल्सिना

एक जमाना थियो गाउँघरमा भर्खर-भर्खर टेलिभिजन भित्रिँदै थिए । अहिलेको जस्तो सूचना-प्रविधिको विकास नभएकाले टेलिभिजन महत्वपूर्ण सञ्चारसाधन मानिन्थ्यो । रेडियोले राज गरेको जमाना थियो । सुन्न मात्र पाइने सञ्चार साधन भएका बेला दृश्य समेत हेर्न पाइने टेलिभिजनको आगमन क्रान्तिकारी छलाङ थियो ।

टेलिभिजनमार्फत समाचारदेखि विभिन्न हास्य टेलिश्रृंखलाहरू प्रसारण हुन थाले । विशेष गरी नेपाल टेलिभिजनबाट प्रसारण हुने जिरे खुर्सानी, मेरी बास्सै आदि हास्य टेलिश्रृंखला प्रसारण हुँदा सर्वसधारणहरू एक ठाउँमा भेला भएर टिभी हेर्थे । केही वर्ष टेलिभिजनका पर्दामा हास्य कलाकारहरूले सर्वसाधारणलाई निकै हँसाए, सबैको मन-मनमा राज गरे । यद्यपि इन्टरनेटसम्मको व्यापक पहुँच र स्मार्टफोनहरूको उपलब्धताका कारण हास्य टेलिश्रृखलाको स्वर्णिम युग अहिले संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । व्यस्त जीवनशैलीका बीच आफूले चाहेको समयमा इन्टरनेटमा हेर्न सकिने भएकाले



अहिले मानिसहरू टेलिभिजनमा झुम्मिन छाडेका छन्, जसको सीधा असर हास्य टेलिसिरियलमाथि पनि परेको छ ।

परिणाम नै मान्नुपर्छ, युट्युबमा हास्य टेलिसिरियल हेर्नेहरूको संख्या क्रमशः उकालो लागिरहेको छ । दर्शकहरूको फेरिएको ट्रेन्डका कारण हास्य व्यंग्य कलाकारहरू पनि त्यही ट्रेन्डलाई पछ्याउन हास्य सिरियलहरू युट्युबमै अपलोड गर्न थालेका छन् । टेलिभिजनहरूबाट प्रसारण हुने विभिन्न हास्य सिरियल युट्युबमा अपलोड हुनेबित्तिकै ट्रेन्डिङमा पर्छन् । हास्य टेलिसिरियलको टेलिभिजन युग क्रमशः युट्युब युगमा परिणत हुँदै गएको छ ।

**टेलिभिजनमा बन्द**

टेलिभिजनको घट्दो टीआरसीका कारण हास्य सिरियलहरू धमाधम बन्द हुन थालेका छन् । मिडिया हबले निर्माण गरिरहेको चर्चित हास्य टेलिश्रृखला मेरी बास्सै, भद्रगोल, जिरे खुर्सानी, ब्रेकफेल आदि अहिले प्रसारणमा छैनन् । टेलिभिजनसँगको करारको म्याद सकिएको र समयको पैसा पनि महँगो भएका कारण तत्कालका लागि हास्य श्रृंखलाको प्रसारण बन्द गरिएको मिडिया हबका कार्यकारी निर्देशक सोम धिताल बताउँछन् । 'असार ३१ गतेदेखि हाम्रो करार सकियो । नेपाल टेलिभिजनसँग हामीले अघिल्ला वर्षहरूमा जति पैसामा कार्यक्रम प्रसारण गर्दै आएका थियौं त्यो पनि महँगो भएकाले तत्कालका लागि हास्य टेलिसिरियलको प्रसारण बन्द गरेका हौं, टेलिभिजनले मूल्यमा हेरफेर गऱ्यो भने तुरुन्त प्रसारण गर्छौं,' उनले भने ।

**युट्युबमा चल्दै**

अहिले पहिलेजस्तो कुनै पनि कार्यक्रम हेर्न टेलिभिजन नै कुर्नुपर्ने अवस्था छैन, जसले गर्दा मिडिया हबले नेपाल टेलिभिजनमार्फत प्रसारण गर्ने सिरियल बन्द भए पनि मेरी बास्सै, जिरे खुर्सानी, ब्रेकफेल, भद्रगोल आदिका नयाँ श्रृंखलाहरू युट्युबमा निरन्तर अपलोड हुँदै आएका छन् । युट्युबमा अपलोड भएका ती भिडियोहरूले उत्कृष्ट भ्युज पाउँछन् । अपलोड भएको केही समयमै कुनै पनि हास्य सिरियल ट्रेन्डिङमा पर्छन् । यसैगरी हास्यकलाकारहरूले पनि आफ्नै युट्युब च्यानलमार्फत विभिन्न हास्य सिरियल निर्माण गरेर युट्युबमा अपलोड गर्दै आएका छन् । हास्य कलाकार विल्समविक्रम राई तम्मे बूढाले तम्मेबूढा डटकम युट्युब च्यानलमार्फत फुर्के सर्ट कमेडी भिडियो बनाएर १५ भागजति अपलोड गरे । उनले अपलोड गरेका भिडियोले राम्रो भ्युज पाएका छन् । यस्तै, उनले द टेबल टकको तीन एपिसोड युट्युबमार्फत सार्वजनिक गरिसकेका छन् । युट्युबमा निरन्तरता दिन आफूले विभिन्न भिडियो अपलोड गरेको राई बताउँछन् । चलचित्रमा व्यस्त भएकाले युट्युबमा खुलेर लाग्न नपाएको तम्मे बूढाको गुनासो छ । हास्यकलाकार केदार घिमिरे माग्नेबूढा पनि आमा अग्निकुमारी मिडिया युट्युब च्यानलमार्फत विभिन्न हास्य सिरियल अपलोड गर्छन् । उनले हास्य सिरियल गडबडीको ५३ भाग अपलोड गरेका थिए । त्यसभन्दा अघि उनले खासखुस, पुर्पुरो आदि हास्य सिरियल अपलोड गरेको थिए । यस्ता थुप्रै कमेडि भिडियोले युट्युबमा राम्रो स्थान पाउँदै आएका छन् भने हास्य विधाकै प्रांक भिडियो पनि युट्युबमा बग्रेल्ती पाइन्छ ।

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक



बुद्धि तामाङ 'हैट'
दीपिका प्रसाईं
शिवशंकर रिजाल
'जोगिन्दर पानवाला'



# ह्याप्पी गाईजात्रा



तस्बिर : महेश प्रधान
मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, मैतीदेवी
लोकेसन : युएन पार्क, ज्वागल, ललितपुर
संयोजन : कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# हास्य चलचित्रको लहर

कृष्ण भट्टराई





'क्यू एफएक्स मुभिजले यो वर्ष (२०७४) को सबैभन्दा बढी ग्रस कलेक्सन (कुल आम्दानी) गर्ने चलचित्र शत्रुगतेलाई सम्मानित गर्दाको क्षण ।' निर्देशक प्रदीप भट्टराईले केही साताअघि फेसबुकमा स्टाटस लेख्दै आफ्नो निर्देशनको दोस्रो चलचित्रले वर्षकै उत्कृष्ट व्यवसाय गरेको जानकारी गराए । यसअघि उनैले निर्देशन गरेको चलचित्र 'जात्रा' पनि वर्ष २०७३ को सर्वाधिक व्यवसाय गर्ने चलचित्रको सूचीको अग्रपंक्तिमा थियो । 'जात्रा' प्रदर्शन नहुञ्जेल निर्देशक भट्टराईका बारेमा थोरै चलचित्रकर्मीलाई मात्र जानकारी थियो । लामो समय मह सञ्चारमा आवद्ध भएर त्यहाँबाट निर्माण हुने टेलिश्रृंखलाहरू निर्देशन गर्दै आएका भट्टराई जात्राको सफलतासँगै सफल चलचित्र निर्देशकका रूपमा स्थापित भए । शत्रुगतेको सफलताले उनलाई महँगा निर्देशक बनाइदिएको छ । यतिबेला उनी जात्रा-२ को प्रि-प्रोडक्सनमा व्यस्त छन् ।

दीपकराज गिरी तथा दीपाश्री निरौलासहितको समूहले निर्माण गर्ने चलचित्रहरू व्यवसायिक रूपमा असफल नहुने निश्चित जस्तै हुन्छ । छ एकान छ, वडा नम्बर छ, छक्का पञ्जा तथा छक्का पञ्जा-२ को व्यवसायिक सफलताले उनीहरूको ब्यानर व्यवसायिक रूपमा सफल हुने चलचित्रमात्र निर्माण गर्छ भन्ने प्रमाणित भैसकेको छ । आउँदो दसैंअघि प्रदर्शनमा आउने चलचित्र 'छक्का पञ्जा-३' पनि व्यवसायिक रूपमा सफल हुने पक्का छ, किनभने चलचित्रको केही साताअघि सार्वजनिक पहिलो गीतले दुई सातामै ५० लाख पटक हेरिएको (यूट्युबमा) कीर्तिमान कायम गरिसकेको छ ।

विगतमा पारिवारिक कथामा व्यवसायिक चलचित्र निर्माण तथा निर्देशन गर्दै आएका निर्माता तथा निर्देशक अशोक शर्मा लामो समयपछि नयाँ चलचित्र 'जय भोले' लिएर दर्शकमाझ आउँदैछन् । दसैंअघि नै प्रदर्शन हुने उनको चलचित्रमा नाम चलेका कलाकारहरूले अभिनय गरेका छन् । चलचित्रको टिजर तथा ट्रेलर हेर्नेहरूले यो चलचित्र कुन विधामा आधारित छ भन्ने कुरा बुझिसकेका छन् ।

माथि उल्लेख गरिएका सबै चलचित्रमा एउटा समानता छ । हो, यी सबै चलचित्र हास्य प्रधान (कमेडी) छन् । जबदेखि दीपकराज-दीपाश्रीले हास्य श्रृंखला 'तीतो सत्य' लाई थन्क्याएर त्यही श्रृंखलाको परिष्कृत स्वरूपमा चलचित्र निर्माण गर्न थाले, दर्शकहरूले पनि त्यस्ता चलचित्रलाई राम्रो साथ दिन थाले । वडा नम्बर छ, छक्का पञ्जा तथा छक्का पञ्जा-२ जस्ता चलचित्रले हास्य विधामै रहेर दर्शकलाई मनोरञ्जन प्रदान गरे, यद्यपि यी चलचित्रमा समाजमा विद्यमान केही गम्भिर विषय पनि चित्रण नगरिएको होइन् ।

एकपछि अर्को गर्दै हास्य प्रधान चलचित्र सफल हुन थालेपछि रंगमञ्चमा सीमित कलाकारहरू समेत चलचित्रका लोकप्रिय कलाकारका रूपमा स्थापित हुन थाले । बुद्धि तामाङ 'हैट', कमलमणि नेपाल, रवीन्द्र झा, विजय बराल आदि रंगमञ्चका कलाकारहरू यतिबेला नेपाली चलचित्रका अभिन्न अंग भैसकेका छन् । चलचित्रमा उनीहरूको माग चलचित्रका नायक-नायिकाहरू जत्तिकै छ भने हरेक चलचित्रमा उनीहरूलाई विशेष भूमिकामा प्रस्तुत गरिन्छ । बुद्धि तामाङलाई त अचेल प्रत्येक चलचित्रका गीतमा समेत नचाउन थालिएको छ । चलचित्र दुई रुपैयाँको कुटुमा कुटु गीतको लोकप्रियतासँगै बुद्धिले धेरै चलचित्रमा अभिनेत्रीहरूसँगै कम्मर मर्काउने मौका पाइसकेका छन् ।

हास्य श्रृंखलाको पृष्ठभूमिबाट आएका दीपकराज गिरी, दीपाश्री निरौला तथा मह जोडीको संगत पाएका प्रदीप भट्टराईमात्र होइन सञ्चारकर्मीद्वय सुव्रत आचार्य तथा लक्ष्मण सुवेदी, अष्ट्रेलियाबाट चलचित्र पढेर आएका निश्चल बस्नेत, म्युजिक भिडियोबाट खारिएका निर्देशक निकेश खड्का, दीपेन्द्र के खनालसहित अधिकांश निर्देशकले आफ्ना चलचित्रलाई कमेडी फ्लेवर दिन थालेको पाइन्छ । हुँदा-हुँदा राम्रा रोमान्टिक चलचित्र बनाउने निर्देशक सुदर्शन थापाले समेत प्रदर्शनको तयारीमा रहेको चलचित्र 'राम कहानी' मा जितु नेपाल, केदार घिमिरे, विल्सन विक्रम राई जस्ता हास्य अभिनेताहरूलाई महँगो पारिश्रमिक दिएर अभिनय गराए । अवस्था यतिसम्म भयो, गम्भिर विषयमा चलचित्र बनाइरहेका निर्देशकहरूले समेत कुनै न कुनै एंगलबाट आफ्नो चलचित्रमा कमेडी फ्लेभर दिन पछि परेनन् । फलस्वरूप कमेडी शैलीका कतिपय चलचित्र व्यवसायिक रूपमा सफल भए भने कतिपय असफल पनि ।

## सानो पर्दा छाडेर चलचित्रमा

सानो पर्दामा एकछत्र राज गरेका दीपकराज र दीपाश्री मात्र होइन, पछिल्ला केही वर्षयता टेलिश्रृंखलाहरूमा मात्र सीमित थुप्रै हास्य कलाकारहरू चलचित्रमा केन्द्रित हुन थालेका छन् । मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, किरण केसी, जितु नेपाल, शिवहरि पौडेल, केदार घिमिरे माग्नेबुढा, बुद्धि तामाङ, विल्सन विक्रम राई त चलचित्रमा सक्रिय थिए नै, अहिले आएर सीताराम कट्टेल धुर्मुस, कुञ्जना घिमिरे सुन्तलीमात्र होइन सीतारामका भाइ कुमार कट्टेल जिग्री तथा उनको भद्रगोल टेलिश्रृंखलाको समूहका सबै कलाकार चलचित्र निर्माणमा कम्मर कसेर लागेका छन् ।




## दर्शकको रोजाइमा कमेडी

परिस्थित कस्तोसम्म भएको छ भने अचेल दर्शकहरू समेत राम्रो कमेडी चलचित्र प्रदर्शनमा आयो भने चलचित्र हलसम्म पुग्न अल्छी मान्दैनन् । दर्शकहरू सिनेमा हलमा पुगेर खुलेर हास्न चाहन्छन् भन्ने कुरा छक्का पञ्जा, शत्रुगते, जात्रा जस्ता चलचित्रको सफलताले प्रमाणित गरिसकेको छ । यी चलचित्रले १५ करोड रुपैयाँ भन्दा बढीसम्म आम्दानी गर्नुको पछाडि पनि दर्शकहरूको सिनेमा हलमा गएर हास्न चाहने रहरले ठूलो भूमिका निर्वाह गरेको छ ।

## सहज छैन यात्रा

जसरी यतिबेला नेपाली चलचित्रमा हास्य विधाले एकछत्र राज गरेको छ । यद्यपि यो प्रक्रियाले भविष्यसम्म निरन्तरता पाउने कुरामा चलचित्रकर्मीहरू नै ढुक्क छैनन् । उत्कृष्ट हास्य चलचित्र निर्माण गर्ने श्रेय पाएका दीपकराज गिरीका अनुसार हास्य चलचित्रको नाममा दर्शकहरूलाई सधैं भात र आलु मात्र दिने हो भने भविष्यमा नेपाली चलचित्र उद्योग नै डुब्ने खतरा छ । गिरीका अनुसार उनीहरूको सिको गर्दै यतिबेला हास्य प्रधान चलचित्र बनाउने होडवाजी नै चलेको छ, यद्यपि प्रसस्त गृहकार्यको अभावमा त्यस्ता चलचित्रले आफूमात्र डुब्ने होइन, अरूलाई समेत डुबाउने खतरा बढ्दो छ । गिरीका अनुसार उनीहरूले बनाएका चलचित्र सफल भए भन्दैमा सबै हास्य चलचित्र सफल हुन्छन् भन्ने ग्यारेन्टी छैन । 'हामी जुन मेहनत, गृहकार्य तथा तयारीका साथ चलचित्र निर्माण गर्छौं, त्यो सबैले गर्छन् अथवा गर्न सक्छन् भन्ने छैन, गिरीका अनुसार नक्कलका लागि नक्कल गर्ने प्रवृत्तिले दर्शकहरू कमेडी चलचित्रप्रति विकर्षित हुने सम्भावना पनि उत्तिकै छ ।

## कमेडीसँगै मौलिकता

कबड्डी, कबड्डी-कबड्डी, घामपानी जस्ता चलचित्रले नेपाली चलचित्रको यात्रालाई एउटा उचाइ प्रदान गरे । यी चलचित्रमा ग्रामीण परिवेश त समावेश थियो नै, साथ-साथै कलाकारहरू दर्शकलाई सहजै हसाउन सफल समेत भएका थिए । यी चलचित्रमार्फत दयाहाङ राई, सौगात मल्ल, निश्चल बस्नेत, बुद्धि तामाङ जस्ता कलाकारले उत्कृष्ट संवाद तथा आकर्षक हाउभाउमार्फत दर्शक हसाउन सफलता प्राप्त गरेका थिए ।

## असफल पनि छन्

दीपकराज गिरीले भने झैं नक्कल गर्ने प्रवृत्तिका कारण थुप्रै हास्य प्रधान चलचित्र नरामोसँग फ्लप समेत भएका छन् । हास्य विधालाई क्यास गर्ने अभियानमा जुटेका केही हास्यप्रधान चलचित्र आफैं हास्यास्पद समेत बनेका उदाहरण पनि उत्तिकै छन् । विपिन कार्की र सौगात मल्ल जस्ता उत्कृष्ट कलाकारद्वारा अभिनित चलचित्र 'लालपुर्जा', सौगात मल्ल र प्रियंका कार्कीको 'फाटेको जुत्ता', सौगात मल्ल र बेनिशा हमालको 'झ्यानाकुटी', दयाहाङ राईको हाउ फन्नी, नक्कली बाबुराम अर्थात ज्योति काफ्ले, बुद्धि तामाङ तथा रजनी केसीको 'लालजोडी' जस्ता चलचित्रलाई हास्य प्रधान त भनियो, तर ती चलचित्रले दर्शकको मन जित्न सकेनन् ।

# न्यू जेनेरेसनका कमेडियन

महेश तिमल्सिना



सञ्चारमाध्यमको विकाससँगै कलाकारिताका विभिन्न विधामा प्रवेश गर्नेहरूको लर्को लागेको छ । यसको प्रभाव हास्यव्यंग्य क्षेत्रमा पनि छ । अहिले हाँस्यव्यंग्यको क्षेत्रमा नयाँ-नयाँ अनुहारहरू देखापर्न थालेका छन् । यिनै कमेडियनहरूले विभिन्न माध्यममार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरिरहेका छन् । दिनेश काफ्ले पछिल्लो पुस्ताका चर्चित कमेडियन हुन् । स्टेज कार्यक्रमबाटै चर्चामा आएका काफ्ले युवापुस्तामाझ निकै लोकप्रिय छन् । ०७० सालदेखि यो क्षेत्रमा सक्रिय रूपमा लागेका काफ्लेको पृष्ठभूमि रंगमञ्च तथा रेडियो कार्यक्रम हो । काफ्लेले प्लस टुमा अध्ययन गर्ने क्रममा कमलपोखरीस्थित शैली थिएटरमा अभिनय सिकेर ४/५ वटा नाटकमा समेत  अभिनय गरेका थिए । त्यसपछि उनी रेडियो अडियोमा गोलमाल, अडियो मार्केट, मिस्टर मुईंया आदि कार्यक्रम सञ्चालन गर्न थाले । उक्त कार्यक्रमले आफूलाई श्रोतामाझ आंशिक चिनाएको काफ्ले बताउँछन् । काफ्ले ०७० देखि हास्यविधामा सक्रिय रूपमा लागे । त्यतिबेला उनी स्टेज कार्यक्रममा माग्ने बुढाको अभिनयको क्यारिकेचर गर्थे । त्यही क्यारिकेचरले आफूलाई सर्वत्र चिनाएको दिनेश बताउँछन् । यसरी विभिन्न क्षेत्रका चर्चित व्यक्तिहरूको क्यारिकेचर गर्दै जाँदा काफ्लेलाई देश-विदेशका कार्यक्रमबाट निमन्त्रणाको ओइरो लाग्न थाल्यो । उनले एकवर्ष पहिले हरेक क्षेत्रका एक सय जनाभन्दा बढी व्यक्तिको क्यारिकेचर गरेको भिडियो युट्युबमार्फत सार्वजनिक भयो । उक्त भिडियो भाइरल समेत भयो । यही क्रममा उक्त भिडियो हेरेर पत्रकार रवि लामिछानेले गिनिज बुकमा नाम लेखाउन पहल गर्न सुझाव दिएको काफ्ले सम्झन्छन् । एक सय जनाको क्यारिकेचर गरेको भिडियो सार्वजनिक भएपछि काफ्लेलाई देश-विदेशका विभिन्न कार्यक्रममा बोलाउन थालियो । उनले मलेसिया, ओमान, कोरिया आदि देशमा प्रस्तुति दिइसकेका छन् । आफूले अहिलेसम्म देश-विदेशमा गरी करिब ५ सयभन्दा बढी स्टेज कार्यक्रममा प्रस्तुति दिइसकेको काफ्ले बताउँछन् । जो कसैले पनि आफू जुन पेसा आबद्ध हुन्छ त्यसमा हजार सपना देखिसकेको हुन्छ । काफ्लेको पनि गिनिज बुकमा लेखाउने तथा अमेरिकन गड ट्यालेन्टमा सहभागी हुने सपना छ ।

लेखमणि त्रिताल पछिल्लो पुस्ताका अर्का हास्यकलाकार हुन् । विद्यालय तह देखि नै अभिनयमा रुचि राख्ने त्रिताल जब स्नातक तह अध्ययनका लागि क्याम्पस पुगे त्यहाँ उनले नयाँ साथीहरू भेटेसँगै उनीहरूलाई आफ्नो प्रतिभाले आकर्षित गर्न थाले । यही क्रममा उनलाई साथीहरूले एउटा युट्युब च्यानल खोलेर अभिनय गर्न सुझाव दिए । त्यसपछि त्रितालसहित ८ जना साथी मिलेर नेप-ग्याजम नामक युट्युब च्यानल खोले । उक्त च्यानलमा त्रिताल आफ्ना स्ट्याण्डअप कमेडीका भिडियोहरू अपलोड गर्छन् । गत वर्षको भ्यालेन्टाइन डेको अवसर पारेर उनले उक्त च्यानलमा पहिलोपटक भिडियो अपलोड गरेका थिए । उक्त भिडियोले राम्रो प्रतिक्रिया पाएपछि आफूलाई यो क्षेत्रले तानेको त्रिताल बताउँछन् । युवापुस्तामाझ लोकप्रिय बन्दै गएका त्रिताल अरूको क्यारिकेचर गरेर भन्दा पनि फरक खालका प्रस्तुति दिएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्ने आफ्नो उद्देश्य रहेको बताउँछन् । नेपालमा स्ट्याण्डअप कमेडी भर्खरैमात्र आएको हो । त्रिताल भन्छन्, 'नेपाली स्ट्याण्डअप कमेडीलाई पनि विदेशको जस्तै गरी विकास गर्ने लक्ष्य लिएको छु ।'

यसैगरी एस जोडी नामले परिचित अजय रेग्मी र सुदीप खतिवडा पनि हास्यव्यंग्यको क्षेत्रमा सक्रिय छन् । विद्यालय तहदेखि नै विभिन्न क्षेत्रका व्यक्तिहरूको क्यारिकेचर गरेर मनोरञ्जन प्रदान गर्दै आएको यो जोडीको भेट अध्ययनको सिलसिलामा एडमार्क कलेजमा भएको थियो । सुरुसुरुमा यो जोडीले मेरीबास्सै, खासखुस आदि हाँस्य टेलिश्रृंखलामा अभिनय गरेको थियो । आफूले त्यहाँ लिएको अनुभव सदुपयोग गर्दै यो जोडी विभिन्न कार्यक्रम तथा महोत्सवका स्टेज कार्यक्रमहरूमा सँगै प्रस्तुति दिन थाल्यो । अहिले आफ्नो बाँच्ने आधार भनेकै स्टेज कार्यक्रम भएको उनीहरू बताउँछन् । यो जोडीले स्टेज कार्यक्रममा विभिन्न विषयवस्तुमा आधारित रहेर प्रहसनमार्फत मनोरञ्जन प्रदान गर्दै आएका छन् । यो जोडीले देशका विभिन्न ठाउँहरूमा पुगेर सामाजिक विकृतिका विरुद्ध सडक नाटक समेत प्रदर्शन गर्दै आएको छ ।

अहिले निकै चर्चामा रहेका अर्का कमेडियन हुन्- सुबोध गौतम । उनको पृष्ठभूमि अरूको भन्दा अलि फरक छ । गौतम राजनीति पृष्ठभूमिबाट यो क्षेत्रमा प्रवेश गरेका कलाकार हुन् । उनी तत्कालीन माओवादी जनयुद्धका लडाकु थिए । यद्यपि उनी अहिले विशुद्ध कलाकार भएका छन् । आफूमा राजनीतिक चेतना भएको तर कुनै पनि राजनीतिक दलको विरोध वा समर्थनमा नरहेको गौतम बताउँछन् । राजनीतिक यात्राकै क्रममा आफूमा कलाकारिताप्रति रुचि जागेको उनी सुनाउँछन् । ०६५ सालको कुरा हो । कमलादीस्थित प्रज्ञा भवनमा बिना गौतमको नेतृत्वमा एउटा कार्यक्रम आयोजित गरिएको थियो । उक्त कार्यक्रममा गौतमले स्टेजमा पहिलो प्रस्तुति दिएका थिए । उक्त प्रस्तुतिबाट आफूले राम्रो प्रतिक्रिया पाएको उनी बताउँछन् । पहिलो स्टेज कार्यक्रमबाटै सफलता हात पारेका गौतमलाई त्यस पछिका दिनमा चिनजानका साथीहरूले विभिन्न कार्यक्रममा बोलाउन थाले । त्यसपछि उनलाई यो क्षेत्रले अझ तान्न थाल्यो । यही सिलसिलामा उनी सन् २०१५ मा अष्ट्रेलियाको एउटा कार्यक्रममा सहभागी हुन पुगे । गौतमको विशेषता क्यारिकेचर हो । उनमा विभिन्न क्षेत्रका १ सय ५० भन्दा बढी व्यक्तिको क्यारिकेचर गर्न सक्ने क्षमता छ । उनको प्रतिभालाई धेरैले माया गर्छन् । पुष्पकमल दाहाल (प्रचण्ड), बाबुराम भट्टराईदेखि दीपकराज गिरी, सन्दीप क्षेत्रीसम्म आफ्नो प्रशंसक भएको उनी बताउँछन् । स्टेज कार्यक्रम तथा क्यारिकेचरबाटै आफूलाई चिनाएका गौतमले हालसम्म देश तथा विदेशका एक हजारभन्दा बढी स्टेज कार्यक्रममा प्रस्तुति दिइसकेका छन् । यसका साथै, उनले मेरी बास्सै, भद्रगोल, हर्के हल्दार, जिरे खुर्सानी, डिठ्ठा साब आदि हाँस्यटेलिश्रृंखलामा समेत अभिनय गरेका छन् ।

सुमन कार्की चर्चामा रहेका अर्का युवा कमेडियन हुन् । केही समययता उनी मेला महोत्सवहरूमा व्यस्त छन् । कार्की विद्यालय छदैदेखि कार्की सामान्य नक्कल गरेर साथीभाइहरूलाई हसाउँथे । जब उनी विद्यालय तहको शिक्षा पूरा गरेर कक्षा ११ अध्ययनका लागि मोरङस्थित महेन्द्र उमाविमा भर्ना भए त्यही क्रममा उनले कलेजको एक कार्यक्रममा पहिलोपटक केपी ओलीको क्यारिकेचर गरे । उक्त क्यारिकेचरको प्रशंसाले आफूलाई यो क्षेत्रमा अघि बढ्न हौसला प्रदान गरेको कार्की बताउँछन् । त्यसपछि कार्कीले विभिन्न व्यक्तिहरूको क्यारिकेचर गरेर साथीभाइहरूलाई मनोरञ्जन दिन थाले । यही क्रममा उनले रेडियो सुनाखरीमा तालिम लिएर त्यहीँ काम सुरु गरे । त्यहाँ उनी विभिन्न कमेडी कार्यक्रम बनाउँथे । रेडियोमा काम गर्ने क्रममा उनी पूर्वका विभिन्न स्टेज कार्यक्रमहरूमा प्रस्तुति दिन पुग्थे । त्यसपछि उनले ०७२ मा काठमाडौं आएर रेडियो अडियोमा काम सुरु गरे । यही क्रममा हाँस्यकलाकार हरिवंश आचार्यको हरिबहादुर उपन्यास बिमोचनका लागि ऋषि धमलाको क्यारिकेचर गर्ने व्यक्तिको खोजी भयो । अन्तत ऋषि धमलाको क्यारिकेचर गर्ने अवसर सुमनले नै पाए । त्यसपछि उनले हरिवंश आचार्यसँगै नेपाल भ्रमण गरे । त्यसयता देशका विभिन्न स्टेज कार्यक्रममा आफ्नो व्यस्तता बढेको कार्की बताउँछन् । सुमन भन्छन्, 'महिनामा ५/६ वटा स्टेज कार्यक्रममा प्रस्तुति दिइरहेको हुन्छु ।'

धिताल चिरिच्याट्टको नामले चर्चित कृष्णप्रसाद धिताल पनि चर्चामा रहेका नयाँ पुस्ताका कमेडियन हुन् । सिन्धुपाल्चोकमा जन्मिएका धिताल उक्त क्षेत्रमा निकै चर्चित छन् । विद्यालय तहदेखि नै हास्यव्यंग्यमा रुचि राख्ने धिताल सुरुवाती दिनमा उज्यालो रेडियोमा मनोज गजुरेलसँग डामाडोल शीर्षकको हास्य कार्यक्रम सञ्चालन गर्थे । यहिक्रममा उनले मनोज गजुरेलसँगै विभिन्न कार्यक्रममा प्रस्तुति दिए । सुरु-सुरुमा सित्तैमा थुप्रै स्टेज कार्यक्रम गरें । धिताल भन्छन्, 'मैले पहिलोपटक सिन्धुपाल्चोकको ग्याल्थुमस्थित सरस्वती उमाविमा स्टेज कार्यक्रम गरेबापत २ सय ५० रुपैयाँ पारिश्रमिक पाएको थिएँ ।' त्यसयता धिताल धेरथोर जति भए पनि स्टेज कार्यक्रममा प्रस्तुति दिएबापत पारिश्रमिक लिएरै छाड्छन् । विशेषगरी स्टेज कार्यक्रममा व्यस्त धितालले आवाज आर्ट क्रिएसनमार्फत सामाजिक विषयवस्तुमा आधारित सडक नाटक समेत गर्दै आएका छन् । धितालले गफै त हो सम्धी, कि कसो आदि गाईजात्रा एल्बम बजारमा ल्याएका छन् । यस्तै, धितालले बाउले भन्छन् मलेसिया जा, व्यापार गर्न धन छैन कमेडी गीत पनि सार्वजनिक गरेका छन् ।

यस्तै, पुरुषोत्तम भण्डारी उर्फ पुर्खे वा पछिल्लो पुस्ताका अर्का कमेडियन हुन् । भण्डारी विद्यालय तहदेखि नै हास्यव्यंग्य प्रस्तुति दिन्थे । यहिक्रममा उनी बुटवलको रेडियो लुम्बिनी र बुद्ध टेलिभिजनमा कमेडी कार्यक्रम चलाउन पुगे । यसरी रेडियो-टेलिभिजनमा काम गरिरहेका बेला उनलाई पश्चिमका मेला महोत्सवहरूमा बोलाउन थालियो । उनी पुर्खे बा पात्रको भूमिकामा अभिनय गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्थे । यहिक्रममा उनको माग विभिन्न मेला महोत्सवमा बढ्दै गयो । यतिबेला उनी पुर्खे बा पात्रलाई ब्राण्ड बनाउन लागिपरेका छन् ।

गुल्मीका उज्वल गिरी पनि चर्चामा रहेका युवा कमेडियन हुन् । पश्चिममा निकै चर्चामा रहेका गिरीलाई धेरैले दानवीर नामले नै चिन्छन् । सानैदेखि हास्यव्यंग्यमा रुचि राख्ने दानवीर सुरुवाती दिनमा लोकदोहोरी गीत गाउँथे । यही क्रममा उनले ०६८ सालमा एउटा कमेडी तीज गीतमा अभिनय गरे । त्यसपछि उनले पनि विभिन्न कमेडी गीत बजारमा ल्याए । कमेडी गीतबाट राम्रो प्रतिक्रिया आएपछि उनलाई गुल्मी तथा बुटवलका विभिन्न स्टेज कार्यक्रमहरूबाट निमन्त्रणा आउन थाल्यो । उनी सुरु-सुरुका स्टेज कार्यक्रममा माग्ने बुढाको अभिनय गर्थे । सधैं माग्ने बुढाको अभिनय गर्दा आफ्नो नाम कसैले पनि नचिनेपछि नाम परिवर्तन गरेर दानवीर राखेको गिरी बताउँछन् । म्युजिक भिडियोमा व्यस्त दानवीर अब भने स्टेज कार्यक्रमको तयारीमा छन् ।

# हास्य कलाकारका थरिथरिका ड्रेस


कुन्जना घिमिरे र सीताराम कट्टेल


गोपाल ढकाल छन्दे


मनोज गजुरेल


शिवहरी पौडेल


यादव देवकोटा सरापे


कुमार कट्टेल जिग्री र रक्षा श्रेष्ठ


सन्दीप क्षेत्री


शिवहरी बैरागी


सागर लम्साल बले र हरि निरौला कक्रोच


दीपाश्री निरौला


किशोर भण्डारी डिट्ठा साब


सुशीला निरौला बिमली


अंशु महर्जन


घनश्याम गौतम


राजु मास्टर, केदार घिमिरे माग्नेबुढा र सुरज चापागाईं बान्द्रे

# मिस टिन तथा मिस्टर टिन

इभेन्ट्स नेपालको ब्यानरमा राजधानीमा मिस टिन-२०१८ तथा मिस्टर टिन-२०१८ सम्पन्न भएको छ। आफ्ना ३६ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै आश्रा श्रेष्ठले मिस टिन-२०१८ को उपाधि जितेकी छिन्। उनी ट्यालेन्ट विधाकी पनि विजेता रहिन्। प्रतियोगितामा पुष्पा उपाध्याय फस्ट रनर्सअप तथा प्रमिला पोखरेल सेकेन्ड रनर्सअप घोषित भए। पुष्पा लिडरसिप विधातर्फ उत्कृष्ट भइन् भने प्रमिलाले पर्सनालिटी विधाको एवार्ड जितेकी थिइन्।

मिस्टर टिन-२०१८ तर्फ भने प्रथम खरेल विजेता भए। प्रथमले सोसल सर्भिस तथा ट्यालेन्ट विधाको उपाधिसमेत उचाले।




यसैगरी मिस्टर टिनमा दिव्यदर्शन मल्ल फस्ट रनर्सअप तथा रजत थापा सेकेन्ड रनर छानिए। दिव्यदर्शन पपुलर विधामा उत्कृष्ट ठहरिएका थिए भने रजत पर्सनालिटी विधामा।

जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित मिस टिनतर्फको प्रतियोगितामा रोजिन शाक्यको कोरियोग्राफी थियो भने मिस्टर टिनतर्फ दिक्पाल कार्की कोरियोग्राफर थिए।

## मिस ब्युटी क्विन

जमलस्थित राष्ट्रिय नाचघरको डबलीमा मिस ब्युटी क्विन नेपाल-२०१८सम्पन्न भएको छ। उक्त प्रतियोगितामा ट्यालेन्ट विधाको एवार्डसहित ज्योति प्रसाईं विजेता घोषित भइन् भने मोस्ट स्मार्ट तथा पब्लिक च्वाइस एवार्डसहित जयश्री मल्ल फस्ट रनर्सअप चयन भएकी थिइन्। प्रतियोगितामा मिस पर्सनालिटीसहित वर्षा महर्जन सेकेन्ड रनर्सअप तथा मनीषा थापा बेस्ट हेयर एवार्डसहित थर्ड रनर्सअप छनौट भए। यो प्रतियोगिता अमेजन इन्टरटेनमेन्टको ब्यानर एवं हिमानी सुब्बाको कोरियोग्राफीमा सञ्चालन भएको थियो।



# मिसेज नेपाल आइडल



विवाहिता महिलाहरूमा केन्द्रित मिसेज नेपाल आइडल-२०१८ राजधानीमा सम्पन्न भएको छ। अमेजन इन्टरटेनमेन्टद्वारा आयोजित यो प्रतियोगितामा मोस्ट पपुलर तथा मोस्ट इन्टेलिजेन्ट विधाको एवार्डसहित सृजना श्रेष्ठले मुख्य उपाधि हात पारिन्। यसैगरी प्रतियोगितामा ट्यालेन्ट एवार्डसहित सिमरन वाइवा फस्ट रनर्सअप तथा मोस्ट कन्फिडेन्टको एवार्डसहित गंगा पौडेल सेकेन्ड रनर्सअप घोषित भए। राष्ट्रिय नाचघरमा सञ्चालित यो प्रतियोगितामा १२ जना विवाहित महिलाको सहभागिता थियो।

# ज्वज्वलपा फेसन शो



क्यान एजुकेशन फाउन्डेसनको संरक्षणमा रहेका बालबालिकाको सहयोगार्थ रशलाइट मिडिया तथा ज्वज्वलपा कलेक्सनको आयोजनामा ज्वज्वलपा फेसन रनवे-२०१८ सम्पन्न भएको छ। उक्त फेसन शोमा युवा-युवती एवं किड्स मोडलहरूले डिजाइनर प्रतिमा महर्जनले तयार पारेका पहिरनहरू प्रस्तुत गरेका थिए। फर्मल, क्याजुयल तथा पार्टी वेयरका विभिन्न स्वरुप प्रस्तुत गरिएको उक्त फेसन शोमा नायिका सञ्चिता लुईंटेलले शो स्टपर तथा कोरियोग्राफर जयन सुब्बा मानन्धरले शो स्टार्टरका रूपमा भूमिका निर्वाह गरेका थिए। यो फेसन शो गायिका तथा मोडल रमिता भण्डारीको कोरियोग्राफीमा सम्पन्न भएको थियो।

# मदनकृष्ण श्रेष्ठसँग कन्दराको प्रस्तुति



पोखरामा यो साता गायक, लेखक तथा वरिष्ठ हाँस्यकलाकार मदनकृष्ण श्रेष्ठको प्रस्तुति सुन्दै रम्ने अवसर जुट्यो। उक्त कार्यक्रममा श्रेष्ठले आफ्नो जीवनका आरोह-अवरोह मात्र सुनाएनन् सांगीतिक प्रस्तुति समेत दिंदै दर्शकहरूलाई रम्ने अवसर जुटाए। कार्यक्रममा उनले तिमी जस्तो लाग्छ प्यारो बोलको गीतमार्फत आफ्नी स्वर्गीय श्रीमतीलाई स्मरण गरे। यसैगरी उनले खोलावारी खोलापारी पीपल र वरसहित विभिन्न ५ वटा गीत सुनाएका थिए। फाइनप्रिन्ट तथा सिटी स्क्वायरद्वारा संयुक्त रूपमा आयोजित उक्त कार्यक्रमको थप आकर्षण कन्दरा ब्यान्डको प्रस्तुति थियो। कन्दराले राष्ट्रिय गीत सुनाउँदै कार्यक्रमको सुरुवात गरेर ७ वटा गीत मार्फत दर्शकको ध्यान खिच्यो। कार्यक्रममा टिकट काटेर प्रवेश गर्ने दर्शकले महको 'म' पुस्तक उपहार स्वरूप प्राप्त गरेका थिए।

राजाराम पौडेल




## मिस्टर मोडल अफ द वर्ल्डमा दिक्पाल

अगस्ट २९ देखि सेप्टेम्बर ५ तारिखसम्म म्यानमारको याङगोन शहरमा सञ्चालन हुने मोडलिङसम्बन्धी अन्तर्राष्ट्रिय प्रतियोगिता मिस्टर मोडल अफ द वर्ल्ड-२०१८ मा दिक्पाल कार्कीले सहभागिता जनाउने भएका छन्। ६ फिट अग्ला २९ वर्षीय दिक्पालले प्रतियोगिताको शीर्ष उपाधिका लागि विश्वका विभिन्न मुलुकका पुरुष प्रतिस्पर्धीहरूसित प्रतिस्पर्धा गर्नेछन्। दिक्पालको यो अन्तर्राष्ट्रिय प्रतियोगितामा तेस्रो सहभागिता हो। दिक्पाल व्यवसायिक मोडल हुनुका साथै चलचित्र अभिनेता पनि हुन्। सन् २००९ मा मिस्टर काठमाडौंको उपाधि जितेका दिक्पाल २०१२ को म्यानहन्ट इन्टरनेसनल नेपालमा फस्ट रनर्सअप भएका थिए।

# मिस्टर एन्ड मिस एम्पेरर



पर्फेक्ट प्लान इन्टरटेनमेन्टको ब्यानरमा नायकद्वय सलोन बस्नेत तथा आमेश भण्डारीको प्रत्यक्ष संलग्नता रहेको सौन्दर्य प्रतियोगिता मिस्टर एन्ड मिस एम्पेरर-२०१८ मा उज्ज्वल दुलाल तथा खुश्बु गिरीले मिस्टर एन्ड मिस एम्पेरर-२०१८ को उपाधि जितेका छन्। प्रतियोगितामा उज्ज्वल डिसिप्लिनतर्फ तथा खुश्बु स्माइल र फोटोजेनिक विधाको विजेता भएका थिए। उक्त प्रतियोगितामा बेस्ट ड्रेस, मल्टिमिडिया र एनर्जेटिक विधाको एवार्डसहित ओजश्वी थापा भ्युअर च्वाइस एवार्डसहित सुप्रभा खत्री फस्ट रनर्सअप तथा ट्यालेन्ट, भ्युअर च्वाइस तथा फ्रेन्डसिप एवार्डसहित सुरज खत्री र पर्सनालिटी विधाको एवार्डसहित स्वस्तिका सापकोटा सेकेन्ड रनर्सअप चयन भएका थिए।

## मिस तीजको उपाधि

राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपालले आयोजना गरेको मिस तीज-२०७५ को उपाधि जेनिसा गुरुङले जितेकी छिन्। प्रतियोगीतामा सहभागी अन्य १७ जना युवतीलाई पछाडि पार्दै जेनिसाले उक्त उपाधि जितेकी हुन्। २० जना प्रतियोगी सहभागी मिसेज तीज-२०७५ को उपाधि भने सिर्जना लामाले जितिन्। १ सय जनाले सहभागिता जनाएको नृत्यतर्फ हिरा भण्डारीले बाजी मारिन्। यही कार्यक्रमको अवसरमा युनियनकी संस्थापक अध्यक्ष मीना गुरुङले तीनवटा विधामा सौन्दर्यकर्मीहरूलाई सम्मान समेत गरिन्। सम्मानित हुनेहरूमा पवि गुरुङ, नुर गुरुङ तथा कमला पौडेल छन्।



# चितवन प्लस टु अफ द इयर

सम्पदा अमगाईं तथा विमल अमगाईं चितवन प्लस टु अफ द इयर-२०१८ को विजेता घोषित भएका छन्। टप वान मिडिया, चितवनद्वारा आयोजित चितवन प्लस टु अफ द इयर-२०१८ को ग्रान्ड फिनालेमा महिलातर्फको फस्ट रनर्सअपमा गीता शर्मा तथा सेकेन्ड रनर्सअपमा ज्योति खड्काथोकीले बाजी मारे भने पुरुष तर्फ राजेश सुनार फर्स्ट रनर्सअप भए। राष्ट्रिय स्तरमा हुने विभिन्न प्रतिस्पर्धामा प्रतिनिधित्व गराउने उद्देश्यले यो प्रतियोगिता आयोजित गरिएको टप वान मिडियाका प्रबन्ध निर्देशक रब्स सापकोटा बताउँछन्।

# गर्मीमा रम्यो सौराहा




चितवन अहिले हट छ। गर्मीले गर्दा जो चितवन पुग्छन् प्रायःले पहिले स्वीमिङ पुल भएको होटल खोज्छन्। त्यसमा पनि पर्यटकीय नगरी सौराहा पुग्नेहरूका लागि पहिलो रोजाइ नै स्वीमिङ हुन्छ। सौराहाको पार्क सफारी रिसोर्टमा पुगेका पुराना तथा नयाँ पाहुनाको पहिलो रोजाइ पनि स्वीमिङ नै भयो। रिसोर्टमा अघिपछिको तुलनामा बाक्लो भीड थियो। सबैजना को भन्दा को राम्रो भन्दै फरक-फरक पहिरनमा सजिएका थिए। उनीहरूलाई एकै ठाउँमा जम्मा गर्ने काम भने दाताज इभेन्ट्सको व्यवस्थापनमा टेस्ला एयर कन्डिसनर चितवनले गरेको थियो। कार्यक्रमको मुख्य आकर्षण कलाकार जितु नेपाल, गायक सुगम पोखरेल, अभिनेत्री एवं मोडल रक्षा श्रेष्ठ तथा पूर्वमिस नेपाल माल्बिका सुब्बा भए।

राति अबेरसम्म दर्शक स्वीमिङ पुल वरपर बसेर गीत-संगीतमा झुमी रहे। नाच्ने र हाँस्ने दर्शकको कमी थिएन। कोही स्वीमिङ पुलमा रमाइरहेका थिए त कोही स्टेज अघि उभिएर कम्मर मर्काउन व्यस्त देखिन्थे।

# वाह ! उस्ताद वा !



१ बाँदरलाइ तह लगाउनु छ भने हातमा केरा र लट्ठी सधैं बोक्नुपर्छ । भाग्न खोजे केरा देखाएर लोभ्याउने, झम्टन खोजे ट्वाक्क टाउकोमा हान्ने ।

२ बयलगाडा चढेर अमेरिका पुगिन्छ भन्नु र कांग्रेसलाई साथमा लिएर गणतन्त्र आउँछ भन्ने सपना देख्नु एउटै हो ।

३ काठमाडौमा रिस उठेको बाँदरले रोल्पामा गएर थाङ्ग्रो चिथोर्छ त म के गरौं ?

४ यो मानवसाङ्लो होइन, माखेसाङ्लो हो ।

५ भुरुरु धूवाँ छोड्ने डिजेल बस होइन, इलेक्ट्रोनिक बस चलाउँछौं ।

६ मौरीको पछि लागे फुलमा पुगिन्छ, झिँगाको पछि लागे आचीमा पुगिन्छ ।

७ रूखबाट दुई-तीनवटा आँप झऱ्यो भने बगैंचा नै रित्तियो भन्छौं, वास्तवमा केही मात्र झरेका हुन्, त्यसले केही फरक पर्दैन ।

८ समथरजति सबै तराई हो भन्नेले बिहारतिर गएर यो पनि मेरै राज्य हो भने भैहाल्यो नि !

९ माका फुइ (बाँदरले फुर्ती लगाउने) : भन्ने त्यस्तै हो । बाँदरले हाँगा हल्लाउँदा रूख हल्लिन्छ, तर रूख भाच्ने सामर्थ्य राख्दैन ।

१० झापामै बस्ने जनता चुप छन्, कञ्चनपुरबाट जितेर आएका प्रतिनिधि चुप लागेर बसेका छन् । अन्तैबाट कोही आउँछ र झापा त छाड्दै छाड्दिनँ, कन्चनपुर त छाड्दै छाड्दिनँ भन्छ ।

११ गोलो घोचेर बिच्किएका अरिंगाल होइनन् जनता, जसलाई पायो त्यसलाई चिल्ने ।

१२ माओवादी छातेच्याउ मात्र हो, भदौको ठूलो थाप्ला पानीले नै ठेगान लगाउँछ ।

१३ हावा भरिएको बेलुनजस्तो आकार मात्र भएर हुँदैन, तौल पनि चाहिन्छ ।

१४ रुक्मांगत नामको छेस्कोले के घोचेको थियो, फ्यास्स हावा खुस्कियो ।

१५ बनमाराको झाडीमा पीपलको बिरुवा छोपियो भनेर पीपल हरायो भन्न मिल्दैन । एमाले पीपलको बिरुवा हो, माओवादी वनमाराको झाडी । पीपल रूख भएपछि वनमारा आफैं खुइलिन्छ ।

१६ हात्ती दुब्लाएर बोरामा अट्दैन, मुसो मोटाएर हात्ती हुँदैन ।

१७ झुसिले झुसिले नै हो, पुतली पुतली नै हो । झुसीलेबाटै पुतली बन्ने भए पनि झुसिलेलाई पुतली भनिँदैन ।

१८ कसैले झोला किनिदे भने किनिदिन सकिएला, त्यसपछि हात्ती झोलामा हालिदे भने हात्ती पनि किनिदिन सकिएला । लौ अब यो हात्ती झोलामा हालिदे भनेर निहुँ खोज्यो भने के गर्ने ?

१९ सिनेमामा हिरोले हिरोनीलाई अँगालो हाल्छ, काखी च्याप्छ, हिरोइन आसु झार्छे, एक-अर्कालाइ केही भयो भने पुर्पुरोमा हात राखेर रुन्छन् । जब सिनेमा सकियो, केको लभ पर्नु ? हिरो एकातिर, हिरोइन अर्कातिर ।

२० गोरु नाङ्गो हुँदा अहिलेसम्म मलाई लाज लागेको छैन ।

२१ माओवादीलाई सुधार्नु साह्रै अप्ठ्यारो काम रहेछ । औषधी ख्वायो, निल्दैन । एकछिन मुखमा राख्छ, यताउति हेरेर ओकलिहाल्छ ।

२२ खहरे आएका बेला ढुंगामुडा सबै बगाउँछन् । खहरेको प्रभावमा परेर गलत निर्णय भयो भने जनताले सच्याउँछन् । यो 'जन-करेक्सन' हो ।

२३ जबजलाई कहाँ टीको लगाइदिनुपर्छ, कहाँ गाजल लगाइदिनुपर्छ, कहाँ लिपिस्टिक लगाइदिनुपर्छ भनेर बहस गर्ने कि जबजले भनेअनुसार उग्र वामपन्थी र दक्षिण पन्थीविरुद्ध लड्ने ।

२४ संविधान निर्माण छाडेर क्रान्तिका लागि दाह्रा किट्ने बेला यो होइन, दाह्रा किट्दै हिँडे आफ्नै बंगारा खिइन्छ, बंगारा नखियाउनुस् ।

२५ संविधानसभा छाडेर रत्नपार्कबाट संविधान जारी हुन्छ र ?

२६ केको वाईसीएल र युथफोर्सको भिडन्त हुन्छ ? खुकुरी र टाउकोको मुठभेड भन्ने ?

२७ सतीदेवीको अंगप्रत्यंग झरेजस्तो गरेर फतक-फतक झरिराख्या छन्, विभिन्न ठाउँमा कांग्रेसका अंग-प्रत्यंग ।

२८ गाउँमा एउटा साँढे थियो, बैंसमा सबैलाई हेप्यो, त्यसलाई बुढेसलकाल भएपछि बाच्छाले पनि हेप्थ्यो, आज कांग्रेस त्यस्तै हालतमा पुग्यो । उसले फू गर्न खोज्छ, बाच्छाले हान्दिन्छ ।

२९ सुन्दरता हेर्न कहाँ जानु नेपालै आउनुपर्छ । गैंडा अमेरिकामा जन्मदैन, युरोपमा जन्मिदैन, अस्ट्रेलियामा जन्मदैन, यही आउनुपर्छ ।

३० नारायणीले ढुंगा बगाउँदैन, तर त्यो माथिबाट पानी परेको बेलामा झर्ने खहरेले ढुंगा पनि बगाउँछ । त्यसको कहिलेकाहीं सिजन हुन्छ, पानी पऱ्यो भने कराउन पनि उद्यम कराउँछ ड्याङ ड्याङ र डुङडुङ गरेर ढुंगासुंगा जे पनि पल्टाउँछ, त्यसले माओवादी त्यस्तै भएर आयो, तर खहरे-खहरे नै हो ।

३१ दुर्गा भवानीले अदालतको स्वाधीनताको रक्षा गरून् ।

३२ एक माना दूधलाई एक पाथीको भाँडामा हालेर तताउनुहोस्, त्यो उम्लदा भाँडाभरिएजस्तो देखिन्छ, तर यथार्थ एक माना नै हुन्छ ।

३३ माओवादीको नेतृत्वमा सरकार बनाउन साथ दियौं । सल्लाह गरेर काम गर्न सुझाव दियौं । नउफ्र, नढल, नकुद्, जमिन हेर भन्दाभन्दै मानेन । आफ्नै खुट्टामा अल्झेर लड्यो ।

३४ जनताले संविधानसभा छाडेर टाउको फुटाउन होइन, संविधान बनाउन, सांसद, मन्त्री हुन र मुलुकलाई समृद्धिको दिशामा लैजान पठाएका हुन्, किन टाउको फुटाउने ?

३५ झुम्रा, कागज र अरू मटेरियल त पहिल्यै थिए, तर ती पहिल्यै थिए भनेर मैले पुतली बनाएँ भन्न मिल्दैन । जसले सबै मटेरियललाई मिलाएर पुतली बनाउन सिकायो, त्यो उसैले बनाएको भन्नुपर्छ ।

३६ केटाकेटीलाई रंग भर भनेर दिइएको चित्रजस्तो होइन, जबजको व्याख्या गर्ने तरिका ।

३७ सरकारमा बस्ने एमालेको धर्म होइन । ब्राह्मणले बिहान उठेर तुलसीमा पानी हाल्छ, गायत्री मन्त्र जप्छ, मुसलमान शुक्रबार-शुक्रबार मस्जिद जान्छ, क्रिस्चियन आइतबार चर्चमा जान्छ भनेजस्तो एमाले सत्तामा जान्छ भन्ने पनि हुन्छ ?

३८ उपप्रधानमन्त्री धेरै भएर के बिग्रियो ? मन्त्रीका अगाडि एउटा पगरी गुथाइदिएको त हो । सांसद्को भन्दा मन्त्रीको २ हजार बढी तलब हुने त हो ।

३९ केपी ओलीले एउटै कक्षामा दुई पटक पढ्दैन ।

४० नोटमा राष्ट्र बैंकले रुपैयाँ भुक्तानी माग्न आएमा तुरुन्त पाइनेछ भनेर लेखेजस्तै मैले १०-२० वर्ष र पछि अघि बोलेका कुराको जिम्मेवारी लिन तयार छु ।

४१ धेरै दाह्रा किट्नेका दाँत भाचिन्छन्, धेरै सिंगौरी खेल्नेको सिङ फुस्किन्छ ।

४२ आन्दोलनकारीले पर्खाल भत्काउने भए, किन ट्रेन्डर आव्हान गर्नुपर्थ्यो ।

४३ घोषणापत्र बिहान-बिहान पाठ गरेर हामीले पारि तरौंला भनेको होइन । देश बनाउन घोषणा गऱ्या हो । पारि तर्ने कुरा होइन, यो देश बनाउने कुरा हो । बारी नै बनाउन कुरा हो । परलोकको कुरा गरेको होइन, इहलोकको कुरा गर्न खोज्या हो ।

४४ संविधानसभामा वामपन्थीको दुइतिहाइ बहुमत भनेर त्यसै छाती पिट्दै हिँडेर हुन्छ ? आफ्नो खेतमा खडेरी पऱ्या छ । त्यसमाथि त्यहीँ बाँदर पल्क्या छ । काकाको खेतमा धान फल्यो भनेर खुसी हुने ?

४५ छोराले तिघ्रा बढे पनि बाबुलाई अभिभावक होइन भन्न मिल्दैन । माओवादीलाई यहाँसम्म ल्याएको एमालेले हो । उसलाई सुधार्न एमालेले गरेको आलोचनालाई विरोध नसम्झोस् ।

४६ कुन आठ, केका आठ, कहिलेका आठ, अंकका आठ कि शब्दका आठ कि केका आठ ?

४७ खेलाडीहरू खेल मैदानमा खेलिराख्या हुन्छन्, छेउपट्टि केटाकेटीहरू सिको गरिराख्या हुन्छन् ।

४८ विग फाइभ सिक्स भन्ने चलन छ, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीस, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, यी कहिले जन्मिएका हुन् भन्ने त्यही देशलाई थाहा नहुने भो । प्रधामन्त्री कहिले जन्मिएको हो, देशले थाहा नपाउने प्रधान न्यायाधीश कहिले जन्मेको हो ? यो कुनै मल्लयुद्धको विषय हो, कुस्ती खेल्ने विषय हो यो ? के भ'को देश ?

४९ विद्वान् भन्या विद्वानै हुन्छ, डाक्टर भन्या डाक्टरै हुन्छ । तिथिमिति समेत याद छ उहाँलाई– कहाँ-कहाँसम्म पुग्यो, कहाँ रेल ट्र्याकबिना हिँड्यो कहाँ लिकबिना हिड्यो, ड्राइभर को थियो, त्यो विद्वतालाई सलाम छ ।

५० केही मान्छे अनौठा मान्छे, केही मान्छे राम्रो कुरासँग पनि झस्कन्छन् ।

५१ श्वास फेर्ने हावामा प्रकृतिले मूल्य लाउँदैन ।

५२ ३ हजार ७ सय कति अचम्म लाग्छ सुन्दा पनि । बालुवाको कुरा गरेको होइन, सुनको ।

५३ खान नपाएको भोको कोही पर्दैन, खान नपाएर भोकले कोही मर्दैन ।

५४ सिक्नु र खेल्नु फरक कुरा हो, म टुच्च हान्छु भनेर हुँदैन, अहिले गोल हान्नैपर्छ ।

५५ शेरबहादुर देउवा नै नेपाली कांग्रेसको अन्तिम प्रधानमन्त्री हुन भन्न पाइँदैन भनेर भन्दा कांग्रेसले आपत्ति जनाएर पत्र लेखेछ, म ज्योतिषी हुँ र शेरबहादुर सात पटक हुन्छन् भन्न ।

५६ हामीले पानी नपठाएको भए महासागर सुक्थे होलान् ।

५७ बाखाले हरियो घाँस मात्र देख्छ, काट्न तयार पारेको खुकुरी देख्दैन ।

५८ सरकार बनेका दिन दीपावली गरे हुन्छ, मिठाई खाए हुन्छ । सबै ठाउँ मिठाई पुऱ्याउन सकिँदैन, आफैं किनेर खाए हुन्छ ।

५९ पैसा जब चल्छ, त्यसले बल्ल फूल पार्ने र चल्ला पार्ने काम गर्छ, हाम्रो नीतिशास्त्रले विद्या जति बाँड्यो त्यति बढ्छ भन्छ, पैसा पनि त्यस्तै हो ।

६० नेकपा एमाले कुनै चिजबाट उत्ताउलिएर, खुसी भएर, केटाकेटीलाई दसैं आएजस्तो आँगनमा निस्केर नाचेजस्तो नाच्ने पार्टी होइन ।

६१ डोको बोकेछ कांग्रेसले नाम्लो लगाएछ, पछाडिपट्टि के भारी बोक्यो भन्या त माओवादीकी छोरी । प्रजातन्त्रका लागि माओवादीकी छोरी रे ।

६२ माकुरोको जालोमा झिँगा पर्छ, भैंसी पर्दैन ।

६३ यो सरकार पुजारीजस्तो होइन, बिहान उठ्ने, मन्दिर जाने, पूजा गर्ने अनि फेरि भोलि उही रीत दोहोऱ्याउने ।


६४ कसैले श्रीमती भन्छन्, कसैले जहान भन्छन्, कसैले धर्मपत्नी भन्छन्, जस्तो भाषा प्रयोग गरे पनि एकै जनालाई सम्बोधन गरेको हो, त्यसैले नेपालको संविधानबारे पनि भारतले त्यसै गरेको हो ।

६५ मैले हावाबाट बिजुली निकाल्ने कुरा गरें, गज्जबको हावादारी कुरा भने ।



# ओली पनि राम्रा कलाकार





रामजी ज्ञवाली

प्रधानमन्त्री केपी शर्मा ओलीको भाषण सुन्दा कोही पनि मानिस अन्य नेता बोल्दा जस्तो वल्तिर-पल्तिर बसेर गफ गर्ने, बदाम खाएर टाइमपास गर्ने, निन्याउरो अनुहार पारेर टुवा परेर बस्ने काम गर्दैनन् । केपी ओली जब स्टेजमा चढ्छन्, माइक आफूतिर ढल्काउँछन्, चारैतिर हेर्छन् अनि मुसुक्क हाँसेर सामान्य तरिकाले भाषण सुरु गर्छन् र निरन्तर हँसाइरहन्छन् । सम्भवतः ओलीको कुनै त्यस्तो भाषण नहोला जहाँ २-४ वटा उखान नमिसिएको होस्, उपस्थित व्यक्ति नहाँसेको होस् ।

धेरैले केपी ओलीको यही भाषण कलाका कारण उनको पार्टीले चुनाव जितेको समेत भन्छन् । कतिपयले ओलीलाई उखान-टुक्का मात्र भन्न आउँछ भनेर समेत आरोप लगाउँछन् । कतिपयले ठट्यौली भाषामा उनलाई नेपालको सबैभन्दा चर्चित हाँस्यकलाकार समेत भन्छन् । पेसाका हिसावले जो हास्यकलाकार हुन उनीहरूचाहिँ ओलीलाई कसरी वर्णन गर्छन् त ?

हाँस्यकलाकार जितु नेपाल प्रधानमन्त्री ओलीलाई सेन्स अफ ह्युमर भएको नेताका रूपमा चित्रण गर्छन् । 'उहाँ बोल्ने मात्र होइन, उपस्थित तमाम दर्शकलाई आफ्नो भाषण सुन्न बाध्य तुल्याउनु हुन्छ,' नेपाल भन्छन्- 'अहिले नेपालीहरू जतिबेला पनि भाषण मात्र सुन्न चाहँदैनन् । मानिसहरू सिरियस कुरा मात्र सुन्दा-सुन्दा वाक्क हुन्छन् त्यसैले उहाँमा हँसाउने जुन कला छ, त्यो निकै राम्रो आइडिया हो ।' एकपटक नारायणगढमा भाषण गर्ने बेला उहाँले साउन्डमा इको आइरहेको छ, यसो मिलाउनु पर्‍योसमेत भन्नुभयो- उहाँले भाषण गर्दा आफूलाई मात्र ध्यान दिनु हुन्न हरेक कुराको ख्याल गर्नुहुन्छ, नेपालले भने । कलाकार नेपाल प्रधानमन्त्रीमा आकर्षण गर्ने ठूलो शक्तिसमेत रहेको औँल्याउँछन् । केपी ओली एउटा राम्रो कलाकार पनि हुनुहुन्छ, उनले थपे, 'हामीलाई समेत मात ख्वाउने उहाँको कला मान्नैपर्छ, उहाँ राम्रो कलासहितको प्रधानमन्त्री होभन्दा गलत नहोला कि !'

प्रधानमन्त्री जस्तो पदमा बसेर जे पायो त्यही बोल्दा त्यसको असर नराम्रो परिरहेको कुरा बताउँछिन् हाँस्यकलाकार दीपाश्री निरौला । दीपाश्री भन्छिन्- 'पर्सनल्ली मेरो हिसावले भन्ने हो भने उहाँ हाँस्यकलाकार हो ।' विगतमा विपक्षी दलको नेताका हिसावले बोल्दा उहाँको भाषण सबैलाईरमाइलो लाग्थ्यो तर प्रधानमन्त्री हुँदा त अलिकति संयमित भएर बोल्नु नि, अलिकति रिससहित निरौलाले थपिन्, 'उहाँको भाषण शैली एकदमै राम्रो छ, एकदमै ज्ञान छ तर प्रधानमन्त्री भएपछि हरेक पार्टीलाई मन छुने भाषण गर्नुपर्छ ।'

हाँस्यकलाकार सन्दीप क्षेत्री भने प्रधानमन्त्री ओलीको भाषणबाट निकै प्रभावित छन् । नेता जस्तो मान्छेले भाषण गर्दा किन रुवाएर कुरा गर्नु त ? उनले प्रतिप्रश्न गर्दै भने, 'अरूले के भन्छन् भन्नेतिर म लाग्दिन, तर हँसाएर धेरैलाई आफूतिर केन्द्रित गर्ने उहाँको जुन क्षमता छ त्यो एकदमै उत्कृष्ट छ ।' जसले हाँस्दै र हँसाउँदै भाषण गर्छ त्यो नेताप्रति जनताको पनि कहि कतै आशा हुन्छ, उनले थपे ।

कलाकार दीपकराज गिरी भने केपीलाई सोचेर-बुझेर मात्र हँसाउन सल्लाह दिन्छन् । उहाँ राम्रो सेन्स अफ ह्युमर भएको नेता हुनुहुन्छ तर प्रधानमन्त्रीको कुर्सीमा बसेका बेला कहिलेकाहीँ सानो त्रुटिले पनि समस्या पार्न सक्छ, गिरीले भने, 'कहिलेकाहीँ संवेदनशील विषयमा हँसाएको राम्रो हुँदैन, कहिलेकाहीँ रमाइलो पाराले स्पष्टीकरण दिनु ठीकै हो ।' गिरी भन्छन्- 'ओलीले जस्तो हँसाउन त हामीले कहाँ सक्नु र ?

हाँस्यकलाकार कलाकार किशोर भण्डारी ओलीको भाषण नेपालका कुनै पनि हाँस्यकलाकारले भन्दा धेरै हँसाउन सक्ने भएको स्वीकार गर्छन् । मेरो टेलिसिरीयल डिट्ठासावमा एउटा सानो रोल गरिदिनुभयो भने साँच्चिकै मेरो सिरियल थप उचाइमा पुग्ने थियो तर पक्कै उहाँ मान्नु हुन्न भण्डारीले हाँस्दै भने, 'अरूले के भन्छन् मलाई थाहा छैन तर मलाई चाहिँ वास्तवमै उहाँ कमेडी कलाकार जस्तो लाग्नु हुन्छ ।' उहाँको कलाबाट नेपाली कलाकारहरूले समेत आइडिया लिने उनले बताए ।

कलाकार दमन रुपाखेती केपी ओलीको भाषणबाट नेपाली जनता दिक्क भएको बताउँछन् । उहाँ देश समृद्ध बनाउन के गर्ने कसो गर्ने तिरभन्दा पनि कसरी हँसाउन सकिन्छ भनेर मात्र लागिपरे जस्तो लाग्छ, रुपाखेतीले भने, 'हँसाउन हामी कलाकार छँदै छौं प्रधानमन्त्रीज्यू, तपाईं अब काम गर्न तिर लाग्नुस् न ।' जतिबेला पनि उखान-टुक्का भन्नाले प्रधानमन्त्री ओलीले आफ्नो विश्वसनियता गुमाउँदै गएको उनी बताउँछन् । प्रधानमन्त्री जस्तो पदमा बस्दा समेत उहाँले उखान टुक्का भन्न छोड्नुभएन, रुपाखेती भन्छन्- 'जनता जति हाँस्नु हाँसिसके, अब देशलाई समृद्धशाली बनाउन कम्मर कसेर लाग्ने बेला छ ।' अरू देश कति विकसित भए, अन्य देशमा कसरी काम हुन्छ भन्ने उहाँलाई आइडिया समेत छैन कि क्या हो ? एक पटक खनेको बाटो १५ महिनासम्म पुरिँदैन, अनि जतिबेला पनि कति गफ सहनु जनताले ? दमनले प्रश्न गरे, 'मोदी आउँदा जसरी धमाधम बाटो बन्छन् त्यसैगरी अरू बेला पनि काम गर्नुस् न, अनि पो जनताले पत्याउँछन् ।'


अर्का हाँस्यकलाकार केदार घिमिरे माग्ने बुढा केपी ओली हाँस्यकलाकारहरूको प्रतिस्पर्धीका रूपमा आएको बताउँछन् । घिमिरे रमाइलो ढगंबाट भन्छन्- 'उहाँको भाषण सापट लिएर धेरै कलाकारले पेट पालेका छन्, त्योभन्दा बढी तनाव त हामी कलाकारको पेसानै धरापमा पर्न थालेर पो भयो त !' हाँस्नु स्वास्थ्यका लागि फाइदाजनक हो तर उहाँले जनताको स्वास्थ्य पनि हेरेर काम गर्नुभए राम्रो हुनेथियो, माग्ने बुढाले थपे ।

कलाकार किरण केसी भने केपी ओलीको भाषण एकदमै मन पर्ने बताउँछन् । उहाँ देशको प्रधानमन्त्री पनि हो, ठूलो पार्टीको अध्यक्ष भएका हिसावले हामीले उहाँको रेस्पेक्ट गर्नुपर्छ, केसी भन्छन्- 'कतिपय नेताको शब्द सामान्य तर स्वर ठूलो हुन्छ तर ओलीको स्वर सामान्य तर शब्द कडा हुन्छन्, उहाँ हरेकको मनमा छुने हिसावले बोल्नुहुन्छ ।' केपी ओली राजनीतिमा नआएको भए नेपालको वरिष्ठ हाँस्यकलाकार हुने कुरामा कुनै दुईमत थिएन, केसीले थपे । ओलीको भाषणका सम्बन्धमा बेला-बेला सामाजिक सञ्जाल, चियापसल तथा भेटघाटहरूमा नकारात्मक कुरा हुने गरेकोप्रति केसी भन्छन्- 'अरूले के भन्छन्, कसरी लिन्छन् भन्दा पनि उहाँको भाषण कला मात्र होइन उहाँ व्यक्तिगत हिसावले जुन जोशीलो रूपमा आफूलाई प्रस्तुत गर्नुहुन्छ त्यसबाट म भने खुसी छु ।'

कलाकार निरु खड्का भने ओली वरिष्ठ कलाकार मदनकृष्ण र हरिवंशभन्दा पनि माथि रहेको बताउँछिन् । सपना देख्नु नराम्रो कुरा त होइन तर ओलीले हावादारी गफ अलिकति बढीनै दिनुभयो, निरुले भनिन्, 'उहाँले जतिधेरै भाषण गर्नुहुन्छ त्यो नेपालको सन्दर्भमा साकार हुन निकै गाह्रो छ । त्यसैले उहाँले सोचेर-बुझेर मात्र प्रस्तुत हुनुपर्छ ।' निरु ओलीलाई संयमित भएर आफ्ना विचार राख्न आग्रह गर्छिन् । प्रधानमन्त्री जस्तो पदमा बसेको मानिसले जे पायो त्यही बोल्दा त्यसले जनतामा असर पार्ने भएकाले सबैलाई मान्य हुने काम र गफ मात्र गर्न उनको सुझाव छ ।

लामो समयदेखि स्टेजमा जमिरहेका कलाकार गणेश इसारा केपी ओली हास्य विधाको कलामा संसारकै बादशाह हुन् भन्ने टिप्पणी गर्छन् । उहाँको कमेडीले नेपालका हरिवंश, मदनकृष्ण मात्र होइन चर्चित कलाकार कपिल शर्मादेखि चार्ली च्यापलिङभन्दा पनि बढी हँसाउँछ- इशाराले भने । कलाकार इशाराले प्रधानमन्त्रीले जतिबेला पनि ठूला गफ दिएर मुलुक नबन्ने बताउँदै अब काममा ध्यान दिनुपर्ने बताए । म आफैं पनि उहाँको अनुहार देख्नासाथ हाँसिहाल्छु, उनले भने, 'तर नेपाली जनता उहाँको उखान टुक्का सुनेर साँच्चिकै आजित भैसकेका छन्, उहाँ जसरी हँसाएर सबैलाई मनोरञ्जन प्रदान गर्नुहुन्छ त्यसैगरी काम गरे जनताले उहाँलाई भगवान सम्झने छन् ।'







# चाप्पेतीकी आमा

सामाजिक सञ्जाल फेसबुक, युट्युब, विगो लाइभ नियमित हेर्ने अधिकांशले 'चाप्पेतीकी आमा' लाई खोज्न थालेका छन् । लिम्बू भाषामा राखिएको 'चाप्पेती' मौलिक एवं शास्त्रीय शब्द हो । नेपाली स्पष्ट बोल्न नजाने पनि लिम्बू टोन मिसाएर विभिन्न सन्दर्भमा ठट्याउली शैलीमा बोल्ने अधवैंसे महिलाका रूपमा देखा पर्ने 'चाप्पेतीकी आमा' अरु कोही नभएर बगैंचालाइन, धरान निवासी १९ वर्षीया पुष्पाञ्जली तिलिङ् हुन् । तिलिङले फेसबुक चलाउन थालेको पाँच वर्ष भए पनि चाप्पेतीकी आमा बनेर सामाजिक सञ्जालमा औपचारिक रूपमा प्रवेश गरेको भने ६ महिनामात्र भएको छ । घर झगडा, घोष्ट, पदुवाको कम्पिटिसन आदि लघु चलचित्र तथा तीनवटा म्युजिक भिडियोमा देखा परिसकेकी पुष्पाञ्जलीलाई चाप्पेतीकी आमाका रूपमा धेरैले मन पराएका छन् । हडकडमा 'फुलेन्देको बाउ' बनेर चलचित्र निर्देशक मौसम इङबुङले पुर्वेली लिम्बू भाषा शैलीमा आधा नेपाली मिसाउदै कमेडी गर्दै आएका बेला धरानकी पुष्पाञ्जलीले चाप्पेतीकी आमा बनेर भिडियो निर्माण गर्न थालेकी हुन् ।



# आँचलको हक्की स्वर

अभिनेत्री आँचल शर्मा स्कर्ट लगाउँदैमा भल्गर नहुने बताउँछिन् । दर्शकहरूले नै अभिनेत्रीहरूबाट थोरै ग्ल्यामर्सको अपेक्षा गर्ने कारणले आफूहरूले त्यस्ता पहिरन लगाउनुपरेको उनको भनाइ छ । 'दर्शकले अभिनेत्रीहरूबाट थोरै ग्लामरको अपेक्षा गर्नुहुन्छ,' उनले भनिन् । स्कर्टले केटाहरूलाई नराम्रो सिग्नल दिन्छ भन्नेमा आफू सहमत नभएको आँचलको तर्क छ । आँचल 'त्यो हेर्ने व्यक्तिको नजरमा पनि भर पर्छ । के साडी लगाउने, कुर्ता लगाउनेहरू बलात्कारको सिकार भएका छैनन् ? यो सम्बन्धित व्यक्तिको मानसिकतामा भर पर्ने कुरा हो ।' आँचललाई महिलाप्रधान चलचित्रमा काम गर्ने रहर छ । 'म सशक्त नारी पात्रका रूपमा दर्शकको मन जित्न चाहन्छु,' उनले भनिन् । अहिले आफूलाई मन पर्ने स्क्रिप्ट नआएकाले धेरै स्क्रिप्ट रिजेक्ट गरिरहेको आँचलले जानकारी दिइन् । आफूलाई जुनसुकैको एक्टरसँग अभिनय गर्न सहज हुने दाबी गर्ने आँचलले चलचित्र ब्याकमा दर्शकले आफ्नो हस्की स्वर सुन्न पाउने खुलासासमेत गरेकी छिन् ।

मेरो रोजाइ

# मेरो रोजाइको जीवनसाथी



● पृथ्वीराज प्रसाई, अभिनेता

**मन मिल्ने र मलाई बुझ्ने**

कुनै पनि सम्बन्धलाई दिगो राख्न पहिलो कुरा मन मिल्नुपर्छ, साथै एक-अर्कालाई बुझ्न सक्नुपर्छ । त्यसैले मेरी हुनेवाली जीवनसाथी मन मिल्ने र मेरो भावना बुझ्ने हुन् भन्ने चाहना छ

**सहयोगी भावना**

सर्वगुण सम्पन्न त कोही पनि हुँदैन, तैपनि मलाई अरूलाई सहयोग गरेको एकदमै मन पर्छ । तसर्थ मलाई सहयोगी भावना भएका युवती मन पर्छन् ।

**साधारण पहिरन तथा मेकअप**

कतिपय युवती भड्किलो पहिरन तथा मेकअपमा सजिन्छन्, तर मलाई भने साधारण पहिरन र मेकअप गर्ने युवती मन पर्छन् ।

**उचाई बराबर होस्**

म कुनै युवतीलाई हेर्दा पहिले उनको उचाइ हेर्छु । हुन त सबै कुरा आफूले चाहेजस्तो हुँदैन । यद्यपि मेरी जीवनसाथीको र मेरो उचाइ बराबर होस् भन्ने चाहना छ ।

**ब्लाक ब्युटी केटी**

धेरैजसोले गहुँगोरो अनुहारलाई प्राथमिकतामा राख्छन् तर मलाई भने ब्ल्याक ब्युटीहरू असाध्यै मन पर्छन् ।

**कलाकारितामा नलागेको**

मेरो परिवारका सदस्य तथा अन्य आफन्तहरूले कलाक्षेत्रमा लागेकै केटी बिहे गर्छस् होला भन्नुहुन्छ, तर मेरी हुनेवाली जीवनसाथी कलाकारिताभन्दा अलि फरक पेसामा आबद्ध भएकी हुन् भन्ने चाहन्छु । यद्यपि उनी आत्मनिर्भर हुन् ।

**मागी विवाह**

मलाई प्रेम विवाहभन्दा मागी विवाहमा विश्वास छ । मेरा धेरै आफन्तले प्रेम विवाह गर्नुभएको छ, तीमध्ये कतिपय सम्बन्ध धेरै लामो समय टिकेको देखिनँ । यदि मागी विवाह भयो भने एक-अर्कालाई बिस्तारै बुझ्दै गइन्छ अनि सम्बन्ध पनि राम्रो हुन्छ ।

प्रस्तुति : महेश तिमल्सिना





# दीपाश्रीको फुर्ती

मानिसको स्वभाव थरी-थरीको हुन्छ । कतिपय अरूले गरेको कामको प्रशंसा गरेर अघि बढ्न आफूमा उत्साह थप्छन्, कतिपय अरूको काम राम्रो भए पनि आलोचना गर्छन् भने कतिपयचाहिँ म भने यसलाई यसरी गर्थें भनेर फूर्ति लगाउने स्वभावका हुन्छन् । यस्तै, स्वभाव चलचित्र अभिनेता, अभिनेता तथा निर्देशकहरूमा पनि पाइन्छ । केही दिनअघि अभिनेत्री निर्मात्री तथा निर्देशक दीपाश्री निरौलाले चलचित्र कायराको प्रिमियर शो हेरिसकेपछि चलचित्र लामो भएको अभिव्यक्ति दिइन् । कायरा २ घण्टा २१ मिनेट लामो थियो । दीपाले आफूले भए उक्त चलचित्रलाई चुस्त दुरुस्त बनाउन २ घण्टामा सिध्याउने बताएकी थिइन् । उनको यही कुरालाई लिएर कतिपयले दीपाश्रीमा कतै घमन्ड बढेको त होइन अथवा उनले फूर्ति त लगाएकी होइनन् भन्ने प्रश्नसमेत उठाए । दर्शकहरूले पनि चलचित्र ढिलो र लामो भएको गुनासो गर्दै आएका थिए । यद्यपि दीपाश्रीको त्यही अभिव्यक्तिका कारण भनौँ वा अरु नै कारणले कायरालाई १६ मिनेट छोट्याइएको थियो ।



# व्यस्त वर्षा

नेपाली सिने जगत्का अभिनेता-अभिनेत्रीहरू कहिले किसानलाई असार र मंसिरले छोपेजस्तो गरी व्यस्त हुन्छन् भने कहिले बाली भित्र्याएपछिका किसानजस्ता फुर्सदिला देखिन्छन् । अहिले कुनै बेलाकी व्यस्त अभिनेत्री वर्षा राउत पनि बाली भित्र्याएका किसानजस्तै फुर्सदिली भएकी छिन् । फुर्सदमा किसानहरू आफ्नो रुचिका काम गरेर समय बिताउँछन् भने सहरिया अभिनेत्री राउत भने म्युजिकल्लीमा भिडियो निर्माण अपलोडमा दिन बिताउन थालेकी छिन् । केही समय अघिसम्म चलचित्र छक्कापञ्जा-३ को सुटिङमा व्यस्त राउत अहिले कुनै चलचित्रमा व्यस्त छैनन् । उनले केही समयअघि सिन्धु मल्लको तीज गीत तथा आधुनिक गीत मनको ढोकामा अभिनय गरेकी थिइन् । त्यसयता अभिनेत्री राउतलाई म्युजिकल्लीमै व्यस्त पाइन्छ ।

अनुभव

# वर्षातको सम्झना

वास्तवमा भन्ने हो भने मलाई वर्षा मौसम मन पर्दैन । यद्यपि म बाल्यकालमा भने पानीमा रुझ्न र खेल्न एकदमै रुचाउँथेँ । अहिले भने पानी पर्‍यो भने दिक्क लाग्छ । पहिलो कुरा त पानी परेपछि हाम्रो कामलाई नै असर गर्छ । म अहिले जुन पेसामा आबद्ध छु, त्यसका लागि आउटडोर सुटिङ गर्न निकै गाह्रो हुन्छ । वर्षाका कारण यतिबेला धेरै काम हुँदैन, जसले गर्दा मलाई यो मौसम खासै मन नपरेको हो । हुन त मौसमको कुनै निश्चितता हुँदैन । हामी मौसमलाई चुनौती दिन पनि सक्दैनौँ । कहिलेकहीँ चाहिँ मौसमलाई नै चुनौती दिएर वर्षायाममा बाहिरतिर निस्कँदा छाता, रेनकोट आदि नबोकिकनै निस्कन्छु । यद्यपि त्यसका कारण मैले धेरैपटक पीडा सहनुपरेको छ ।

केही साताअघिको कुरा हो । म पेप्सीकोलाबाट एउटा कार्यक्रमका लागि जाँदै थिएँ । मैले रेनकोट बोक्न बिर्सिएछु । बीच बाटोमा पुगेपछि मुसलधारे पानी पर्‍यो । त्यहाँ कतै ओत लाग्ने ठाउँ नभएकाले निथ्रुक्कै भिजेँ, जसले गर्दा म उक्त कार्यक्रममा नगै घरै फर्किएँ । यसरी पानी परेकै कारण मैले थुप्रै कार्यक्रममा सहभागिता जनाउन पाएकी छैन ।

अर्को कुरा पानीमा भिजेपछि त्यसले स्वास्थ्यमा समेत समस्या निम्त्याउँछ, स्किनमा समस्या देखा पर्छ । यसका साथै मेकअप बिग्रने समस्या पनि हुन्छ । कुनै कार्यक्रममा जाँदा बीच बाटोमा पुगेपछि पानी पर्छ, त्यसपछि मेकअप बिग्रन्छ अनि तनाब हुन्छ । पानीमा रुझ्दा मेकअप बिग्रिएर म पनि धेरैपटक तनावमा परेकी छु । कुनै कार्यक्रममा जाँदाजाँदै पानी परेर मेकअप बिग्रियो भने म रेस्टरुम छिरेर आफूसँग भएको मेकअप सामग्रीले टचअप गरेरपछि मात्र कार्यक्रम हलमा छिर्छु । यस्तो मैले धेरै पटक गरेकी छु ।


वर्षायाममा परेको झरीले मेरो मुडलाई पनि असर गर्छ । झरी परेको दिन अँध्यारो हुन्छ, जसले गर्दा बाहिर कतै घुम्न जान मन लाग्दैन । त्यसैले मलाई झरी परेपछि घरमा टेलिभिजन हेरेर बस्न मन लाग्छ । यसैगरी फेसबुकमा साथीहरूले पनि रमाइला स्टाटसहरू पोस्ट गर्नुहुन्छ । ती स्टाटस पढ्न निकै रमाइलो लाग्छ । बाहिर निस्किएका बेला अचानक पानी पर्‍यो र रुझ्नुपर्‍यो भनेचाहिँ निकै रिस उठ्छ, यद्यपि त्यो रिस क्षणिक हुन्छ । किनभने हामीले मौसमसँग रिसाएर केही हुनेवाला छैन ।

● बेनिशा हमाल, अभिनेत्री

कानुन

# मुलुकी देवानी संहिताका केही विशेषता

**भदौ १ गतेदेखि मुलुकी देवानी संहिता ऐन-२०७४ लागू भएको छ । यसले मुलुकी ऐन-२०२० लाई प्रतिस्थापन गरेको छ । मुलुकी देवानी संहिता ऐन-२०७४ का केही विशेषता :**




## १२ वर्ष बेपत्ता भएको व्यक्ति मृत मानिने

मुलुकी देवानी संहिता ऐनमा बिनासूचना लगातार १२ वर्षदेखि बेपत्ता भएको व्यक्तिलाई मृत मानिने व्यवस्था गरिएको छ । ऐनको दफा ४० (१) मा भनिएको छ, 'कुनै व्यक्ति बिना सूचना लगातार १२ वर्षदेखि बेपत्ता भए वा त्यस्तो व्यक्तिका सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले १२ वर्षदेखि कुनै जानकारी नपाए त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकोमा बाहेक मृत्यु भएको मानिनेछ ।'

संहितामा मृत्यु भएको मानिने अवस्थासमेत व्यक्तिअनुसार फरक हुने उल्लेख छ । ८० वर्ष पुगेको व्यक्ति बेपत्ता भएको ५ वर्षमा मृत मानिनेछ । युद्धक्षेत्रमा खटिएको सैनिक युद्ध समाप्त भएको मितिले ४ वर्षमा मृत मानिनेछ । यस्तै, सवारी दुर्घटनामा परेको व्यक्ति दुर्घटना परेको ३ वर्षमा मृत मानिने ऐनमा उल्लेख छ । दुर्घटनाका सम्बन्धमा अर्को व्यवस्था पनि ऐनमा छ । उक्त दफाको (२) उपदफामा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै व्यक्तिको कुनै दुर्घटनामा परी मृत्यु भएकोमा त्यस्तो दुर्घटनामा पर्ने अर्को व्यक्ति जीवित रहेको प्रमाण प्राप्त नभए त्यस्तो व्यक्तिको पनि सोही बखत मृत्यु भएको मानिने उल्लेख छ ।

बेपत्ता भएका व्यक्तिको मृत्युको न्यायिक घोषणा वा आदेश भने अदालतले दिनेछ । यद्यपि उक्त व्यक्ति जीवित फर्किए उक्त न्यायिक घोषणा बदर हुनेछ । त्यसका लागि मृत घोषित भैसकेका व्यक्तिले न्यायिक घोषणा बदर गरी पाउन भनी स्वयंले वा निजको हकदारले अदालतमा निवेदन दिनुपर्नेछ । अदालतले उक्त निवेदनमाथि जाँचबुझ गरी न्यायिक घोषणाको आदेश संशोधन वा बदर गर्ने व्यवस्था ऐनमा छ ।

## विवाह २० वर्षपछि

विवाहका लागि अब केटाकेटी दुवैको उमेर २० वर्ष पुगेको हुनुपर्नेछ । यसअघि विवाहका लागि पुरुषको उमेर २० वर्ष तथा महिलाको उमेर १८ वर्ष मानिएको थियो । अब २० वर्षभन्दा कम उमेरमा गरिएको महिलाको विवाहसमेत बदर हुनेछ ।

यस्तै, देवानी संहिताको भाग ३ को दफा ६९ (२) मा विवाह जुनसुकै किसिमबाट भए पनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनुपर्ने कुरा उल्लेख छ । पुरुष र महिलाको मन्जुरीबिना भएको विवाह र हाडनाता करणी सजाय हुने विवाह बदर हुनेछन् । झुक्याई विवाह गरेका कारण कसैलाई मर्का परेको खण्डमा त्यस्तो मर्का परेको व्यक्तिले विवाह बदर गर्न सक्ने र क्षतिपूर्ति दाबी गर्न सक्ने पनि संहितामा उल्लेख छ । विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भए वा निजबाट शिशु जन्मिए निजको मञ्जुरी भए मात्र विवाह बदर हुने व्यवस्था छ ।

यस्तै, कुनै पुरुषको शारीरिक सम्पर्कबाट शिशु जन्मिए स्वत: विवाह मानिने व्यवस्था संहितामा छ । संहिताको दफा ७३ को उपदफा १ मा उक्त कुरा उल्लेख छ । 'कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भए त्यस्तो पुरुष र महिला बीच स्वत: विवाह भएको मानिनेछ,' उक्त दफामा भनिएको छ । यद्यपि जबरजस्ती करणी र हाडनाता सजाय हुने पुरुषबाट गर्भाधान भएर शिशु जन्मिएको हो भने त्यसलाई विवाह मानिनेछैन । यस्तै, विवाहिता महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा पतिको थर वा दुवै थर प्रयोग गर्न स्वतन्त्रता दिइएको छ । पत्नीले कानुनबमोजिम सम्बन्ध-विच्छेद नहुँदै अर्को विवाह गरे वा पति-पत्नीले कानुनबमोजिम सम्बन्धविच्छेद गरे विवाह सम्बन्ध अन्त्य भएको मानिने व्यवस्था पनि संहितामा छ । यस्तै पति वा पत्नीको मृत्यु भए पति-पत्नीबीचको वैवाहिक सम्बन्ध अन्त्य भए वा अंशबन्डा लिएर भिन्न भए पुन: विवाह गर्न सकिनेछ ।

यसअघि महिलामैत्री भनिएको सम्बन्धविच्छेदसम्बन्धी कानुनलाई यसपटक पुरुषका लागि समेत सहज बनाउने प्रयास गरिएको छ । अब सम्बन्धविच्छेदका लागि पुरुष पनि सिधै अदालत जान सक्नेछन् । संहिताको दफामा ९४ मा कानुनबमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मन्जुरी नलिई लगातार तीन वर्ष वा त्यो भन्दा बढी अलग बसे, पत्नीले पतिलाई खान लगाउन नदिए वा घरबाट निकाला गरिदिए, पत्नीले अंगभंग हुने वा अरु कुनै ठूलो शारिरीक मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरे तथा पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरे सम्बन्ध विच्छेद गर्न सकिनेछ । अंशबण्डा नहुँदै महिलाले अर्को विवाह गरे अंश पाउने छैनन् ।

## कृत्रिम गर्भाधानबाट जन्मिएको शिशु पतिकै मानिने

संहिताको परिच्छेद ४ दफा १०९ मा कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने व्यवस्था छ । 'कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोही बमोजिम निजको पितृत्व निर्धारण हुनेछ,' उक्त दफामा भनिएको छ । यस्तै, विवाह भएको मितिबाट १ सय ८० दिन पछि जन्मिएको र पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको सन्तानलाई मात्र विवाहित पतिबाट जन्मिएको शिशुका रूपमा लिइने व्यवस्था पनि संहितामा छ । 'पति-पत्नीबीच अन्यथा सहमति भएकोमा बाहेक विवाह भएको १ सय ८० दिनअघि पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भैसकेको रहेछ भने निजका हकवालाले इन्कार गर्न सक्नेछन्,' दफामा १०७ मा उल्लेख छ ।

यद्यपि विवाह गर्नुअघि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनुपर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेको रहेछ भने त्यस्तो अवधिअघि जन्मिएको कारणले मात्र शिशुको पितृत्व इन्कार हुनेछैन् ।

पति-पत्नीबीचको वैवाहिक सम्बन्ध अन्त्य भएपनि उनीहरूबाट जन्मिएका छोराछोरीको अधिकार भने दुवैमाथि कायमै रहने कानुनी व्यवस्था छ । संहिताको दफा ११८ मा छोराछोरीको बाबुआमामाथिको कानुनी अधिकार र उनीहरूप्रति आमाबुवाको दायित्वको प्रत्याभूति गरिएको छ । यस्तै, मातृत्व वा पितृत्व दुवैका आधारमा सन्तानको पहिचान हुने कानुनी व्यवस्था छ । प्रत्येक छोराछोरीले आमाबाबुलाई आदर, सम्मान र हेरचाह गर्नुपर्ने व्यवस्था पनि मुलुकी देवानी संहितामा छ । दफा १२२ को उपदफा (१) मा प्रत्येक छोरा-छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्ने उल्लेख छ ।

सन्तानमाथि मातृक तथा पैत्रिक अख्तियारी छोराछोरीको उमेर १८ वर्ष पुगेर उनीहरूले रोजगारी प्राप्त गरी भिन्न बसे अन्त्य भएको मानिने व्यवस्था छ । शारीरिक वा मानसिक रुपले अशक्त भएको अवस्थामा भने उसले विवाह गरेर भिन्न बसेको अवस्थामाबाहेक मातृक र पैतृक अख्तियारीको अन्त्य हुनेछैन । त्यस्ता सन्तानको आवश्यक हेरचाह, स्याहारसुसार, औषधोपचार वा रेखदेख बुवाआमाले नै गर्नुपर्नेछ ।

## सम्पतिमाथिको अधिकार

परिच्छेद १०, अशंबन्डा सम्बन्धी व्यवस्थाको दफा २०६ मा गर्भको शिशु पनि अंशको हकदार हुने व्यवस्था गरिएको छ । 'अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भए र निजले जन्माउने शिशु अंशियार हुने भए त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ,' उक्त दफाको उपदफा-२ मा भनिएको छ । यस्तै, कानुनबमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोरा-छोरीले त्यस्ता बाबु-आमाबाट अंश पाउने व्यवस्था छ ।

दफा २०८ मा बाबुको पहिचान नभएका छोरा-छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउने व्यवस्था छ । सार्वजनिक नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मिएका छोरा-छोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैनन् । कुनै व्यक्तिको एकभन्दा बढी पत्नी छन् भने सबै पत्नीबाट जन्मिएका सन्तानले आफ्ना बाबुको सम्पत्तिबाट मात्र अंश पाउनेछन् । यस्तै दोस्रो विवाह गरेपछि जन्मिएका सन्तानले पनि बाबुबाट अंश पाउनेछन् ।

अंशबन्डासम्बन्धी व्यवस्थामा पति र पत्नी अंश लिई अलग हुन सक्ने व्यवस्था पनि छ । दफा २१२ पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरे र पति वा पत्नीले पत्नी वा पतिलाई शारीरिक वा मानसिक यातना दिए अंश लिई भिन्न बस्न सक्ने व्यवस्था छ । यस्तै, विधवा महिलाले पनि अंश लिई भिन्न हुने अधिकार संहितामा व्यवस्था गरिएको छ । विधवाले अर्को विवाह गरे भने निजले अंशबापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पति तर्फ छोरा-छोरी भए त्यस्ता छोरा छोरीले र नभए आफैंले लिन पाउने कानुनी व्यवस्था छ ।

## कसरी हुन्छ गोपनीयता अतिक्रमण ?

संहिताको परिच्छेद ३ मा नागरिक अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । उक्त परिच्छेदको दफा २१ मा गोपनीयताको हक अतिक्रमण भएको मानिने शीर्षकमा कानुनबमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरी नलिई व्यक्तिगत विवरणहरू बाहिर ल्याउन नपाइने उल्लेख छ । संहिताको उक्त दफामा कुनै व्यक्तिको वासस्थानमा प्रवेश गरे, कसैको चिठीपत्र खोले वा त्यसको प्रयोग गरे, टेलिफोन वा कुराकानी अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली ध्वनि टेप वा रेकर्ड गरे वा सुने, कुनै व्यक्तिको नीजि जीवनको व्यवहार, आचरण चियोचर्चा, प्रकाशन, प्रशारण गरे वा प्रचार गरे, कसैको आकृति वा तस्विर खिचे र अरुको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरे त्यो गोपनीयताको अधिकारको अतिक्रमण भएको मानिने उल्लेख छ । यद्यपि साहित्यिक, कलात्मक प्रयोजन वा सार्वजनिक हितका लागि ती खण्डहरूमा लेखिएको कुनै काम गरे गोपनीयताको अधिकार अतिक्रमण भएको नमानिने उक्त दफामा उल्लेख छ ।

## एकदिनमा ८ घण्टा बढी काम गराउन नपाइने

ज्याला मजुरी सम्बन्धी कानुनी व्यवस्था गरिएको परिच्छेद १४ मा कम्तिमा १४ वर्ष पुगेको व्यक्तिलाई उसको मन्जुरी लिई काममा लगाउन पाइने उल्लेख छ । यद्यपि १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन प्रतिबन्ध लगाइएको छ । दफा ६४३ मा एक दिनमा ८ घण्टाभन्दा बढी काममा लगाउन नपाइने व्यवस्था छ । उक्त दफाको उपदफा (१) मा भनिएको छ, 'कसैले कुनै व्यक्तिलाई काम लगाउँदा सामान्यत: एक दिनमा आठ घण्टाभन्दा बढी काम लगाउन सकिनेछैन ।' उक्त अवधिभन्दा बढी काममा लगाउनुपरे सम्बन्धित व्यक्तिको मन्जुरी लिनुका साथै त्यसरी काममा लगाउँदा आठ घण्टालाई एकदिन मानी बढी काम गरेको प्रत्येक घण्टाबापत सोही अनुपातमा थप ज्याला मजुरी दिनु पर्नेछ ।' घरेलु काममा भने यो व्यवस्था लागु नहुने संहितामा उल्लेख छ ।

अपराध

# मायाले माऱ्यो

पूर्वी नेपालको मोरङमा एकजना प्रेमीले लामो समयदेखि प्रेममा रहेकी आफ्नी प्रेमिकामाथि छुरा रोपेका छन् । गत वैशाखमै २२ वर्षीया शिखा घिमिरेसँग 'कोर्ट म्यारिज' गरिसकेका ३० वर्षीय दिनेश भट्टराईले भदौ १ गते नाटकीय रूपमा आफ्नी प्रेमिकाको विभत्स हत्या गरेका हुन् ।



अभियुक्त दिनेश भट्टराई



अनिल श्रेष्ठ

मन दिइन्, माया दिइन् । सिंगो जीवन सँगै जिउने कसम पनि खाइन् । मन र मुटु नै दिएका प्रेमीबाट उनले आफ्नो इहलीला समाप्त होला भनेर सपनामा पनि सोचेकी थिइनन् तर त्यही भयो, प्रेमीबाट उनले त्यस्तै दर्दनाक नियति सामना गर्नुपऱ्यो ।

यस्तै नसोचेको घटना बेहोरिन्, मोरङकी कलकलाउँदो उमेरकी युवती शिखा घिमिरेले । मोरङको ग्रामथान गाउँपालिका-३, सिद्राहामा गत साता एउटा क्रूर र विभत्स घटना घट्यो । शिखाको हत्या जीवनभर साथ दिई सँगै मर्ने, सँगै बाँच्ने कसम खाएका आफनै प्रेमीबाट भयो । विराटनगर- १३ महतो टोलकी २२ वर्षीया घिमिरेलाई सोही ठाउँका उनका प्रेमी ३० वर्षीय दिनेश भट्टराईले १ भदौको दिउँसो धारिलो हतियार प्रयोग गरी हत्या गरे ।

आफूलाई धोका दिन लागेको आरोप लगाउँदै दिनेशले शिखाको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । दिनेशले शिखालाई शरीरको विभिन्न भागमा धारिलो हतियार दाउ र चक्कु प्रहार गरेर विभत्स तरिकाले हत्या गरेको जिल्ला प्रहरी कार्यालय मोरङ प्रहरी प्रमुख एसपी मनोजकुमार केसीले बताए । उनका अनुसार शिखाको को १७ प १७२३ नम्बरको स्कुटरमा चढेर दुवै जना विराटनगरस्थित आ-आफ्नो घरबाट निस्किएपछि सिद्राहा पुऱ्याएर दिनेशले उक्त हत्या गरेका हुन् । 'सिद्राहा पुगेपछि स्कुटरबाट ओर्लिएका दुवै जनाबीच वादविवाद भएको स्थानीय बासिन्दाले देखेका रहेछन्,' केसीले भने, 'विवाद बढ्दै जाँदा दिनेशले आफ्नो झोलामा बोकेको धारिलो हतियार निकालेर शिखामाथि प्रहार गर्न थालेछन् ।' दिनेशले प्रहार गरेको हतियारले शिखाको अनुहार, घाँटी, पेट आदिमा चोट लागेको प्रहरीले जनाएको छ । धारिलो हतियार प्रहारले शिखाको घटनास्थलमै मृत्यु भएको प्रहरीले बताएको छ ।

घटनालगतै प्रहरीले दिनेशलाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको छ । उनीमाथि मुलुकी अपराध (संहिता) ऐन २०७४ को ज्यान सम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ । नयाँ जारी फौजदारी अपराध संहिता ०७४ अनुसार क्रुर र वीभत्स तरिकाले हत्या गर्नेलाई आजीवन कारबासको व्यवस्था छ ।

### पैसा लिन जाँदा बाटैमा मारिइन्

शिखा अस्ट्रेलिया जाने तयारीमा थिइन् । अस्ट्रेलियाको भिसा नआएसम्म शिखाले काठमाडौंमा बसेर एक महिना ब्युटिपार्लरको तालिम लिने पारिवारिक सल्लाह भएअनुसार गत शनिबार उनी काठमाडौं जाने तयारीमा जुटेकी थिइन् । काठमाडौं जानुभन्दा एक दिन अघि पैसाको जोहो गर्न भन्दै दिनेशले शुक्रबार बिहानै झोराहाटस्थित आफ्नो मामाघरमा पैसा लिन शिखालाई लिएर गए । दिनेशलाई चलाउन नआउने भएकाले स्कुटर शिखाले नै चलाएकी थिइन् ।

मामाघर पुग्नुभन्दा अघि गफ गर्ने भन्दै दिनेशले शिखा ग्रामथान–३, सिद्राहा टोलभन्दा सय मिटर उत्तर सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहरको पूर्वी डिलतर्फको छहारीमा स्कुटर राखेर नहर को डिलमा बसेर कुरा गर्न थाले । 'बसेको केहीबेरमा दुवैबीच वादविवाद भएको स्थानीय बासिन्दाले देखेका रहेछन्,' एसपी केसीले भने, 'विवाद बढ्दै जाँदा दिनेशले आफ्नो झोलामा बोकेको दाउ निकालेर शिखामाथि प्रहार गर्न थालि हालेछन् ।' बेहोसी तालमा रहेका दिनेशले शिखाको शरिरमा कतिपटक धारिलो हतियार प्रहार गरे उनी आफैंलाई हेक्का नभएको प्रहरीलाई बताएका छन् ।

### गाउँलेको फन्दामा

क्रूर तरिकाले हत्या गरेर शव नहरको डिलमा फ्यालेर भाग्न खोज्दा दिनेशलाई स्थानीय बासिन्दाले घेरा हालेर नियन्त्रणमा लिएपछि प्रहरीको जिम्मा लगाए । युवतीको हत्या गरेर भागिरहेको देखेपछि खेतमा काम गरिरहेका गाउँलेले प्रहरीलाई खबर गरेर उनलाई नियन्त्रणमा लिएका हुन् । नियन्त्रणमा लिन खोज्दा उनले स्थानीय बासिन्दालाई आफ्नो झोलामा रहेको छुरा निकालेर प्रहार समेत गर्न खोजेको एसपी केसीले बताए । त्यस क्रममा गाउँलेहरूसँग दोहोरो घम्साघम्सी हुँदा छुराले दिनेशको हात समेत काटिएको छ । त्यत्तिकैमा गाउँबाट आएका मानिसहरूले ढुंगाले हान्न थालेपछि दिनेशको हातबाट छुरा खसेको थियो । छुरा खसेलगत्तै गाउँलेहरूले उनलाई नियन्त्रणमा लिएका थिए ।

'सँगै स्कुटरमा गए पनि दिनेशले झोलामा दाउ र छुरा समेत बोकेर जानुले योजनाबद्ध हिसावबाट घटना गराएको देखिन्छ,' एसपी केसीले भने, 'चिन्नै नसक्ने गरी विभत्स तरिकाले हत्या गरिएको अवस्थामा शव फेला पऱ्यो ।' प्रहरीले घटनास्थलबाट हत्यामा प्रयोग गरिएको दाउ, चक्कु तथा दुवै जना चढेर गएको को १७ प १७२३ नम्बरको स्कुटर बरामद गरेको छ । पक्राउ परेका दिनेशलाई इलाका प्रहरी कार्यालय बेलबारीमा राखेर घटनाको अनुसन्धान सुरु गरिएको एसपी केसीले बताए ।

### तीन महिना अघि "कोट म्यारिज"

लामो समयदेखि प्रेममा रहेका शिखा तथा हत्याका आरोपी दिनेशबीच तीन महिनाअघि 'कोर्ट म्यारिज' भएको थियो । 'डिपेन्डेन्ट भिसा'मा अस्ट्रेलिया जाने तयारीमा जुटेका दिनेश र शिखाले जिल्ला प्रशासन कार्यालय मोरङमा 'कोर्ट म्यारिज' गरेका हुन् । गहिरो प्रेममा परेका दुवै जनाले आ-आफ्नो परिवारलाई यो प्रेम सम्बन्धको कुरा अवगत गराए । परिवार रिझाएपछि उनीहरूको प्रेमलाई परिवारले समेत साथ दिएको थियो । त्यसपछि उनीहरूले अष्ट्रेलिया जाने योजना बनाए । दुवैतर्फका परिवारका सदस्यहरू सहमत भएपछि शिखा र दिनेशको कोर्ट म्यारिज भएको बताइएको छ । दिनेश र शिखा नजिकका छिमेकी पनि हुन् । कोट म्यारिज गरेपनि दुवै जना आ-आफ्नै घरमा बस्दै आएका थिए ।

पढाइमा अब्बल शिखा दिनेशकै खर्चमा अस्ट्रेलिया जाने तयारीमा थिइन् । 'परिवारिक सल्लाहपछि दिनेश र शिखा दुवै डिपेन्डेन्ट भिसामा अस्ट्रेलिया जाने तयारीमा थिए,' शिखाका बुवा कृष्णले भने, 'अस्ट्रेलियामा पढाइ सकिएपछि घरपरिवारको सहमतिमा परम्परागत विवाह गरिदिने सल्लाह भएको थियो ।' कृष्णले दिनेश र शिखाबीच प्रेम रहेको आफूहरूले ६ महिनाअघि मात्र थाहा पाएको बताए । 'दिनेशलाई घरमै बोलाएर सोधेपछि प्रेम सम्बन्ध रहेको थाहा भयो,' कृष्णले भने, 'डिपेन्डेन्ट भिसामा दुवैजना अस्ट्रेलिया जाने तयारीमा थिए, छोरीको यही इच्छा बुझेपछि स्वीकृति दिएका हौं ।'

दिनेश र शिखाले कन्सल्टेन्ट मार्फत पैसा बुझाएर भिसाको सवै प्रक्रियासमेत पूरा गरिसकेका थिए । दुई वर्षपछि नेपाल आएर धार्मिक विधिअनुसार विवाह गर्न दुवै परिवार सहमत रहेको अवस्थामा किन हत्या गरिएको हो भन्ने कुरा बुझ्नै गाह्रो भएको कृष्ण बताउँछन् ।

यता दिनेशका बुबा भरतमणिले अहिलेसम्म एउटा कुखुरासमेत नमारेको आफ्नो छोराले शिखालाई मारेको कुरा पत्याउनै गाह्रो भएको बताए । 'अहिलेसम्म छोराले धुम्रपान र मध्यपान सेवन गरेको देखेको छैन,' उनले भने, 'हत्या भएको दिन दिनेश सिलिगुडी जान भनेर बिहान सवेरै चियासमेत नपिई निस्किएको थियो । शुक्रबार अपरान्ह शिखालाई मारेको समाचार सुनेपछि हामी सबै चकित भयौं ।' दिनेश ३/४ महिनादेखि घरमै बसिरहेको र डिप्रेसनको औषधि खाइरहेको उनले दाबी गरे ।

### को हुन् शिखा घिमिरे ?

कृष्ण र सुरेखाकी एक मात्र छोरी हुन्– शिखा । उनको जन्म २०५३ साल असार २७ मा भएको हो । शिखाले स्थानीय गोदावरी स्कुलबाट २०७० सालमा एसएलसी, कोबास कलेजबाट व्यवस्थापनमा प्लस टुका साथै मेरील्यान्ड कलेजबाट बीबीएसको अन्तिम वर्षको परीक्षा दिएकी थिइन् । उनी मेरील्याड कलेजको टप फाइभ भित्र पर्ने विद्यार्थी भएकी कलेजले जनाएको छ ।

गोदावरी बोर्डिङ स्कुलमा कक्षा ६ मा पढ्दादेखि नै दिनेशले शिखाको घरमै पुगेर उनलाई ट्युसन पढाउँदै आएका थिए । शिखा पढाइमा मात्र अब्बल होइनन्, उनी आयआर्जनको काममा पनि उत्तिकै सिपालु थिइन् । शिखाकी आमा सुरेखाका अनुसार घरमै पनि उनी ब्युटिपार्लर, सिलाइकटाइ तथा ट्युसन पढाउने आदि काम गरेर आय आर्जन गर्थिन् ।



घटनास्थल

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

भदौ १० गते
जनै पूर्णिमा

भदौ ११ गते
गाईजात्रा

## मेष

बोलीको प्रभावले अधुरा कार्यहरू पूरा हुनेछन् । साझेदारीमा व्यवसाय सञ्चालन गरिने योग देखिन्छ । विलासिताका सामग्री बिनामोलतोल खरिद नगर्नुहोला । शुभकार्य तथा सामाजिक कार्यक्रमहरूमा धनखर्च गर्नुपर्नेछ । बिहीबारपछि स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ ।

## वृष

पैतृक धन लगानी गरी अन्य मुलुकमा व्यवसाय सञ्चालन गर्ने कुरामा पारिवारिक मत मिल्नेछ । तपाईंको परोपकारी तथा इमान्दार स्वभावको फाइदा लिन अनेक खालका स्वार्थपरस्त व्यक्तिले घेरा हाल्ने सम्भावना छ । राति सवारी साधन चलाउँदा संयमित रहनुहोला ।

## मिथुन

कृषिजन्य व्यापार-व्यवसाय गर्न सके आम्दानीको मार्ग फराकिलो हुनेछ । धार्मिक गतिविधि तथा भ्रमणमा स-परिवार सहभागी भइनेछ । घरायसी सामग्री जोहो गर्न तथा पाहुनाहरूलाई बिदाइ गर्न समय खर्चनुपर्ने हुन्छ । साताको अन्त्यमा रोकिएका कार्यहरू स्वतः फुकुवा हुनेछन् ।

## कर्कट

पराक्रम बढ्नुका साथै काममा सोचेजस्तै सफलता हात पर्नेछ । विभिन्न किसिमका प्रतिस्पर्धामा सहभागी भै उत्कृष्ट नतिजा हात पार्न सकिनेछ । शारीरिक थकावट तथा कमजोरी भए जुस, फलफूल आदि सेवन गर्नुहोला । हितैषीहरूले करियर बनाउने सुझाव दिँदा निर्णय लिन विलम्ब नगर्नुहोला ।

## सिंह

मतान्तरणका बाबजुद परिवारले तपाईंको भावनाको समर्थन गर्नेछ । पहेंला धातु तथा भौतिक सामग्री खरिद गर्न अग्रसर भइनेछ । शुभचिन्तकहरूले विभिन्न जिम्मेवारी सुम्पनेछन् । रातो रंगको प्रयोगले कार्यव्यस्ततालाई सहज बनाउनेछ । मंगलबार तथा बुधबार महत्वपूर्ण कार्य सम्पन्न हुनेछन् ।

## कन्या

पदीय जिम्मेवारीले थप मेहनत तथा समयको अपेक्षा गरेको अवस्था छ । पुराना साथीहरूसँगको जमघटले ओझेलमा परेको सहयोगी भावना पुनः मधुरतामा परिणत होला । साताको अन्त्यमा प्रेमी-प्रेमिकाले भ्रमणको प्रस्ताव राख्न सक्छन्, भावना बुझ्ने प्रयत्न गर्नुहोला ।

## तुला

उन्नति गर्ने तथा परिवर्तनकारी सप्ताह छ । उपल्लो दर्जाका व्यक्तिहरूले महत्वपूर्ण सुझाव दिँदै विभिन्न जिम्मेवार दिलाउनेछन् । कारोबारमा ढिलाइ गर्दा व्यवहारिक कठिनाइको सामना गर्नुपर्ला । साताको अन्त्यमा शिक्षामा लगानी गर्ने प्रस्ताव प्राप्त हुनसक्छ । व्यवसायबाट विशेष फाइदा मिल्नेछ ।

## वृश्चिक

परिणममुखी कार्य सम्पन्न गर्न अझै केही समय कुर्नुपर्ने हुन सक्छ । हितैषीहरूको नौलो प्रस्ताव सुनेर मन दोहोरो मनस्थितिमा पुग्नेछ । समयमै होस पुऱ्याउँदा दुवै जनाको कल्याण हुनेछ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । ईंटा रंगको प्रयोग फाइदाजनक होला ।

## धनु

आफ्नै जुक्ति-बुद्धिले नयाँ कार्य सम्पन्न गरिनेछ । व्यवसायिक योजना तर्जुमा गर्ने क्रममा विदेशीहरूसँग झलाकुसारी हुँदा थप सल्लाह सुझाव पाइनेछ । सवारी साधन तथा वैज्ञानिक उपकरण खरिद हुने सम्भावना छ । पेटसम्बन्धी समस्याले पिरोल्न सक्छ । बाहिरि खानेकुरा खाँदा ध्यान पुऱ्याउनुहोला ।

## मकर

संयम तथा धैर्य नै समस्याको उपयुक्त ओखती सावित होला । नजिकका नातेदारले आफ्ना भनाइ तथा व्यवहार नसच्याउँदा तिक्तता बढ्नेछ । सामाजिक कार्यको नेतृत्व गर्दा अपजस आइलाग्न सक्छ । बोलीको मधुरता कायम गर्न सके बिग्रिसकेका कार्य पुनः उचाइमा पुग्नेछन् ।

## कुम्भ

विद्यार्थी वर्गले अध्ययनका निम्ति एकाग्रतामा जोड दिनुमै कल्याण छ । विपक्षीहरू प्रतिष्ठामा ठेस पुऱ्याउन लागिपरेको अवस्था छ । सूर्यको आराधना गर्न सके सहजता महसुस गर्न सकिनेछ । सहयोगीहरूले दिएको सुझाव मनन गरी चल्न सके आफैंलाई फाइदा मिल्नेछ ।

## मीन

व्यवसायले फड्को मार्दा अरूले डाहा गर्न सक्छन् । तपाईंले अपेक्षा गरेको सहयोग सजिलै प्राप्त हुनेछ । आफ्नो प्रयास दोहोऱ्याउन सके अवसरहरू हातबाट फुत्कनेछैनन् । साताको अन्त्यमा स्वास्थ्यसम्बन्धी समस्या सिर्जना हुनसक्छ । सवारी साधन चलाउँदा संयमित रहनुपर्नेछ ।

**अब हाम्रो पालो**

# तपाईंलाई के देख्दा सबैभन्दा बढी हाँसो उठ्छ ?

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. आफ्नो जीवनबाट कुनै एउटा कुरा हटाउन चाहे के हटाउनुहुन्छ ?

नेपालको राजनीति देखेर ।

**विनोद कार्की**

भातसँग तरकारीको सट्टा चाउचाउ खाएको दृश्य हेर्नुपर्दा ।

**निरोज पोखरेल**

छोरीको मुहारमा मुस्कान देख्दा ।

**रोशन**

केपी ओलीको जोक सुनेर ।

**दिनेशकुमार**

तिर्सना दिदी तीजको गीतमा नाचेको देख्दा कति हो कति हाँस्न मन लाग्छ ।

**प्रवेश थापा**

केपी बाका रमाइला गफ सुन्दा ।

**हिमाल खतिवडा**

केटी देखेर ।

**मूर्च्छित शर्मा**

अहिलेको कर देखेर ।

**वसन्त थापा**

ओली सरकारको शासन देखेर ।

**आरआर पाण्डे**

केपी ओलीज्यूको अनुहार देख्यो कि हाँसो उठ्छ ।

**दिनेश पराजुली**

चित्रबहादुर केसिको थोते दाँत देखेर ।

**भनै तामाङ**

मजस्तो हाँसिराख्ने मानिसलाई केही देख्नै पर्छ जस्तो लाग्दैन ।

**सुनिल निरौला**

आफ्नै अनुहार देखेर ।

आफूले आफैंलाई देख्दा हाँसो उठ्छ । कुरो बेरोजगारीको नि !

**मिलन बोहरा**

बाँदर देखेर ।

**बकुल्लो**

आफूलाई आफैंले कहिल्यै नचिन्ने, अरूलाई धेरै चिन्ने, बुझ पचाएर बोल्ने र अरूको मात्र कमजोरी देखाउँदै आलोचना गर्ने मानिसहरूको बुद्धि देखेर कहिलेकाहीं त आँखामा आँसु नै बग्ने गरी हाँसो उठ्छ ।

**मन्जु पौडेल**

फेसबुकमा लभवाला स्टाटस, नेपालका पत्रकार, डाक्टर अनि कांग्रेस देखेर ।

**ए. पोजेटिभ**

नेताहरू देखेर नि ।

**जीवन तिमिल्सिना**

कुकुरको पुच्छर देख्दा ।

**सिर्देल जी**

ओली सरको पानीजहाज देखेर ।

**सुमन राई**

कम्युनिस्टको शासन व्यवस्थाले हामी सबैलाई हँसाइरहेको छ ।

**ओलीको भाषण**

सरकारले जेमा पनि कर लगा'को देख्दा हाँसो उठ्छ ।

**सुवास कार्की**

नेपाली नेताले जनतामाथि झ्यक्याई-झ्यक्याई कुठाराघात गरिरहँदा पनि तिनै मुर्खलाई चुनाव जिताइरहेको देख्दा अचम्म लाग्नुका साथै हाँसो पनि उठ्छ ।

**विजय भुसाल**

बसिरहेको हाँस उठेको देख्दा एकदमै हाँसो उठ्छ ।

**दिलीप प्रजापति**

नेयमार लडेको देख्दा हाँसिया'थ्यो अस्तिनै ।

**हिराकाजी कुमाल**

हावा कुरा गर्दै हिँड्ने कोही-कोही देखेर ।

**पासाङ मगर**

सन्नी लियोन रोएको देख्दा हाँसो लाग्छ ।

**रेशम अधिकारी**

आफू त हाँस्न मन लागे मुकुन्दे बुराको लाइभ सुनिन्छ ।

**प्रदीप पौडेल**

छिमेकीकी छोरीको ब्वाइफ्रेन्ड देख्दा ।

**ढकाल राजेश**

नेपालका नेताहरू ।

**रामकुमार दोङ**

आफ्नै अहिलेको अवस्था देखेर ।

**गौरव मिश्र**

आलु टाइपका मानिस देख्दा ।

**राजन तिमल्सिना**

एक्सको स्टाटस देखेर ।

**सुल्तान सुल्तान**

कुकुरको बांगो पुच्छर देख्दा ।

**फलिङ डाउन**

अनलाइन मिडियाहरू देखेर ।

**समीक्षा आचार्य**

केपी ओलीले लगा'को ट्याक्स देखेर ।

**विनिता रोमिता**

बुझी-बुझी बुझ पचाउने बुद्धिजीवीहरू देखेर ।

**कृष्णराम धिताल**

कसैले मेसी इज ग्रेटर द्यान रोनाल्डो भनेको सुन्दा लास्टै हाँसो उठ्छ ।

**खेलाडी विजय**

मेरो त हाँसो उठ्ने बानी नै छैन । म अरू नै बानीले ग्रसित छु ।

**शर्मा सुरज**

आफ्ना नेताको जे पनि मीठो मानेर कपाकप खाने कार्यकर्ताहरू देखेर ।

**सिर्देल उमेश**

एउटा विज्ञले सम्बन्धित निकायलाई दिएको सुझावलाई समेत अर्ती दिने भनेर विरोध गर्ने रफु मास्टरलाई सम्झँदा ।

**चालिसे दामोदर**

ओलीले पुसमा पानीजहाज चढ्ने सार्वजनिक निम्तो गरेको देखेर ।

**नारायण भट्टराई**

नहाँस्नुपर्ने कुरामा अट्टहास गर्नेहरूको जमात देख्दा हाँसो लाग्छ, हाँस्नुपर्ने कुरामा चुपचाप बस्नेहरू देख्दा हाँसो लाग्छ अनि रुँदारुँदै कहिलेकाहीं आफ्नै आँसुको नियति देखेर हाँसो लाग्छ ।

**सूचना घिमिरे**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ५१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा



म १९ वर्षीया किशोरी हुं । मेरो महिनावारी सधैं दुई-चार दिन ढिलो चाँडो हुन्छ र मलाई अत्यधिक पीडासमेत हुन्छ । के कारणले यस्तो हुन्छ ? उमेर बढ्दै जाँदा महिनावारीको पीडा कम हुनुपर्ने होइन र ? मलाई सधैं पहिलो महिनावारीजस्तै पीडा हुन्छ । यो दुखाइ सामान्य हो कि होइन ? यसले भविष्यमा कुनै नकारात्मक असर त गर्दैन ?

ना.



### महिनावारी हुँदा किन पेट दुख्छ ?

प्राय: सबैजसो महिलाले महिनावारी हुँदा धेरथोर पीडा भएको अनुभव गरेकै हुन्छन् । आधाजसो महिलाले त बेस्सरी नै दुखेको महसुस गर्छन् । महिनावारीको यस्तो पीडालाई चिकित्सा विज्ञानमा dysmenorrhea भनिन्छ । यस्तो किसिमको दुखाइ तल्लो पेट, कटी प्रदेश pelvic area कम्मर, ढाडको तल्लो भाग वा तिघ्रातिर समेत हुन सक्छ । महिनावारी हुँदा कतिपय महिलालाई तल्लो पेट असाध्यै दुख्न सक्छ र त्यसले सामान्य दैनिक जीवनलाई नै अप्ठ्यारोमा पार्छ ।

महिनावारी हुँदा रगत बाहिर पठाउन पाठेघरमा छिन-छिनमा संकुचन आउँछ र त्यस क्रममा पीडा अनुभव हुन्छ । किशोरावस्थामा पाठेघरको मुख केही खुले पनि तुलनात्मक रूपमा सानै हुने भएकाले तरुण अवस्थाको भन्दा बढी दुख्छ । समय बित्दै गएपछि वा सन्तान जन्माइसकेपछि पाठेघरको मुख पर्याप्त मात्रामा ठूलो हुने भएकाले त्यस्तो धेरै पीडा महसुस हुँदैन । त्यसबाहेक यसरी महिनावारी हुँदा रगत निस्कने क्रममा पाठेघरको भित्री परत बाट prostaglandin रसायन निस्कन्छ, जसले रक्त नसामा संकुचन ल्याउँछ र पाठेघरलाई आवश्यक रक्त प्रवाहमा कमी आई अक्सिजनको मात्रामा कमी आउँछ । यो प्रक्रियामा पनि पीडा हुन्छ । यी दुवै प्रक्रिया महिनावारी चक्रकै अन्तरंग प्रक्रिया भएकाले प्राकृतिक नै हुन् । तपाईंलाई महिनावारी सञ्चालनको प्रक्रियामा हार्मोनको उतारचढावका कारण पीडा हुन्छ, तर कतिपय महिलामा असाध्यै पीडा हुने कारण यी हार्मोनप्रतिको अति संवेदनशीलता हो भनिन्छ ।

स्वस्थ महिलामा अन्य लक्षणको कुरा गर्दा दुख्नुका अतिरिक्त ३ देखि ५ दिनसम्म योनिवाट रगत आउँछ । सामान्यत: महिनावारी चक्र २८ दिनको हुने भए पनि केही महिलामा चाँडोमा २१ दिनदेखि बढीमा ३५ दिनसम्म सामान्य रूपमै हुन सक्छ ।

दुख्नेबाहेक महिनावारी हुनुभन्दा पहिले अन्य लक्षण देखिन्छन् । पेट फुलेजस्तो हुने, चिन्ता बढ्ने, स्तन दुख्ने वा भारी हुने, रुन मन लाग्ने, दिक्क लाग्ने, थकाइ लाग्ने, चिडचिडापन हुने, प्यास लाग्ने, खानाको रुचिमा परिवर्तन तथा गोडा वा अन्य भाग सुन्निने जस्ता कुरा हुन सक्छन् र त्यस्तो स्थितिलाई Premenstrual tension syndrome भनिन्छ । तपाईंलाई त्यस्तो भएको छ कि छैन केही लेख्नुभएको छैन ।

### पीडा कम गर्न के गर्ने ?

पीडा भैरहेका बेला आरामको आवश्यकता हुन्छ । त्यसैले थप आराम तथा सुत्ने प्रयास गर्नुभए हुन्छ, तर नदुखेका बेला भरसक अरूभैं नै दैनिक घरेलु कार्यमा वा पढाइमा व्यस्त रहनुपर्छ । व्यक्तिगत सरसफाइ तथा कब्जियत हुन नदिन विशेष ध्यान पुऱ्याउनुपर्छ । नुनको मात्रा कम गर्दा शरीरमा जम्मा हुने पानी कम हुने भएकाले पनि केही सजिलो हुने कुरा बताइन्छ ।

पीडा कम गर्न तातो वस्तुले जस्तै कि hot water bottle वा बाक्लो कपडा तताएर सेक्न सकिन्छ । तातो पानीले नुहाउँदा पनि पीडा कम गर्न मद्दत पुग्छ । केही तातो पेय पिउँदा वा पेटमा हल्का मालिस गर्दा पनि पीडा कम हुन्छ । महिनावारी भएका बेला कसरत वा व्यायामले पनि पीडा कम गर्न मद्दत गर्छ । तपाईंले औषधी सेवन गरेर पनि पीडा कम गर्न सक्नुहुन्छ ।

### धेरै नै दुखे के गर्ने ?

तपाईंलाई जस्तै केही व्यक्तिलाई अति नै दुख्न सक्छ र घरेलु उपाय वा सिटामोलजस्ता औषधीको सेवन पर्याप्त नहुन सक्छ । यस्तो स्थितिमा आफ्नो दैनिक जीवन, स्कुल अनि निद्राजस्ता कुरामा पनि बाधा पर्न सक्छ । यस्तो भएको स्थितिमा चिकित्सकको सहयोग लिनु आवश्यक हुन्छ । आवश्यकता हेरी चिकित्सकले केही कडा किसिमको पीडा कम गर्ने औषधी, पिसाब लगाउने औषधी वा हार्मोन भएका औषधी दिन सक्छन् । यस्ता हार्मोनयुक्त औषधी परिवार नियोजनको खाने चक्कीमा पनि पाइने भएकाले चिकित्सकले त्यस्तै खाने चक्की दिन सक्नुहुन्छ । यहाँ उक्त चक्कीको प्रयोग गर्भ निरोधका लागि नभएर पीडा कम गर्न हो । मानसिक तनाव वा चिन्ता जस्ता ख्यालै नगरिने कारणहरूले यस्ता समस्या पारिराखेको हुन सक्ने भएकाले तिनलाई हटाउन पनि आवश्यक कदम चाल्नुपर्छ ।

कमै मात्र हुने भए पनि प्राकृतिक रूपमै कुनै रोग विशेष नभै यसरी तल्लो पेट दुख्नेबाहेक अन्य केही खराबी त छैन भनेर पनि हेर्नुपर्छ । यस्तै १० प्रतिशत महिलामा कुनै खराबी हुन सक्छ, जस्तै इन्डोमेट्राईटिस वा पाठेघरमा मासु बढ्नु वा पाठेघरको संक्रमण हुनु आदि । यसका लागि तपाईंले स्त्रीरोग विशेषज्ञको सल्लाह लिनुपर्ने हुन्छ ।

### पछि के असर गर्ला ?


यस्तो पीडा प्राकृतिक कारणले नै भएको हो भने त भविष्यमा केही असर पर्दैन, तर कुनै रोग वा विकार छ भने त्यसैअनुसार असर पर्न सक्ने सम्भावना हुन्छ । त्यसैले सबै भन्दा पहिले कुनै खराबी त छैन भनेर पक्का गर्नु श्रेयष्कर हुन्छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह

# विवाहेत्तर सम्बन्धको समस्या



डा. सुमनराज ताम्राकार

पछिल्लो तथ्यांकअनुसार नेपालमा महिलाको कम, पुरुषको बढी उमेरमा विवाह भएको देखिन्छ । अर्को अध्ययनअनुसार बहुसंख्यक दम्पतीले विवाहपछि नै यौनसम्बन्ध राख्ने गरेका छन् । तीव्र सहरीकरण तथा विकसित मुलुकको देखासिकीका कारण नेपालमा पनि विवाहपूर्व तथा विवाह पश्चात् आफ्नै श्रीमान् वा श्रीमतीबेगरका व्यक्तिसँग समेत सम्बन्ध राख्ने घटना बढ्न थालेका छन् ।

पहिले यस्ता घटना गोप्य हुन्थे वा राखिन्थ्यो, त्यसलाई स्वीकार गरिँदैनथ्यो भने ती घटना तुरुन्तै प्रकाशमा आउँथे ।

यौनकर्मीसँग, जबर्जस्ती यौनसम्पर्क तथा आधिकारिक (कानुनी वा सामाजिक रूपमा) विवाह नगरी सँगै बसी यौन सम्बन्ध राख्ने कार्य पनि विवाहेत्तर सम्बन्ध नै हो ।

वैवाहिक जोडी बेगरको यौनसम्बन्धलाई निरुत्साहित गरिन्छ । कतिपय अवस्थामा कडा कानुनी प्रावधान समेत भए पनि यस्तो कार्य जारी नै छ ।

व्यक्तिपिच्छे यौन चाहना वा यौन सन्तुष्टि फरक-फरक हुने भएकाले आफ्नो यौन असन्तुष्टि वा व्यक्ति विशेषको अन्तर्निहित समस्याको लक्षणका रूपमा विवाहेत्तर सम्बन्धको समस्या उब्जिन्छ । यौन नैराश्यता, अर्को पक्षको यौन भावनाको कदर नगरिँदा, प्रेमिल वातावरण एवं पाकक्रीडामा समय नदिई केवल लैंगिक सम्पर्कमा मात्र केन्द्रित रहँदा, आफ्नो यौन चाहनालाई मात्र प्राथमिकता दिँदा, एकैजनाको यौन सम्बन्धलाई एकोहोरो मान्दा, दुईपक्षबीच यथेष्ट यौन वार्तालाप नहुँदा विवाहेत्तर सम्बन्ध सुरु हुन्छ ।

जे-जति कारणले विवाहेत्तर सम्बन्ध स्थापित भए पनि त्यसका आ-आफ्नै स्वास्थ्य जोखिम पनि छन् । यसमध्ये मुख्य जोखिम अनिच्छित गर्भ नै हो । यदि विवाहेत्तर यौन सम्बन्धका बेला गर्भ नरहने समयको ख्याल राखिएन वा सम्भावित गर्भको रोकथाम गरिएन भने अनिच्छित गर्भ रहन गै सामाजिक बेइज्जतिका साथै गर्भपतनसम्बन्धी जटिलताहरू उत्पन्न हुन सक्छन् । यसका साथै सुरक्षित यौनसम्पर्कमा ध्यान दिइएन भने एचआईभी/एड्सलगायत यौनजन्य संक्रमणले आक्रमण गर्न सक्ने सम्भावना पनि प्रबल हुन्छ ।

कसैगरी विवाहेत्तर यौन सम्बन्धको घटना उजागर भयो वा जनेन्द्रिय विशेषमा कुनै चिनो रह्यो र त्यसको जानकारी आफ्नो वास्तविक यौनसाथीलाई भयो भने यौनहिंसा, सम्बन्ध विच्छेद, हत्या, आत्महत्या जस्ता घटना हुन बेर लाग्दैन । यस क्रममा वास्तविक यौनसाथी आवेशमा आई आफ्नै जीवनसाथीको यौन जननेन्द्रिय क्षत विक्षत पारिदिने, अंगभंग गरी दिनेदेखि ज्यान लिनेसम्मका घटना यदाकदा सुनिँदै आएको छ ।

विवाहेत्तर यौन सम्बन्ध यौन असन्तुष्टि मात्र नभै व्यक्ति विशेषको अन्तर्निहित समस्याको लक्षण पनि हो । विवाहेत्तर यौन सम्बन्धले सफल दाम्पत्य जीवन बिताइरहेको व्यक्ति एकाएक परिवर्तन देखा पर्न सक्छ ।

विवाहेत्तर सम्बन्ध कम गर्ने तथा यौनलाई स्वस्थ बनाउने विभिन्न उपाय छन् । विवाहका बेला गरिएको वाचाअनुरूप पतिव्रता वा पत्निव्रता -एक पति वा एक पत्नी) को नियम अंगीकार गरिनुपर्छ । असन्तुष्टि छ भने आफ्नो चाहना पूरा गर्न हस्तमैथुन, यौन खेलौना लगायतका वैकल्पिक उपाय अबलम्बन गर्न सकिन्छ । वास्तविक तवरमै अर्थात् शारीरिक सम्बन्ध नै राख्ने अपेक्षा वा चाहना छ भने सुरक्षित सम्पर्कमा ध्यान दिनुपर्छ । विवाहेत्तर यौन सम्बन्धका कारण उत्पन्न समस्याको व्यवस्थापनका क्रममा दम्पतीलाई नै मानसिक तथा यौन परामर्शको आवश्यकता पर्न सक्छ । यस क्रममा तत्कालको संकट एवं क्रोध व्यवस्थापनका साथै शारीरिक हिंसा न्यूनीकरण प्रमुख कार्य हो । गल्ती गर्ने र भोगाई सहनेबीच आवश्यक प्रतिबद्धतासहित दाम्पत्य सम्बन्धलाई पुन: स्थापित गर्नेतर्फ सहयोग गर्नुपर्छ ।

## महिला स्वास्थ्य



म १८ वर्षकी भएँ । ५ महिनाअघि मात्र मेरो विवाह भएको हो । मैले कुनै सल्लाहबिना नै परिवार नियोजनको चक्की ३० पटकभन्दा बढी प्रयोग गरिसकें । ३ महिनादेखि मेरो महिनावारीमा थोरै मात्र रगत देखिने गरेको छ र अहिले ३८ दिन भैसके पनि महिनावारी भएको छैन । मैले के गर्नुपर्ला ?

ओ.पी.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

तपाईंले ५ महिनामा ३० पटकभन्दा बढी परिवार नियोजनको कुन चक्की प्रयोग गर्नुभएको हो ? प्रश्नमा उल्लेख छैन । नेपालमा सामान्यत: परिवार नियोजनका दुई किसिमका चक्की उपलब्ध छन् । एउटा नियमित खाने चक्कीमा २१ वटा सेता तथा थप ७ वटा खैरा चक्की (सबैमा नहुन सक्छ) हुन्छन् । यस्तो चक्की नियमित खानुपर्छ र यो प्रभावकारी तथा नवदम्पतीका लागि उपयुक्त गर्भनिरोधक मानिन्छ । तपाईंको प्रश्नका आधारमा तपाईंले प्रयोग गरेको चक्की उक्त चक्कीभन्दा पनि यौन सम्पर्कपछि प्रयोग गरिने आकस्मिक परिवार नियोजनको चक्की हो कि भन्ने अनुमान गर्न सकिन्छ । यो नियमित चक्की होइन । आकस्मिक गर्भनिरोधक चक्कीमा हार्मोनको मात्रा सामान्य चक्कीको तुलनामा निकै बढी हुन्छ र त्यसैले यो प्रभावकारी हुन्छ, तर यो आकस्मिक रूपमा, कहिलेकाहीं प्रयोग गर्नका लागि मात्र हो । यसलाई महिनामा यति नै पटक मात्र प्रयोग गर्न सकिन्छ भन्ने छैन, तर बारम्बार वा धेरै प्रयोग गर्न थाले हार्मोनमा असन्तुलन देखा पर्छ । यसले गर्दा महिनावारीमा गडबडी तथा यसको प्रभावकारितामा कमी आउने हुन्छ ।

# फुटबलको दुर्भाग्य



एक युगमा यस्तो अवसर एक पटक आउँछ । उक्त अवसर पनि गुम्यो भने समस्या मात्र बाँकी रहन्छ । यस्तै रह्यो, एसियाली खेलकुद २०१८ मा सहभागी नेपाली फुटबल टिमको । नेपाल समूह 'डी' मा थियो र त्यसमा जापान र भियतनामविरुद्ध कसैले पनि जितको अपेक्षा गरेका थिएनन् । यद्यपि कसैले पाकिस्तानविरुद्ध पनि हारको अपेक्षा गरेका थिएनन् । जापान र भियतनामविरुद्ध कम अन्तरको हारपछि नेपालसामु नकआउट चरणमा प्रवेशको निकै बलियो अवसर थियो ।

नेपालले पाकिस्तानलाई हराएर ऐतिहासिक प्रदर्शन गर्न सक्थ्यो, तर अन्त्यमा नेपाल त्यही पाकिस्तानसँग पराजित भयो र यही रह्यो, नेपाली फुटबलको दुर्भाग्य । सबैभन्दा पहिले पाकिस्तानकै चर्चा । सबैलाई थाहा छ, पाकिस्तानको फुटबलको स्तर निकै कमजोर छ, आधार नै छैन भने पनि हुन्छ । न त यो खेल पाकिस्तानमा त्यति लोकप्रिय छ । यस्तै-यस्तै कारणबीच पाकिस्तानले चार वर्षपछि कुनै माथिल्लो स्तरको फुटबल खेलेको थियो ।

पाकिस्तानले नेपालको सामना गर्नुअघि भियतनामविरुद्ध ३-० तथा जापानविरुद्ध ४-० को हार बेहोरेको थियो । यता नेपाल भने जापानविरुद्ध १-० तथा भियतनामविरुद्ध २-० ले पराजित भएको थियो । नेपालसामु पूरा अवसर थियो, तेस्रो स्थानमा रहने अनि चार उत्कृष्ट टिम भएर अर्को चरण प्रवेश गर्ने । सन् १९८२ मा नेपालले पहिलो पटक एसियाली खेलकुदको फुटबलमा सहभागिता जनाएको थियो र संयोगले त्यो नै नेपालको पहिलो अन्तर्राष्ट्रिय फुटबलमा औपचारिक सहभागिता थियो ।

त्यतिबेला नेपालको पहिलो खेल कुवेतविरुद्ध थियो र त्यसमा ३-१ ले हारेर पनि नेपालले राम्रो खेलेको थियो । उक्त ऐतिहासिक गोल गरेका थिए- वाईबी घलेले । त्यसयता नेपालले एक गोलसम्म गर्न सकेको छैन, यस्तोमा जित त निकै परको कुरा हो । यो सबै पाकिस्तानविरुद्ध सम्भव थियो । नेपालले उक्त खेलमा एक गोलको सुरुवाती अग्रता पनि लियो, तर दुःखद कुरा के भने त्यो पाकिस्तानको आत्मघाती गोल थियो । त्यसपछि नेपालले दुई गोल खायो र निराशाजनक नतिजा आत्मसात् गऱ्यो ।

उक्त प्रदर्शनले नेपाली राष्ट्रिय टिममा नकारात्मक स्थिति सिर्जना गरिदिएको छ । भलै एसियाली खेलकुदमा सहभागी टिम यू-२३ थियो, तर यो लगभग नेपालकै राष्ट्रिय टिम थियो । फेरि यो स्थिति यस्तो बेला आएको छ, जति बेला बंगलादेशमा हुने साफ च्याम्पियनससिप केही दिन मात्र टाढा छ र टुंगो लाग्न सकेको छैन, अब नेपाली टिमको मुख्य प्रशिक्षक को हुने हुन ? नेपालले जाकार्तामा जापानी प्रशिक्षक ग्यातुकी गोजुको नेतृत्वमा खेलेको थियो ।

यद्यपि उनी नेपाल फर्कन सक्ने स्थितिमा छैनन, किनभने उनीसँग नेपाल प्रवेशको अनुमति छैन र यसअघि उनले जति समय नेपालमा बिताए, त्यो पर्यटक भिसामा थियो । श्रम स्विकृति विना नेपालमा काम गर्दै आएको हुँदा अध्यागमन विभागले उनलाई सन् २०१८ भरी नेपाल प्रवेशमा रोक लगाएको छ । यस्तोमा अब नेपालले कसको नेतृत्वमा साफ च्याम्पियनसिप खेल्ने हो, तय हुन सकेको छैन । यस्तो स्थितिले टिम तथा खेलाडीको मानसिकता कहाँ सकारात्मक हुन्छ र ?

मैदान बाहिर

# राष्ट्रपतिको मोटरसाइकल स्टन्ट



इन्डोनेसियाली राष्ट्रपति जोको विडोडो मोटरसाइकल भनेपछि हुरुक्कै हुन्छन् । उनी मोटरसाइकलप्रतिको आफ्नो प्रेम समय-समयमा प्रदर्शन पनि गरिरहन्छन् । उनको यो प्रेम एसियाली खेलकुदका क्रममा उत्कर्षमै पुग्यो । जोको प्रतियोगिताको उद्घाटन समारोहका लागि आफ्नो भवनबाट पूरा सुरक्षा व्यवस्थाबीच गाडीमै निस्किएका थिए, तर जाकार्ताको ट्राफिक जाममा फसे । त्यसपछि उनले जुक्ति निकाले, आफ्नो गाडी छाडेर मुख्य रंगशालासम्म मोटरसाइकलमा यात्रा गर्ने अनि फुल-हेलमेट लगाएर उनले शक्तिशाली मोटरसाइकलको मद्दतले रंगशालासम्मको यात्रा गरे । यसबीच उनी औपचारिक पोसाकमै थिए । बीच बाटोमा उनले मोटरसाइकल उडाउने काम समेत गरे । यसै कारण उनी उद्घाटन समारोहका लागि ठीक समयमा रंगशाला पुगे । उनको यो मोटरसाइकल स्टन्टबाट इन्डोनेसियाली युवाहरू खुबै प्रभावित भएका छन् । उनको लोकप्रियता पनि ह्वात्तै बढेको छ, तर यसलाई उनका विरोधीहरूले भने मन पराएनन् । धेरैको के आरोप छ भने राष्ट्रपतिले त्यस क्रममा सुरक्षाको ख्याल राखेनन, उनलाई केही भएको भए के हुन्थ्यो ? यति मात्र होइन, यो स्टन्टका लागि उनले अरू कुनै व्यवसायिक चालकलाई प्रयोग गरेर अन्तिम समयमा मात्र आफू प्रस्तुत भएको आरोपसमेत लगाइएको छ । अझ केहीले त के पनि भने अर्को वर्ष हुने चुनावका लागि उनले लोकप्रियताको लोभमा यो काम गरेका हुन् । यस विषयमा राष्ट्रपतिको औचापरिक धारणा बाहिर आएको छैन । यद्यपि उनी मख्ख होलान्, आफ्नो काम र त्यसलाई लिएर आइरहेका प्रतिक्रियाहरू देखेर ।

# जापान, चीन र कोरियामध्ये को राम्रो ?



एसियाली खेलकुदका तीन ठूला शक्ति हुन्, जापान, चीन र दक्षिण कोरिया । एसियाली खेलकुदमा चीनको आधिकारिक प्रवेश अघिसम्म जापानको एकछत्र राज जस्तै थियो । कोरिया पनि पछि मात्र प्रवेश गरेको हो, यो होडमा । अहिले एक प्रकारले सबैभन्दा बढी पदक कसले जित्छ भनेर त्रिकोणात्मक प्रतिस्पर्धा हुन्छ । यी तीन देशबीच अर्थतन्त्रका आधारमा एसियाको सबैभन्दा बलियो देश कुन हो भन्ने होडसमेत चलिरहेको छ । यसैमा खेल क्षेत्र पनि जोडिएको छ । दुई वर्षपछि जापानले फेरि एकपटक ओलम्पिकको आयोजना गर्दैछ र उसको एक मात्र लक्ष्य छ– खेलकुदमा चीन र दक्षिण कोरियालाई उछिन्ने । त्यसैले जापानले त यसपटकको एसियाली खेलकुदलाई ओलम्पिक आयोजनासम्मको प्रारम्भिक यात्रा पनि मानेको छ । यहाँ के पनि निश्चित छ भने जापानको उक्त योजनालाई सजिलै सफल हुन दिने छैनन्, चीन र कोरियाले ।



# जीवन भए मिस्टर एभरेस्ट

ग्यालेक्सी फिटनेस सेन्टर बिर्तामोडका जीवन राईले मिस्टर एभरेस्टको उपाधि जितेका छन् । काठमाडौंमा भदौ १ र २ गते सम्पन्न दोस्रो राष्ट्रव्यापी मिस्टर एभरेस्ट शारीरिक सुगठन प्रतियोगितामा पाँचवटा तौल समूहका ३५ जना खेलाडीलाई पछि पार्दै जीवनले मिस्टर एभरेस्टको उपाधि रक्षा गरेका हुन् ।

उनले ७५ किलोभन्दा माथिको तौल समूहबाट प्रतिस्पर्धा गरेका थिए । जीवनसँगै ग्यालेक्सीकै ललित धिमाल उक्त तौल समूहमा दोस्रो भए ।

यो प्रतिस्पर्धामा ५५, ६०, ६५, ७०, ७५ र ७५ किलो तौलभन्दा माथिका ३६ जना खेलाडी सहभागी भएका थिए । पहिलो चरणमा उत्कृष्ट ६ जना प्रत्येक तौल समूहबाट छानिएका थिए । जीवनले ग्यालेक्सीका तर्फबाट यही भदौमै पोखरामा हुने मिस्टर बुल्समेनमा सहभागिता जनाउने कुरा बताएका छन् ।

# बिच भलिबलको उपाधि पश्चिमाञ्चललाई

पोखरामा सञ्चालित बिच भलिबलको उपाधि पश्चिमाञ्चल भलिबल संघले जितेको छ । फाइनलमा विभागीय सशस्त्र प्रहरीको एपीएफको 'ए' टिमलाई २१-१९, २१-१९ को सोझो सेटमा हराउँदै पश्चिमाञ्चल भलिबल संघले उपाधि जितेको हो ।

पोखराको बाराहीघाटस्थित बिच भलिबल कोर्टमा पश्चिमाञ्चलका भुपेन्द्र गुरुङ र रमेश कार्कीको जोडीले सशस्त्रका कुलबहादुर कार्की र भोजबहादुर विकलाई फाइनलमा हराएका थिए । प्रतियोगितामा पश्चिमाञ्चलका भुपेन्द्र गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए । कास्की जिल्ला भलिबल संघले आयोजना गरेको यो प्रतियोगितामा



४ विभागीय टिम सहित २२ टिमको सहभागिता थियो ।

राजाराम पौडेल

# छनौटमा दुर्लभ अवसर



तस्बिर : क्रिकेटइनेपाल

एकदिवसीय अन्तर्राष्ट्रियको वरीयतामा भारत दोस्रो स्थानमा छ भने पाकिस्तान पाँचौमा । ब्याट्सम्यानको वरीयतामा भारतका विराट कोहली पहिलो र पाकिस्तानका बाबर आजम दोस्रो स्थानमा छन् । बलरतर्फ जसप्रित बुमराह नम्बर १ मा छन् भने पाकिस्तानका हसन अलि नम्बर ३ मा । यिनै विराट र बाबरविरुद्ध नेपाली बलरले बलिङ गर्दा कस्तो हुँदो हो ? अनि तिनै जसप्रित र हसनको नेपाली ब्याट्सम्यानले सामना गर्दा कस्तो हुँदो हो ? यी कल्पना नै रोमाञ्चित तुल्याउन पर्याप्त छन् ।

यद्यपि यी कल्पना चाँडै पूरा हुन सक्छन्, यदि नेपालले एसियाकप छनौट जित्न सक्यो भने । सबैभन्दा पहिले एसियाकपकै चर्चा । यही वर्षको सेप्टेम्बर १५-२८ सम्म यूएईमा एसियाकप हुँदैछ । यसको समूह 'ए' मा भारत, पाकिस्तान र छनौट हुने देश छन् । अर्को समूह 'बी' मा श्रीलंका, बंगलादेश तथा अफगानिस्तान छन् । भारत र पाकिस्तानविरुद्ध खेल्ने तेस्रो टिमको निर्णय हुनेछ, छनौट प्रतियोगिताबाट । यही प्रतियोगिता मलेसियामा हुँदैछ, अगस्ट २९ देखि सेप्टेम्बर ६ सम्म ।

नेपालसँगै यो छनौट प्रतियोगितामा कुल ६ टिम छन् । यी टिमबीच सुरुमा लिग चरणका खेल हुनेछन्, अर्थात तीनवटै टिमले एकले अर्कासँग एक/एक पटक खेल्नेछन् । लिग चरणको अन्त्यमा शीर्ष दुई स्थानमा रहनेले फाइनलको यात्रा तय गर्नेछ र उसले मौका पाउने छ, भारत र पाकिस्तानविरुद्ध खेल्ने । यी ६ टिममध्ये नेपाल र यूएईलाई एकदिवसीय टिमको मान्यता प्राप्त छ । अरू एकदिवसीय मान्यता नभएका टिम हुन्- हङकङ, मलेसिया, ओमान र सिंगापुर ।

अहिले नेपाली टिम श्रीलंकामा अभ्यासरत छ । यसै साता नेपाली टिम त्यसतर्फ लागेको हो । क्यारेबियन क्रिकेट लिग खेलिरहेका सन्दीप लामिछाने भने त्यहाँबाटै श्रीलंका पुगेका हुन् । यो छनौटमा अनुभवी क्रिकेटर शरद भेषवाकर भने सहभागी छैनन् । उनी नेदरल्यान्ड्सविरुद्धको पहिलो एकदिवसीयमा चोटग्रस्त भएका थिए । उनको चोट निको हुन अझै समय लाग्ने हुँदा उनले खेल्ने सम्भावना समाप्त भएको हो ।

एसियाकप छनौटलाई नेपाली क्रिकेट टिमका कप्तान पारस खड्काले कसरी लिइरहेका छन् त ? श्रीलंका जानुअघि पारसले नेपाली मिडियासँग लामै कुराकानी गरे । उनको भनाइ थियो, 'यो चुनौती र अवसर दुवै हो । एसियाकप छनौट पक्कै पनि सजिलो हुने छैन, यो उत्तिकै चुनौतीपूर्ण पनि रहनेछ । यद्यपि यो नेपालका लागि सुन्दर अवसर पनि हो । हामी यो अवसर गुमाउन चाहँदैनौं ।' आखिर भारत र पाकिस्तान जस्ता टिमविरुद्ध खेल्ने अवसर कसले गुमाउन चाहन्छ र ?

यो यस्तो अवसर पनि हो, जुन बारम्बार दोहरिएर आउनेछैन । यसमा पारस पनि सहमत छन् र उनले भनेका छन्, 'हामीले निरन्तर क्रिकेट खेलिरहेका छौं । हामीले एसियाकप छनौटमा आफ्नो पूरा क्षमता लगाउनेछौं । यस्तो अवसर पक्कै धेरै पटक आउँदैन । टिमका रूपमा हामी सबै एसियाकप खेल्न तयार छौं ।' यसको पहिलो कारण हो, नेपाली राष्ट्रिय क्रिकेट टिमले लगातार क्रिकेट खेलिरहेको धेरै भैसकेको छ । त्यसैले लय समात्न गाह्रो हुने छैन । पारस नेपालका अरू पाँच प्रतिद्वन्द्वी टिमलाई सजिलो मान्ने पक्षमा छैनन् । उनले भनेका छन्, 'हामीविरुद्ध खेल्ने सबै टिम उस्तै छन्, कसैलाई कमजोर मान्न मिल्ने अवस्था छैन ।' उनको विश्लेषणमा नेपाललाई सजिलो टिम मान्ने भुल पनि अरू टिमले गर्ने छैनन, किनभने नेपाल वान डे मान्यता प्राप्त टिम हो र यो अवसर नेपालसँग आउने चार वर्षका लागि सुरक्षित छ । त्यसैले एसियाकप छनौटमा राम्रो खेल्ने जिम्मेवारी नेपाली टिमको पनि हो ।

'एसिया कप छनौट पक्कै पनि चुनौतीपूर्ण छ । यो एउटा सुन्दर मौका पनि हो । हामी यो सुन्दर मौका गुमाउन चाहँदैनौं,' पारस भन्छन्, 'हामी निरन्तर क्रिकेटमै छौं । हामी आफ्नो प्रदर्शनलाई एसिया कप छनौटमा पूरा प्रयोग गर्नेछौं । यस्ता अवसरहरू बारम्बार आउँदैनन् । एक टिमका रूपमा हामी एसिया कप छनौटका लागि तयार छौं ।'

यस्तै पारसले एसिया कपमा छनौट हुँदै भारत र पाकिस्तानजस्ता देशसँग खेल्ने अवसर खेर नफाल्ने बताए । 'वर्षैभरि एक भएर क्रिकेट खेल्दै जसोतसो नतिजा आफ्ना पक्षमा ल्याइरहेका छौं । हामी आफ्नो 'बेस्ट एफोर्ट' लगाउँनेछौं । हामी एसिया कपमा छनौट हुने लक्ष्यका साथ मलेसिया जाँदैछौं ' कप्तान खड्काले भने, 'डिभिजन-२ र ३ मा हुँदा नै हामीले २०१४ मा विश्वकप खेलेका थियौं । विश्व क्रिकेट लिग डिभिजन र र्‍याङकिङ आफ्नो ठाँउमा छ । ओडिआई पाएको हैसियतमा हामीमाथि दबाब र जिम्मेवारी पनि उत्तिकै छ ।'

चार वर्षका लागि एक दिवसीय मान्यता पाएका कारण यसपटक नेपालले आफूलाई प्रमाणित गर्ने मौका आएको पारसले बताए । उनले ओडिआइए मान्यता पाइसकेको अवस्थामा अब ब्याटिङ बलियो, ब्याटिङ कमजोर भन्ने टिप्पणी बन्द गरी ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै डिपार्टमेन्टमा राम्रो प्रदर्शन गर्नुपर्ने बताए । सन्यास र चोटका कारण केही सिट खाली हुँदा विनोद भण्डारी र सागर पुनले टिममा पुनरागमन गरेको बताउँदै पारसले नेपाली टिममा पर्न खेलाडीहरूबीच प्रतिस्पर्धासमेत बढिरहेको टिप्पणी गरे ।

# नेपाली क्रिकेट हेर्ने स्वदेशी साइट

आभाष अधिकारी

## Cricnepal

सन् २०१० को नोभेम्बरदेखि सञ्चालनमा आएको यो वेबसाइटले घरेलु तथा अन्तर्राष्टिय क्रिकेटलाई समेट्दै आएको छ । यो साइटमा क्रिकेटसम्बन्धी समाचार, लेख, फोटो, लाइभ स्कोरजस्ता विषयवस्तु समेटिएका छन् । नेपाली क्रिकेट साइटहरूमध्ये सामाजिक सञ्जालमा सबैभन्दा राम्रो फ्यान फलोइङ भएको वेबसाइट Cricnepal नै हो ।

## Wicketnepal

अगस्ट २०१६ मा स्थापना भएयता यो साइटले छोटो समयमै आफूलाई नेपाली क्रिकेटको खुराकका लागि विश्वसनीय र भरपर्दो गन्तव्यका रूपमा उभ्याएको छ । अनुभवी लेखकहरू तथा स्तरीय लेखनशैली यो साइटको प्रमुख विशेषता हो । विगत एक दशकदेखि नेपाली क्रिकेटमा संलग्न युवाहरूको समूहले सञ्चालनमा ल्याएको यो वेबसाइट हाल नेपाली क्रिकेट समर्थकहरूबीच लोकप्रिय छ । भरपर्दो तथा समयमै समाचार सम्प्रेषण गर्दै आएको यो साइट सामाजिक सञ्जालमा पनि निकै लोकप्रिय छ । नेपाली भाषामा केन्द्रित यो साइटमा केही मात्रामा भने अंग्रेजी सामग्रीलाई पनि स्थान दिइएको छ ।

यो साइट नेपाली क्रिकेट फ्यान्स अन फेसबुक नामक फेसबुक ग्रुपका संस्थापक समेत रहेका विराट रायको नेतृत्वमा सञ्चालन भैरहेको छ ।

## Cricketingnepal

नेपालका व्यावसायिक पत्रकारहरूको एउटा समूहले सञ्चालन गरेको यो वेबसाइटले नेपाली क्रिकेटलाई दर्शकमाझ पुर्‍याउने काम गरिरहेको छ । लामो समयदेखि नेपाली क्रिकेट बुझेका र यही विषयमा कलम चलाउँदै आएका पत्रकारको समूहले चलाएको तथ्य यो साइटका लेख रचनाको




स्तरीयताले पनि देखाउँछ ।

Cricketingnepal ले नेपाली तथा अंग्रेजी दुवै भाषामा सामग्री प्रदान गरिरहेको छ । यो साइटमा प्रयोग भएका स्तरीय तस्बिर तथा भिडियोको श्रेय अनुभवी फोटोपत्रकार कौशल अधिकारीलाई जान्छ । नेपाली क्रिकेटसँग राम्रोसँग भिजेका अन्य पत्रकार तथा संवाददाता पनि cricketingnepal मा आबद्ध भएको हुनाले यो साइटले नेपाली क्रिकेट समर्थकको आवश्यकता अनुसारकै प्रस्तुति दिने प्रयास गर्दै आएको छ ।

## Crickethimalaya

दर्शकलाई क्रिकेटसम्बन्धी जानकारी, समाचार तथा लेख उपलब्ध गर्ने मात्र नभएर क्रिकेट समर्थकहरूलाई आफ्नो धारणा तथा अभिव्यक्ति प्रकाशन गर्ने अवसरसमेत प्रदान गर्ने उद्देश्यले यो वेबसाइट सञ्चालनमा आएको हो । विशेष गरी घरेलु क्रिकेटको जानकारीका लागि यो साइट उपयुक्त देखिन्छ । Crickethimalaya ले जिल्ला तथा स्थानीय स्तरमा हुने क्रिकेट गतिविधि तथा प्रतियोगिताहरूलाई प्रभावकारी रूपमा आफ्नो खुराक बनाएको पाइन्छ । यो साइटले नेपाली तथा अंग्रेजी दुवै भाषामा सामग्री राखे पनि नेपाली भाषालाई नै प्राथमिकतामा राखेको छ ।

## Letzcricket

नेपाली तथा अन्तर्राष्टिय क्रिकेटसम्बन्धी जानकारी, समाचार तथा खुराकका लागि उपयुक्त यो वेबसाइट विगत २ वर्षदेखि सक्रिय छ । क्रिकेटलाई नजिकबाट नियालेका इन्जिनियरहरूको समूहले सञ्चालनमा ल्याएको यो साइटले लाइभ स्कोर, समाचार, प्लेयर प्रोफाइल, लेख रचना, अन्तर्वार्ता आदि सामग्री समेटेको छ ।

अन्तर्राष्टिय स्तरको क्रिकेट गतिविधिमा बढी केन्द्रित रहे पनि यो साइटबाट नेपाली घरेलु क्रिकेटको जानकारीसमेत प्राप्त गर्न सकिन्छ । फ्यान्टासीजस्तो प्राविधिक रूपमा जटिल तथा नयाँ आयामहरूमा नेपाली क्रिकेटलाई अघि बढाउने उद्देश्य लिएको यो साइटले आगामी दिनहरूमा पनि अरू नयाँ परीक्षण गर्ने योजना बनाएको छ ।

Letzcricket ले नेपाली तथा अंग्रेजी दुवै भाषामा वेबसाइट तथा मोबाइल एपको माध्यमबाट दर्शकहरूमाझ क्रिकेटसम्बन्धी खुराक प्रकाशित गर्दै आएको छ ।

Letzcricket का संस्थापक रितेश घिमिरेका अनुसार यो साइट समाचार तथा जानकारी दर्शकमाझ पुर्‍याउने कार्यमा मात्र सीमित नरहेर समग्र नेपाली क्रिकेटमा प्रविधिको प्रयोगलाई अझ प्रभावकारी बनाउने उद्देश्य लिएको छ र त्यसकै सिलसिलामा अनलाइन क्रिकेट फ्यान्टासीको सफल प्रयोगसमेत गरेको छ । माथि उल्लिखित वेबसाइटको अतिरिक्त cricketconcern.com, hamronepalcricket.com तथा merocricket.com आदि अन्य केही वेबसाइट पनि क्रिकेटमै केन्द्रित रहेर सञ्चालनमा छन् ।

समय सन्दर्भ

# पाँचपोखरीको यात्रा



अधिकारी रवीन्द्र

देशले यो साता जनैपूर्णिमा मनाउँदैछ। बौद्ध र हिन्दू धर्मावलम्बीहरू जनैपूर्णिमामा कठोर यात्रा गर्दै विकट तथा उच्च पहाडी भेगमा रहेका धार्मिक तीर्थस्थल पुग्छन्। यसका लागि रसुवाको गोसाइँकुण्ड प्रचलित छ भने उत्तिकै महत्वपूर्ण तर चर्चामा नआएको अर्को ठाउँ हो - पाँचपोखरी जहाँ पूर्णिमामा ठूलो मेला लाग्छ।

सिन्धुपाल्चोक जिल्लास्थित यो क्षेत्र दुईवटा फरक मार्गबाट पुग्न सकिन्छ- चौताराबाट कामीखर्क, पौवाबास र हिलेभन्ज्याङ हुँदै नासिमपाटी तथा मेलम्चीबाट तिपेनी, थाङपाल धाप, भोताङ हुँदै नासिमपाटी। दुबै ट्रेल ३७०० मिटरमा अवस्थित नासिमपाटीमा पुगेर मिसिन्छ र त्यहाँ बाट ४-५ घण्टा हिँडेपछि पाँचपोखरी पुगिन्छ। मेलम्चीबाट जाने बाटो छोटो तर बढी ठाडो छ। गत वैशाख १५ गते राजकुमार श्रेष्ठ तथा रत्न बन्जारासँग पाँचपोखरी पुग्दा मैले एउटा बेग्लै अनुभूति सँगाल्ने अवसर पाएँ।

बिहान ६ बजे हामी बनेपाबाट गाडी चढेर ९ बजे मेलम्ची पुगी खाना खायौँ। ७ बजे काठमाडौंको नारायणटार बसपार्कबाट छुटेर आउने गाडी त्यहाँबाट ११ बजे भोताङका लागि प्रस्थान गर्दो रहेछ। झन्डै ४ घण्टा कच्ची बाटोको बसयात्रापछि छिम्ती पुगियो। त्यहाँबाट ट्रेकिङ थालियो देउरालीसम्मको। देउरालीमा काठका कटेरामा बसेर भोलिपल्ट ५ बजे बिहानै उकालो लाग्न थाल्यौँ। बाटोको मनमोहक दृश्यले अस्वभाविक उकालो बिर्साउने प्रयास गर्‍यो। रातो र सेतो गुराँसले पुरै बन ढकमक्क थियो। क्षणक्षणमै मौसम परिवर्तन हुन्थ्यो- घाम, बादल, बर्षा, असिना, कुइरो। घनघोर पानी परेका बेला चौँरीगोठमा गोठाला दाईहरूले आगो बालेर र चौँरीको दुध ख्वाएर जिउ न्यानो पार्न सहयोग गर्नुभयो।

जुगल हिमशृंखलाका तीन चुचुरा दोर्जे लाक्पा, फुर्बी छ्याचु तथा मादियालाई देब्रे पारेर हामी निरन्तर उकालो चढिरह्यौँ। चकलेट, काजु, स्याउ तथा अनारको शक्ति भर्दै ओढार, चौतारा तथा देउरालीहरूमा पिठ्युको भारी बिसाँउदै अनि थकानका सुस्केरा प्रकृतिलाई छोड्दै हामी अघि बढ्दैथ्यौँ। त्यस क्रममा नासिमपाटी नजिकिँदै जाँदा लेक लाग्न थाल्यो। हिँड्न नसकिने, बढी नै स्वाँ स्वाँ हुने, रिँगट्टा लाग्ने र आँखा अगाडि छिनछिनमा अन्धकार छाउने भएपछि हामी निकैबेर एउटा काठको छाप्रोमा आगो बालेर बस्यौँ अनि अदुवा-लसुन पोलेर खायौँ, खाजा खायौँ। एसिटाजोलामाइडको चक्की खाएपछि बल्ल राहत महसुस भयो। नासिमपाटीमा पुगेर नुनिलो चिया खाइयो। चौताराबाट आएको ठूलै समूह त्यहाँ जम्मा हुँदै थियो। नासिमपाटीमा दालभात ख्वाउने र सबैजना लहरै सुत्न मिल्ने दुई चारवटा ढुङ्गे घर छन्। ती सबै सिजनमा मात्र खुल्छन्, अन्य समयमा बन्द रहन्छन्।

स्थानीय बासिन्दाहरूले बताएअनुसार अझै तीन घण्टा छ पाँचपोखरी पुग्न। तीन बजेको छ, हामी लम्कियौँ। उजाड पहाडका ठाडा उकालाहरूमात्र हाम्रा अगाडि थिए। स-साना पोथ्रा बाहेक हरियाली केही छैन। पहिरो झर्ने खतरानाक बाटोबिच यात्रा अघि बढाउनु थियो। ठाउँठाउँमा आफसेआफ ढुङ्गाहरू खसिरहन्थे। अलिक डाँडो जस्तोमा घरिघरी मोबाइलका टावर लाग्दो रहेछ। भाग्य भए काठमाडौं फोन लगाई 'हेलो म पुग्न आँटे' सम्म भन्न भ्याइन्छ।

स्याल्दर ओडेर असिना छल्दै दुईवटा पाइलै नसर्ने उकालाहरू सिध्याँउदा बेलुकाको सात बज्यो। हामी लौरीबिना पुग्यौँ। 'उकालो सिद्धियो अब लौरी बिनानै हिँड्नुहोस्' भनेर उक्त ठाउँको नाम लौरीबिना राखिएको रहेछ। फर्केर आउँदा देखियो बिसाइएका लठ्ठीहरूको ठूलो चाङ थियो त्यहाँ। अब उप्रान्तको यात्रा उत्तरतिरको थियो, गल्छेडो उता मुटु चिर्ने चिसो हावा बहेको छ। टर्चलाइट बालेर हेर्दा देखिनेसम्म सेताम्मे हिँउमात्र छ। ओरालो झर्दा बाक्लो हिँउ पर्न थाल्यो। अघिल्लो हुलका यात्रुहरूले बनाएका जुत्ताका डोब क्रमशः मेटिँदै पूरै हरायो। अब लगभग हामी छलियौँ। तैपनि अँध्यारोमा पाइला नाप्दै बत्ती बालेर अन्दाजमा हिडिरह्यौँ। हामी तीनै जनाका लागि त्यो गन्तव्य पहिलो थियो। बाटो अझ ओरालो भएकाले शशंकित भयौँ, कतै यो चौताराबाट आउने बाटो त होइन ? जे पर्ला-पर्ला, रत्नको अफलाइन म्यापकै भरमा हिँड्ने निर्णय गरियो। त्यसले पनि भरपर्दो नतिजा देखाइरहेको थिएन। आखिर आपत परेका बेला आत्मविश्वास बाहेक केहीले काम नगर्दोरहेछ।

अँधेरीमा हिँउको यात्रा अतिनै जोखिमपूर्ण हुँदो रहेछ। कहाँ टेक्दा के हुन्छ टेकिसकेपछि मात्र थाहा हुने। कि चिप्लिने, कि ग्वाम्लाङ्ग भड्खारोँ फसिने। जुत्तामोजा र जिउभित्र पूरै हिउँ पसेको छ। चिसो हावा डरलाग्दो आवाजमा बहन थालेपछि सक्दै सकिएन, तीनै जना झोला खोलेर भएभरका लुगा जिउमा बेर्न थाल्यौँ। त्यसबीच एउटा हुरीको झोक्काले हातमा रहेको मोबाइल हिँउमा खसाल्यो। मसँग अब बत्ती पनि भएन। रत्नको लाइटर पनि धुमिल भैसकेको थियो। राजकुमारको एउटा टर्चले गन्तव्य फेला पार्नु थियो।

अब एकचोटि उकालो जाने, होइनरहेछ भने फेरि ओरालो फर्कने त्यो पनि होइन रहेछ भने यहिँ कतै छेकटो खोजेर रातभरी आपसमा गुँडुल्केर ननिदाई रात काट्ने योजना बनाएर हामीले आफ्नो सेल्फी स्टिक त्यहाँ गाड्यौँ। उकालो लाग्दा हामी यति रफ्तारमा दौडियौँ कि यस्तो शक्ती अघिनै आएको भए अन्धकारमा यस्तो दुर्दशा भोग्नु त पर्दैनथ्यो भन्ने सोच आयो। चिच्याउँदा कसैले सुन्ला कि भनेर 'हेल्प' भन्न छोडेनौं। मानिसको एउटा खिरिलो आवाज वा बत्तिको सानो प्रकाशको महत्व हामीले त्यति बेलै बुझ्यौं। अन्ततः दुई सिमसारवीचबाट ढुङ्गाले चिरेको ठाउँ आएपछि म उफ्रिएँ। साथीहरू दङ्ग परे। मैले भनेँ- हामी आइपुग्यौँ। त्यो पाँचपोखरिको ल्यान्डमार्क मैले युट्युब भिडियोमा देखेको थिए। तीनै जनाको आँखाबाट आँसु आयो जब हामीले केही सेकेन्डमै निकै पर बत्तीको धिपधिपे उज्यालो देख्यौं।

www.facebook.com/AdhiQarie/
ravinems@iom.edu.np







कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल।